नेपाल निजामती कर्मचारी संगठन
केन्द्रीय परिषद्को १३औं बैठकबाट पारित

# सांगठनिक प्रतिवेदन

२४, २५ चैत्र २०६८, चितवन, भरतपुर

**आदरणीय अध्यक्षज्यू,**
**केन्द्रीय परिषद् सदस्य एवं पर्यवेक्षकज्यूहरु,**
**हार्दिक अभिवादन ।**

केन्द्रीय परिषद्को १३औं बैठकमा उपस्थित परिषद् सदस्य एवं पर्यवेक्षकज्यूहरु आज हामी **"नयाँ संविधानमा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान, राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"** भन्ने मूल नाराका साथ २०६६ माघ १५-१८ भैरहवामा सम्पन्न **"आठौं राष्ट्रिय अधिवेशन"** ले अगाडि सारेका कार्यनीति कार्यभार, महत्वपूर्ण कार्यक्रम र गतिविधिहरुको मूल्याङ्कन गर्दै हाम्रा कार्यभार र बाटाहरुको वस्तुगत समीक्षा गर्ने महत्वपूर्ण अभियानमा जुटेका छौं ।

मानव अधिकार, लोकतन्त्र, शान्ति, स्वतन्त्रता र सुशासनका पक्षमा लड्दा शाहदत प्राप्त गर्नु हुने आदरणीय शहीद मनोज जोशी -झपेन्द्र कार्कीलगायत इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । असामयिक निधन हुनु भएका संगठनका पदाधिकारी, सदस्य, शुभेच्छुक एवं परिवारजनप्रति गहिरो दुःख एवं श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारका सदस्य र आफन्तजनप्रति समवेदना व्यक्त गर्दछु । सरकारको गैह्र जिम्मेवारीपन र शान्ति सुरक्षाको फितलो व्यवस्थापनका कारणले भएका अपहरण, जबरजस्ती चन्दा असुली, कुटपिट र हत्या जस्ता अमानवीय कार्यप्रति घोर भर्त्सना र निन्दा गर्दछु ।

**केन्द्रीय परिषद् सदस्य एवं पर्यवेक्षक मित्रहरु,**
अब म आठौं राष्ट्रिय अधिवेशनले अघि सारेका कार्यनीति र कार्यभारको समीक्षा, केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रम, नेपालको सार्वजनिक प्रशासनको अवस्था, निजामती प्रशासनमा देखिएका समस्या, चुनौती र समाधानका उपाय, संगठनको प्रयत्नबाट प्राप्त भएका उपलब्धी, यस अवधीमा सम्पन्न भएका महत्वपूर्ण सांगठनिक गतिविधि, संगठनको आगामी कार्यभार सहितको सांगठनिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**मित्रहरु,**
२०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिवाट लोकतान्त्रिक व्यवस्थाको पुर्नस्थापना भई संघीय गणतन्त्रको स्थापनार्थ मुलुक अगाडी वढिरहेको छ । लोकतन्त्रमा जनताका अपेक्षा जनपक्षिय संविधानको निर्माण, दिगो शान्ति, सुरक्षा, अमनचैन, आर्थिक, सामाजिक साँस्कृतिक विकास, पूर्वाधारको निर्माण, जनजीविकाका सवाललाई उच्च प्राथमिकतामा राखी गरिवी न्यूनिकरण, भ्रष्टाचारको नियन्त्रण, सामाजिक सद्भाव, सामाजिक सुरक्षा लगायतका विषय थिए तर ती सवालहरु हाल प्राथमिकतामा परेको देखिंदैन । यसको उल्टो दण्डहीनताले प्रश्रय पाएको, भ्रष्टाचार, कालावजारी, नाफाखोरी, कमिशनतन्त्रले मलजल पाएको देखिन्छ । वर्तमान सरकार आवरणमा कम्युनिष्ट नेतृत्व भनिएपनि विश्व पूँजीवादका विरुद्ध वैज्ञानिक समाजवादी आन्दोलनका सवल पक्षहरुको पुष्ट्याँई गर्ने तर्फ सरकारको ध्यान गएको देखिदैन । शान्ति, संविधान र जनजीविकाका विषयमा भन्दा सत्ता प्राप्तिको दौडमा राजनैतिक दलको महत्वकांक्षा बढेकाले जनतामा निराशा बढ्दै गएको सन्दर्भमा अब म, नेपालको वर्तमान राष्ट्रिय परिस्थिति बारे संक्षिप्त चर्चा गर्ने अनुमति चाहन्छु ।

**वर्तमान राष्ट्रिय परिस्थिति :**

**राजनैतिक अवस्था :** शान्तिपूर्ण जनक्रान्तिको परिणाम स्वरुप २३८ वर्ष पूरानो सामन्ती राजतन्त्रको अन्त्य भई मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भएको छ । शान्ति र संविधानलाई निष्कर्षमा पुऱ्याई मुलुकमा दिगो शान्ति, आर्थिक, सामाजिक, भौतिक रुपान्तरण गरी देशको आमूल परिवर्तनको जनअपेक्षा पूरा गर्ने अभियानमा मुलुक संक्रमणकालिन अवस्थामा रहेको छ । वर्तमान संक्रमणकालिन अवस्थालाई अन्त्य गर्न जिम्मेवार राजनैतिक दलहरुले लामो समय गुजारी सकेका छन् । २०६९ जेठ १४ भित्र नयाँ संविधान जारी गर्ने समय सीमाका बीच राजनैतिक दलहरु समझदारी र सहमति निर्माण गर्ने कसरतमा रहेका छन् । तर पनि उल्लेखित उपलब्धिको नजिक पुग्न सकिरहेको देखिदैन । केही प्रमुख राजनीतिक घटनाक्रमलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु :-

- २०६४ चैत्र २८ गते सम्पन्न संविधानसभाको ऐतिहासिक निर्वाचनपछि एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा गणतन्त्र स्थापनापछिको प्रथम निर्वाचित सरकार गठन भएकोमा नेपाली सेनामाथि अनावश्यक हस्तक्षेपका कारण विवाद सृजना भई मिति २०६६।२।८ मा सरकारबाट वहिर्गमन भएको थियो ।
- मिति २०६६ जेष्ठ १९ गते नेकपा (एमाले) का वरिष्ठ नेता माधव कुमार नेपाल संविधानसभामा रहेका एनेकपा माओवादी बाहेकका बहुमत दलको समर्थनमा प्रधानमन्त्रीमा निर्वाचित हुनु भएको थियो । एनेकपा माओवादीको तीव्र प्रतिरोधका वावजुद माओवादी सेनालाई विशेष समिति मातहत ल्याउन सफल, एनेकपा माओवादीका गैर राजनीतिक अलोकतान्त्रिक र हतियारदम्भका विषयमा प्रतिरोध गर्न केही हदसम्म सफल भएको ।
- शान्ति र संविधानलाई निष्कर्षमा पुऱ्याउने उद्देश्यकासाथ राष्ट्रिय सहमतिको सरकार गठनका लागि नेकपा (एमाले) का वरिष्ठ नेता माधव कुमार नेपालबाट मिति २०६६ असार १६ गते राजिनामा दिए पनि २०६७ माघ १९ सम्म नयाँ सरकार गठन हुन नसकि देश अनिर्णयको बन्दी भएको, शान्ति र संविधानको कार्य अन्यौलमा परेको ।
- अन्तिम समयसम्म सहमतीय सरकारको प्रयास गर्दा समेत सहमतीय सरकार गठन हुन नसकेपछि एनेकपा माओवादी समेतको समर्थनमा नेकपा (एमाले) का अध्यक्ष झलनाथ खनाल बहुमतीय प्रधानमन्त्रीको रुपमा मिति २०६७ माघ २० गते निर्वाचित हुनु भएको ।
- नेकपा (एमाले) र एनेकपा माओवादीबीच शान्ति र संविधानलाई निष्कर्षमा पुऱ्याउने विषयमा भएको सम्झौता विपरित एनेकपा माओवादीको असहयोग एवं गैर जिम्मेवार व्यवहारका कारण मिति २०६८ भदौ १० गते सहमतीय सरकार गठनका लागि बाटो खुला गर्ने प्रधानमन्त्री झलनाथ खनालबाट राजिनामा दिनु भएको ।
- राष्ट्रिय स्वार्थको प्रतिकूल चार बुँदे सहमतिको जगमा मधेशी दलहरुको समर्थनमा संविधानासभाको निर्वाचनपछि चौथो प्रधानमन्त्रीको रुपमा डा.बाबुराम भट्टराई मिति २०६८ भदौं ११ गते निर्वाचित हुनु भएको ।
- सुशासन, भ्रष्टाचारमा शुन्य सहनशीलता र मितव्ययिताको नाराका साथ गठन भएको वर्तमान सरकार नेपालको इतिहासमा सबैभन्दा ठूलो ४९ सदस्यीय मन्त्रिमण्डलको गठन, चरम भ्रष्टाचार, कुटनीतिक रुपमा असफल, शान्ति र संविधानको अपेक्षित प्रगति हुन नसक्नु, स्वयं प्रधानमन्त्री र मन्त्रीबाट राष्ट्रिय हित विपरितका अभिव्यक्ति सार्वजनिक हुनु, आफ्नै मन्त्री मण्डलका सदस्यहरुले खुला रुपमा देश टुक्र्याउने अभिव्यक्ति दिनु, सर्वोच्च अदालतबाट बहालवाला मन्त्री भ्रष्टाचारी ठहर भई जेल चलान हुनु, सुशासन ऐन, २०६४ विपरित प्रशासनमा नांगो हस्तक्षेप गर्नु, राष्ट्रिय ढुकुटीको व्यापक अपचलन, दण्डहीनताको पराकाष्टा लगायतका विषयमा यो सरकार इतिहास कै सर्वाधिक असफल र वद्नाम सरकारको रुपमा चित्रित हुन पुगेको ।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले आन्तरिक गुटबन्दीको अन्त्य भएको घोषणा गर्दै २०६८ फागुन २१ र २२ गते काठमाडौं भव्यतापूर्वक प्रतिनिधि परिषद्को बैठक सम्पन्न गर्दै राष्ट्रिय र अन्तराष्ट्रिय

रुपमा राजनीतिक ध्यानकर्षण गराउन सफल भएको छ ।

**सामाजिक र साँस्कृतिक अवस्था :-**

सामन्ती राजतन्त्रको समुल अन्त्य गरी लोकतन्त्रको स्थापनार्थ अगाडि वढीरहेको अवस्थामा देशमा रहेका सवै जातजाति, धर्म, संस्कृति र वर्ग वीच भातृत्व एवं आत्मीय सम्बन्धको विकास हुने वातावरण बन्नु पर्नेमा धनी र गरिव वीचको खाडल बढ्दै गएको छ । भ्रष्टाचार, कालाबजारी र कमिशनतन्त्रले स्थान पाईरहेको छ । आर्थिक अवस्थालाई समावेशीकरणको आधार बनाउनु पर्नेमा जातको आधारमा समावेशीकरणलाई अगाडि बढाउँदा ठालु हस्तक्षेप (Elite Capturing) लाई बढावा दिएको देखिन्छ । सामाजिक न्याय र सुरक्षाका कार्यक्रमलाई जुन रुपमा संचालन गर्नुपर्ने हो, सो रुपमा संचालन नगर्दा मूलधारमा आउन नसकेका जाति/वर्गमा निरासा र कुण्ठाको स्थिति सिर्जना भईरहेको अवस्था छ । काठमाडौको कालिमाटी तरकारी बजारमा भएको आगलागि, बबरमहलको बम विस्फोट घटना, एस एल सी परीक्षामा भएका अनियमितता, सुकुम्बासी समस्या, कृषियोग्य जमीन घटिरहेका आंकडा सार्वजनिक जस्ता घटनाहरुलाई यहाँ हामीलाई प्रभाव पार्ने घटनाको रुपमा उल्लेख गर्न चाहन्छु।

**आर्थिक अवस्था :-**

देशको सोधानान्तर स्थिति घाटाको अवस्था बढ्दो दरमा रहेको एवं देश विप्रेषणको भरमा चलिरहेको अवस्था बिद्यमान छ । देश भित्रबाट बौद्धिक र युवा जमात पलायनको भयावह अवस्था रहेको छ । शान्ति सुरक्षा, उर्जा लगायतका समस्या एवं लगानीकर्ताको चाँडो कमाउने लालसा साथै श्रमप्रति गरिने अवहेलनाका कारण श्रममैत्री वातावरण वन्न सकेको छैन । त्यसैगरी कतिपय ट्रेड यूनियनमा रहेको अराजकतावादी मानसिकताले असल औद्योगिक वातावरण बन्न सकेको छैन । राजस्व छलि, भ्रष्टाचार, कालावजारी र कमिशनतन्त्रलाई रोक्न नसक्ने हो भने देशको अवस्था झनझन बिग्रनेमा दुईमत हुन सक्दैन । साधारण खर्च क्रमशः बढ्दो एवं पूँजीगत खर्चको घट्दो अवस्थाले सामाजिक तथा आर्थिक पूर्वाधार तयार गर्न नसकी देशको आर्थिक अवस्था झनझन दयनिय हुँदैछ । राजस्व चुहावट रोकी स्वच्छ व्यवसायिक क्रियाकलापतर्फ देशलाई लैजानु पर्नेमा राजस्व असूलीमा समेत गिरावट आईरहेको छ । व्यापक छलफल र सहमति विना भारतसँग गरिएको लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा) समेत राष्ट्र हित अनुकूल छैन । विद्युत कटौती, पेटोलियम पदार्थमा उच्च दरमा भएको पटक पटकको मूल्य बृद्धि, महंगी, दण्डहीनता, कार्टेलिङजस्ता विषयले गर्दा आम नागरिक तथा पेशाकर्मीका जीवन यापन कठिनाईपूर्ण भएको छ । पश्चिम सेती हाइड्रो पावर, उपत्यकामा मेट्रो ट्रेन संचालन, काठमाडौ-निजगढ फाष्ट ट्रयाक निर्माण, उपत्यकामा सडक विस्तार योजनाजस्ता विकास निर्माणका कार्यहरु अगाडि बढाउन खोजिएकोमा विभिन्न अवरोध र आशंकाले घेरिएको अवस्था विद्यमान छ ।

**शिक्षा तथा स्वास्थ्य :-**

नेपालमा साक्षरता दर क्रमशः वढेको छ, तर पनि शिक्षा रोजगारोन्मुख बन्न सकेको छैन । शिक्षण शैली व्यवसायमुलक हुन नसकेको हुँदा बेरोजगार जनशक्तिको संख्या बढेको छ । समाजमा हुँदा खाने र हुने खाने वीचको दुई वर्ग जन्माउने असमान प्रकारको शिक्षण पद्धति हाल विद्यमान छ । श्रम वजारको माग र शिक्षण प्रणाली वीच तालमेल मिलेको देखिदैन । नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा पर्याप्त लगानी गरेको छ । तर पनि आमजनताको स्वास्थ्यको अवस्था सन्तोषजनक छैन । सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाको अवस्था प्रविधि, जनशक्ति एवं पूर्वाधारका हिसावले नाजुक हुँदा गरिव जनतालाई महंगा निजी स्वास्थ्य संस्थामा उपचार गर्न जानु वाध्यता भएको अवस्था छ । शिक्षा र स्वास्थ्यको निजीकरणले गरिव र धनीका वीचमा खाडल अझ वढाएको छ ।

**प्राकृतिक एवं पर्यावरणीय अवस्था :-** बढ्दो वन विनाश, अव्यवस्थित शहरीकरण, फोहरमैलाको वैज्ञानिक व्यवस्थापन र विधिको कम प्रयोग जस्ता समस्यालाई मनन गर्दा सन्तोषजनक अवस्था देखिदैन । शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकास जस्ता अपरिहार्य न्यूनतम आवश्यकताको विषयमा पहुँच वृद्धिका कार्यक्रममा ग्रामिण तहका सामान्य जनताको सहभागितामा जोड दिन नसक्दा काठमाण्डौ उपत्यका लगायतका प्रमुख शहरहरुमा जनसंख्याको ठूलो चाप देखिएको छ । यसको प्रभाव गाउँहरु रित्ता हुने खतरा देखिएको छ । शहरमा वातावरण असन्तुलनका कारण वायु, ध्वनी, नदी एवं पानी स्रोत प्रदुषण लगायत फोहरमा अत्याधिक बृद्धि हुनुका साथै मानिसको भिडका कारण हत्या, हिंसा, अपहरण, चोरी तथा लुटका घटना बढेको अवस्था छ । ठूला आवासीय योजनाहरुको सञ्चालनले खेतियोग्य जमिन एवं हरियाली क्षेत्रमा कमि हुनुका साथै भूमिगत पानीको अत्यधिक दोहनका कारण ऐतिहासिक पानीका स्रोतहरु बन्द भएका छन् भने भविष्यमा भूसतहमा असन्तुलन पैदा हुन सक्ने खतरा देखिएको छ ।

चुरे लगायत नेपालका तराई क्षेत्रका साथै सामुदायिक क्षेत्रका बन जंगलहरु वन माफियाहरुको कारण दिनपरदिन विभिन्न कारणले मासिंदै गइरहेको अवस्था रहेको छ । बहुमूल्य जडिवुटी लगायत रक्तचन्दन काठको तस्करीलाई रोक्न सकिएको छैन । यसले गर्दा देशले बाढी पहिरो लगायतका विपती भोग्नु परेको अवस्था छ भने मुलुकको अरवौं राजस्व घाटा भएको अवस्था छ।

**अन्तर्राष्ट्रिय परिस्थिति :-**

अन्तर्राष्ट्रिय परिस्थितिको चर्चा गर्दा विश्वको राजनैतिक आर्थिक तथा सूचना प्रविधिको क्षेत्र दिन प्रतिदिन विकसित हुँदै गइरहेको अवस्था छ । राजनैतिक रुपमा लोकतान्त्रिकरणको दिशामा अगाडि बढिरहेको छ । विश्वका तानाशाहको पतनको क्रम अगाडि बढेको छ । विश्व राजनीतिमा अमेरिकाको दवदवा यद्यपि कायम रहेको छ । यूरोपियन देशहरुमा बामपन्थीहरुप्रतिको जनसमर्थन बढ्दो क्रममा रहेको छ । विश्व अर्थतन्त्रमा अझै पनि अमेरिकाको वर्चस्व कायमै रहेको भएतापनि चीनले अबको केही वर्षमा विश्व अर्थतन्त्रको महारथी हुने बाटोमा आफूलाई अगाडि बढाई रहेको छ । ब्राजिल र भारत विश्व अर्थतन्त्रको शक्तिशाली अभियन्ताको रुपमा अघि बढिरहेका छन् ।

विश्व बैंक, आई.एम.एफ. लगायतका निकाय मार्फत आर्थिक उदारीकरण, भूमण्डलीकरण र निजीकरणको माध्यमबाट विश्व अर्थतन्त्रमा पूँजीवादको हस्तक्षेप वृद्धि भइरहेको छ जसको नेतृत्व अमेरिकाले गरेको छ । पूँजीवादका गलत दृष्टिकोण र सिद्धान्तका कारण विश्व अर्थतन्त्रले आर्थिक मन्दी, वेराजगारी, धनी गरिव बीचको बढ्दो खाडल, आतंकवाद जस्ता विकृति भोग्नु परिरहेको अवस्था छ । अर्थशास्त्रीहरुको पूँजीवादको विकल्प खोज्ने प्रयास सशक्त र परिणाममुखी हुन नसकिरहेको अवस्था छ । विश्वमै पूँजीवाद असफलतातिर उन्मुख भएको र समाजवादी अर्थतन्त्र नै मुख्य विकल्प बन्न सक्ने मान्यता स्थापित हुँदै गइरहेको छ ।

**पछिल्लो अवधिका केही विश्व घटनाहरु :-**

- सन् २०११ डिसेम्वर १७ का दिन उत्तर कोरियाली नेता क.किम जोङइलको निधन भएको छ ।
- चुनावका बेला कार्यकर्ता पोस्न भ्रष्टाचार गरेको आरोपमा फ्रान्सका पूर्व राष्ट्रपति ज्याक सिराकलाई अदालतले दोषी ठहर गरेको छ ।
- सन् २०११ डिसेम्वर १५ मा अमेरिकाले नौ वर्ष लामो इराक युद्ध अन्त्य भएको औपचारिक घोषणा गरी सबै अमेरिकी सैनिक फिर्ता गरेको छ ।
- डेनमार्कमा पहिलो पटक प्रथम महिला प्रधानमन्त्रीको रुपमा सोसल डेमोक्रेटिकबाट नेला हेल्ले थ्रोनिङ्ग निर्वाचित हुनु भएको छ ।
- सत्ता दुरुपयोग मुद्दामा युक्रेनी पूर्व प्रधानमन्त्री युलिया टिमोसेन्कोलाई अदालतबाट ७ वर्षको जेल

सजाय तोकेको छ ।

- भ्रष्टाचारका विरुद्ध भारतका समाजसेवक अन्ना हजारेको अभियानको परिणाम स्वरुप सन् २०११ डिसेम्वर २२ मा भ्रष्टाचार विरुद्ध ऐतिहासिक विधेयक लोकसभामा प्रस्तुत भएको छ तर पारित हुन सकेको छैन ।
- सन् २०११ जूनमा भएको संसदीय चुनावबाट बेल्जियममा समाजवादी नेता एलियो डि रुपो प्रधानमन्त्रीमा नियुक्ति हुनु भएको छ ।
- हालै अमेरिकाले एशिया प्रशान्त क्षेत्रको सुरक्षा बढाउने भन्दै अष्ट्रेलियामा नौ सैनिक बल तैनाथ गर्ने घोषणा गरेको छ जसबाट यस क्षेत्रको सुरक्षामा अमेरिकी हस्तक्षेपको दवदवा रहने निश्चित छ ।
- सन् २०११ नोभेम्वर २५ को राती नेटो सैनिकको एक हेलीकप्टरले पाकिस्तानको एक सैनिक चौकीमा आक्रमण गर्दा ४५ सैनिकको मृत्यु भएको छ ।
- दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) की हालसम्मकै एक मात्र महिला महासचिव फथिमा सैयदले आफ्नो पदबाट राजिनामा दिएकी छिन् र नयाँ महासचिवको रुपमा अहमद सलिम नियुक्त भएका छन् ।
- प्रहरी विद्रोहका कारण मालदिभ्सका प्रजातान्त्रिक रुपबाट निर्वाचित प्रथम राष्ट्रपति मोहमद नसिदलाई सन् २०१२ फेब्रुअरी ७ मा आफ्नो पदबाट राजिनामा दिन बाध्य पारिएको छ ।
- सन् २०१२ जनवरी १२ का दिन अमेरिकी सेनाको हवाई आक्रमणमा पाकिस्तानी तालिवानी नेता हाकिमुल्ला महसुदको मृत्यु भएको छ ।
- सन् २०११ नोभेम्वर ११, १२ का दिन मालदिभ्सको अड्डु टापुमा २० बुँदे घोषणापत्र जारी गर्दै सार्कको १७औं शिखर सम्मेलन सम्पन्न भएको र १८ औं शिखर सम्मेलन सन् २०१३ मा नेपालमा गर्ने घोषणा भएको छ ।
- प्रति किलोमिटर ३० पैसा रेलसेवामा भाडा बढाउने प्रस्तावको विरोध आफ्नै पार्टीबाट हुँदा भारतको केन्द्रीय सरकारका रेल मन्त्रीद्वारा राजिनामा गर्न बाध्य भएका छन् ।

**<u>नेपालको सार्वजनिक प्रशासनको वर्तमान अवस्था :-</u>**

राजनीतिक संक्रमणकालीन अवस्थाका कारण स्वभाविक रुपमा सार्वजनिक प्रशासनमा पनि संक्रमणको प्रभाव परेको पाइन्छ । विद्यमान एकात्मक र केन्द्रिकृत प्रशासनिक प्रणालीको अभ्यासका कारण जनताले राजनीतिक परिवर्तन पछि आएको गणतन्त्रमा समेत परिवर्तनको अनुभूती गर्न सकिरहेका छैनन् । सार्वजनिक प्रशासनमा अझैपनि स्पष्ट साँगठानिक संरचना, चुस्त, स्फूर्त, छिटो छरितो सेवा प्रवाहको जनमुखी प्रशासनको अभ्यास, नागरिक सेवा प्रवाहको गुणस्तरियता, सेवा प्रदायकहरुको आचरण, कार्यसंस्कृति, कार्यशैली र व्यवहार परिवर्तन, भ्रष्टाचार न्यूनिकरण र सदाचार सरलीकरण, राजनीति र प्रशासन बीचका अन्तरसम्वन्ध र सीमा लगायतका विषयमा उल्लेख्य, मननीय र अनुभूतिजन्य परिवर्तन हुन सकेका छैन । संविधान सभामा ३३ प्रतिशत महिला सहभागिता, उल्लेख्य रुपमा विभिन्न जाति जनजातिहरु, अपांग, मधेशी, दलित, पिछडिएको क्षेत्र लगायत अल्पसंख्यक वर्गको प्रतिनिधित्व हुनु उत्साहजनक छ । प्रशासनिक क्षेत्रमा आरक्षणको व्यवस्था भएको छ । सार्वजनिक प्रशासनका विविध क्षेत्रहरुमा समावेशीकरणको सिद्धान्तलाई आत्मसात गर्ने कार्यको थालनी भएको छ । समग्रतामा केही महत्वपूर्ण बुँदाहरुमा उल्लेख गर्दा हाम्रो प्रशासनिक अवस्था यस्तो देखिन्छ :-

- सरकारले निजामती सेवा नियमावली संशोधन गरी सरुवाको तालीका परिवर्तन गरेको छ ।
- निजामती कर्मचारीको संख्या कति हुने वा हुनु पर्ने स्पष्ट निर्क्यौल हुन सकेको छैन ।
- दरवन्दी भन्दा कम कर्मचारी कार्यरत रहेको अवस्था छ, यसलाई पूर्णता दिन ध्यान दिन आवश्यक छ ।

- कर्मचारीहरुको जीउज्यान र कार्यथालोको असुरक्षा विद्यमान छ । सुरक्षाको समस्या अझै जटिल बन्दै गएको छ ।
- जीविकोपार्जनयोग्य तलव भत्ता छैन, बजारमूल्यको आधारमा एउटा परिवारको भरणपोषण गर्न पुग्ने खर्च पाउने निजामती कर्मचारीको संख्या ज्यादै कम छ ।
- बजारको उत्कृष्ट प्रतिभालाई निजामती क्षेत्रमा आकर्षित गर्न सकिएको छैन ।
- निजामती सेवा ऐनको दफा २४(घ)१ अनुसार बढुवा भएका १८ हजार भन्दा बढी कर्मचारीले काम, कर्तव्य र अधिकारबाट बञ्चित रहनु परेको छ ।
- महिला विकास विभागमा कार्यरत कर्मचारीहरुमा विभिन्न खाले समस्याका कारणले आन्दोलित भइरहनु परेको अवस्था छ।
- हुलाकी, हल्कारा लगायत हुलाकमा काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई उत्प्रेरणा जगाउने कार्य अझै हुन नसकिरहेको अवस्था छ।
- गाउँ विकास समितिमा कार्यरत गाविस सचिवहरुले बहन गरेको राजनीतिक भूमिकाका कारणले द्वन्दको चपेटामा परिरहनु परेको छ ।
- गाउँ विकास समितिमा कार्यरत गाविस सचिवहरुलाई निजामती सेवा ऐन, नियमावली विरुद्ध मन्त्रालयको निर्णयको आधारमा अन्यत्र सरुवा हुन नपाउने गरी गाविस कार्यालयमा बस्नु पर्ने बाध्यता रहेको छ ।
- बैज्ञानिक र पूर्व अनुमान योग्य सरुवा प्रणाली विकसित नहुँदा सरुवामा विभिन्न प्रकारका हस्तक्षेप र प्रभाव पर्ने गरेका छन् ।
- क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेन्टी गर्न सकिएको छैन ।
- आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्पन्न नहुँदा सरकारसँगै वार्ता, सम्वाद, छलफल र सौदाबाजी गर्ने आधिकारिक संयन्त्र निर्माण हुन सकिरहेको छैन ।
- स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको स्तरबृद्धि, पदनाम तथा जिम्मेवारीमा समस्या छ, स्वास्थ्य सेवा ऐनको संशोधन प्रकृया अवरुद्ध भएको छ ।
- स्थानीय निकायमा कार्यरत कर्मचारीहरुका समस्या समाधानको लागि सम्बन्धित निकायले पर्याप्त गृहकार्य नगरिरहेको अवस्था छ ।
- आर्थिक योजना तथा तथ्याँक सेवाको तथ्याङ्क समूह कार्यान्वयन भएको तर आर्थिक योजना समूह कार्यान्वयन नभएको र बृत्ति विकासको लागि तथ्याङ्क नियमावलीलाई थप ब्याख्या गरी व्यवस्थित गर्नु पर्ने आवश्यकता छ ।
- सेवा केन्द्रमा बसी सेवा प्रवाह गरि रहनु भएका आधारभूत तहमा प्राविधिक कर्मचारीलाई तालीमको व्यवस्था गर्न नसकिएको अवस्था छ ।
- कर्मचारीहरुको कार्य विवरण र कार्य वर्गीकरण हुन सकेको छैन ।
- प्रशासनिक नेतृत्व चरम लघुताभासबाट ग्रसित छ ।
- संघीयताको सार्वजनिक प्रशासन कस्तो बन्ने भन्ने विषयमा छलफल र बहस जरुरी छ ।
- कार्य सम्पादनमा आधारित प्रोत्सोहन प्रणाली पहुँचवाला निकायमा मात्र लागू गरी कर्मचारी कर्मचारी वीच विभेद र द्वन्द सृजना गरिएको छ ।

**<u>निजामती सेवाको संरचनागत स्वरुप :</u>**

निजामती सेवा ऐन, २०१३ को आधारमा संस्थागत रुपमा विकास भएको नेपालको निजामती सेवा

हाल निजामती सेवा ऐन, २०४८ को कानुनी आधारमा खडा भएको छ । राज्यका तीन वटै अंग ( कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका), संवैधानिक अंग र आयोग समिति आदिमा कार्यरत सबै सेवा समूहको संरचना नै निजामती सेवा हो । राजपत्रांकित विशिष्ट श्रेणीको मुख्य सचिव देखि कार्यालय सहयोगी (श्रेणीगत) सम्मका सबै पदहरु समावेश छन् । ७५ बटै जिल्लामा फैलिएको यस संरचनामा हाल ७९,४७० कर्मचारी कार्यरत छन् । निजामती किताबखानाबाट प्राप्त कर्मचारीको विवरण यस प्रकार छ :-

**नेपाल सरकार**
**सामान्य प्रशासन मन्त्रालय**
**निजामती किताबखाना**
**Service Wise Employee Count**

हरिहरभवन,ललितपुर
फोन : ५०१०२९८, ५०१०१३८
फ्याक्स नं : ५०१०१४९
श्रोत : PIS
प्रिंट गरेको मिति : २०६८-१२-१०

| कार्यालयको नाम | अप्राविधिक ०१* | ०४* | ०५* | ०६* | ०७* | ०८* | ०९* | १०* | ११* | १२* |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | | | | | | | | | | |
| 2 नेपाल कृषि सेवा | | | | | | | | | | |
| 3 नेपाल न्याय सेवा | ४ | २० | ६० | ९७ | ६९ | ५८ | ४ | | ३० | |
| 4 नेपाल प्रशासन सेवा | ४६ | १७७ | ९७८ | ३२१५ | ६८२५ | ७१०३ | ९७६ | ४३ | १७८५४ | १४ |
| 5 नेपाल लेखा परीक्षण सेवा | | | | २ | १ | २ | | | | |
| 6 नेपाल वन सेवा | | | | | | | | | | |
| 7 नेपाल शिक्षा सेवा | | १५ | २१४ | ५४४ | १५९ | | | | | |
| 8 नेपाल संवैधानिक सेवा | | | | | | | | | | |
| 9 नेपाल संसद सेवा | | | | ६ | १ | | | | | |
| 10 नेपाल स्वास्थ्य सेवा | | | | | | १ | | | | |
| 11 नेपाल विविध सेवा | | | ५ | ३९ | १९८ | ५० | २० | ३ | १ | |
| 12 नेपाल ईन्जिनियरिङ्ग सेवा | | | | | | | | | | |
| 13 नेपाल परराष्ट्रसेवा | १ | १२ | ३९ | ५९ | ८७ | १ | | | | |
| समस्त रकम | ५१ | २२४ | १२९६ | ३९६२ | ७३४० | ७२१५ | १००० | ४६ | १७८८५ | १४ |

| कार्यालयको नाम | प्राबिधिक २७* | ०१* | २६* | ०४* | २९* | ०५* | २५* | ०६* | २८* | ०७* | २४* | २३* | ०८* | २२* | २१* | ०९* | १७* | २०* | १८* | १९* | १०* | ११* | १२* | ३०* | ३१* | ३२* | ३३* | ३४* | ३५* | ३६* | ३७* | दर्बन्दी स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | | | | ४ | | १८ | | १११ | | १५८ | | | ७२ | | | | | | | | | | | | | | | | | | | ३६३ |
| 2 नेपाल कृषि सेवा | | | | ५४ | | २७५ | | १११० | | १९९९ | | | १२६० | | | ६८ | | | | | १६ | ५ | | | | | | | | | | ४७८ |
| 3 नेपाल न्याय सेवा | | २ | | ३५ | | १७५ | | ४६० | | ५१३ | | | ७६९ | | | २६० | | | | | १९९ | ११३ | | | | | | | | | | २८६ |
| 4 नेपाल प्रशासन सेवा | | | | | | | | ९ | | ८ | | | १२ | | | ३ | | | | | | ४ | | | | | | | | | | ३७२ |
| 5 नेपाल लेखा परीक्षण सेवा | | ४ | | १३ | | ५३ | | १६७ | | ५७ | | | २३ | | | | | | | | | | | | | | | | | | | ३२३ |
| 6 नेपाल वन सेवा | | | | २९ | | २१९ | | ९३५ | | ५९४ | | | ५१९ | | | २६७ | | | | | ८३ | २१९३ | १ | | | | | | | | | ४८४ |
| 7 नेपाल शिक्षा सेवा | | | | ५ | | ४३ | | ३२० | | १७२ | | | ५६ | | | ८ | | | | | १ | | | | | | | | | | | १५३ |
| 8 नेपाल संवैधानिक सेवा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | १ | ४५ | | ८८ | १ | १३५ |
| 9 नेपाल संसद सेवा | | १ | | १० | | १९ | | ४१ | | ४७ | | | २३ | | | २ | | | | | | ३६ | | | | | | | | | | १८६ |
| 10 नेपाल स्वास्थ्य सेवा | | १ | ३२ | १ | ७ | ५७ | १८२ | ९६ | १९ | १८६ | ८३४ | १४२९ | ३८७ | १५१७ | ४५९६ | २१३ | | ३३१४ | ८८ | ३५७३ | १ | २ | | | | | | | | | | १६५३ |
| 11 नेपाल विविध सेवा | | | | ४ | | ३१ | | ३८१ | | ६५४ | | | ९३२ | | | २४१ | | | | | ७० | ९० | | | | | | | | | | २७१ |
| 12 नेपाल ईन्जिनियरिङ्ग सेवा | | | | १२७ | | ६५५ | | २२५९ | | १८१४ | | | १२९४ | | | २६५ | | | | | ४९ | १२४५ | | | | | | | | | | ७७० |
| 13 नेपाल परराष्ट्रसेवा | | | | | | | | २ | | १ | | | | | | | | | | | | | | | | | | | | | | २०३ |
| समस्त रकम | ० | ८ | ३२ | २८२ | ७ | १५४५ | १८२ | ५८९१ | १९ | ६२०३ | ८३४ | १४२९ | ५३४७ | १५१७ | ४५९६ | १३२७ | ० | ३३१४ | ८८ | ३५७३ | ४१९ | ३६८८ | १ | ० | ० | ० | १ | ४५ | ० | ८८ | १ | ७९४ |

*२७ अधिकृत बारौ
*२६ अधिकृत एघारौ
*२९ अधिकृत दशौ
*२५ अधिकृत नवौं
*२८ अधिकृत आठौं
*२४ अधिकृत सातौं
*२३ अधिकृत छैटौं
*२२ बरिस्ठ पाचौं
*२१ सहायक पाचौं
*२० सहायक चौथो
*१९ सहायक तेस्रो
*१८ सहायक दोस्रो
*१७ सहायक पहिलो

*०१ विशिष्टश्रेणी
*०४ रा.प.प्रथम श्रेणी
*०५ रा.प. द्धितियश्रेणी
*०६ रा.प.तृतिय श्रेणी
*०७ रा.प.अनं.प्रथम श्रेणी
*०८ रा.प.अनं. द्धितियश्रेणी
*०९ रा.प.अनं. तृतिय श्रेणी
*१० रा.प.अनं.चतुर्थ श्रेणी
*११ श्रेणी विहिन
*१२ रा.प.अनं. पाँचौ श्रेणी

*३० प्रधान न्यायाधीश, सर्वोच्च अदालत
*३१ न्यायाधीश, सर्वोच्च अदालत
*३२ अस्थायी न्यायाधीश, सर्वोच्च अदालत
*३३ मुख्य न्यायाधीश, पुनरावेदन अदालत
*३४ न्यायाधीश, पुनरावेदन अदालत
*३५ अतिरिक्तन्यायाधीश, पुनरावेदन अदालत
*३६ जिल्ला न्यायाधीश
*३७ अतिरिक्तजिल्ला न्यायाधीश

उल्लेखित विवरण अनुसार ट्रेड युनियनको सदस्य बन्न पाउने कर्मचारी संख्या अप्राविधिक क्षेत्र ३०,२४७ र प्राविधिक क्षेत्रमा २२,८७६ र स्वास्थ्य सेवामा १५,४५० गरी जम्मा ६८,५७३ रहेको छ । हाम्रो सदस्य संख्या ४० हजार छ । यस आधारमा हामी सबैभन्दा सुदृढ र शक्तिशाली संगठनको रुपमा रहेका छौं । वर्तमान अवस्थामा हाम्रो संगठनको प्रभाव ३० वर्ष मुनीका नवप्रवेशी कर्मचारी, कार्यालय सहयोगी, सवारी चालक लगायत प्राविधिक क्षेत्र र अधिकृत क्षेत्रमा बढ्न सकेको छैन । जुन जुन क्षेत्रमा जिम्मेवारी र संगठनको उपस्थिति कम भएको छ, त्यतातिर तत्काल गतिशील बन्न यस परिषद्ले मार्गनिर्देश गर्नेछ भन्ने अपेक्षा राखेको छु । कामको मूल्याङ्कन र समीक्षा गर्दा बस्तुवादी भएर तथ्याङ्कको आधारमा विश्लेषण गर्नुपर्ने देखिएको छ । ४० हजारको संख्यामा संगठनको सदस्य भएको हाम्रो दावी तथ्याङ्कले पुष्टि गर्नुपर्ने बेला भएको छ ।

## नेपालको निजामती प्रशासनका सवल पक्षहरु :-

१. केन्द्र देखि स्थानीय स्तरको वडा तहसम्म निजामती सेवाको उपस्थिति रहेको छ ।
२. दक्ष एवं विज्ञ समेतको उपस्थिति रहेको छ ।
३. आधुनिक सूचना प्रविधिका साधनको प्रयोग गर्ने परिपाटीको थालनी भएको छ ।
४. दक्षता र क्षमता विकासका कार्यक्रमहरु पूर्णरुपमा नभएतापनि केहीमा मात्रा रहेका छन् ।
५. ट्रेड युनियन अधिकारको प्राप्ति र सामाजिक सौदावाजीको अभ्यासको थालनी भएको छ ।

## नेपालको निजामती सेवाका कमजोरीहरु :-

१. नतिजा वा परिणाममुखी हुन नसकेको आरोप छ ।

२. निर्णय पन्छाउने र जिम्मेवारी नलिने प्रवृत्ति छ ।
३. सेवाग्राहीप्रति सोझो र स्पष्ट उत्तरदायित्वको अभाव छ ।
४. जनसंख्याको अनुपात कम संख्या भए पनि उद्यमशील हुन सकेको छैन र संरचना बोझिलो छ ।
५. परिवर्तनको वाहक बन्नु पर्ने निजामती सेवा परिवर्तनप्रति उदासिन छ ।
६. निजी क्षेत्रको सहकार्य र साझेदारी गर्न कम चासो छ ।
७. परिवर्तित परिस्थिति अनुसार दक्षता बढाउन सकिएको छैन ।

**नेपालको निजामती प्रशासनका चुनौती :-**

१. जनताका अपेक्षा र उपलब्ध साधन स्रोत बीच समन्वय गरी गराई जनताका आशा र अपेक्षा पूरा गर्ने ।
२. परिवर्तित विश्व परिस्थिती र पेशाकर्मीका दक्षता बीच समन्वय गराई विश्व समकक्षी सेवा प्रदान गर्ने ।
३. निजामती सेवामा रहेको अराजकता, अनुशासनहीनता, भ्रष्टाचार, कामचोर प्रवृति रोकी जनमुखी निजामती सेवा बनाउनु पर्ने ।
४. आचरण, व्यवहार, कार्यशैली र कार्यसंस्कृति परिवर्तन गरी परिवर्तनको बाहक बन्ने ।
५. परम्परागत, पुरातनवादी कार्यप्रणाली र पुरानो प्रविधि विस्थापनको गर्ने ।
६. निजामती क्षेत्रलाई जनताले लगाउने गरेका आरोपहरु व्यवहारत खण्डन गर्नुपर्ने ।
७. आन्तरिक र वाह्य रुपमा प्रतिस्पर्धी निजामती सेवाको विकास गर्नुपर्ने ।

**निजामती सेवालाई सुदृढ गर्ने उपायहरु :-**

राज्य पुनर्सरचना हुँदा केन्द्र सरकार र प्रान्त वीचमा सूचना सम्पर्क स्थापित गराउने सन्दर्भमा एकीकृत निजामती सेवाका आवश्यकता समेत महशुस भएको छ ।

निजामती सेवामा रहेका विकृतीहरु नातावाद, भ्रष्टाचार, अराजकता, अनुशासनहीनता, कामचोर प्रवृति लगायतलाई नियन्त्रण नगरी निजामती सेवालाई जनमैत्री बनाउन सकिदैन । यस प्रकारका विकृति नियन्त्रणमा नेपाल निजामती कर्मचारी संगठनको अगुवाई अनिवार्य छ । उपरोक्त विकृति हटाउनका लागि निम्न कदम संचालन गर्नु उपयुक्त हुने देखिन्छ :

१. सरुवा, बढुवा, पदस्थापन लगायतमा पारदर्शी मापदण्ड बनाई कडाईकासाथ लागू गर्ने ।
२. प्रत्येक संगठक (संगठनको सदस्य) ले भ्रष्टाचार गर्दिन भन्ने प्रतिवद्धता गर्ने एवं भ्रष्टाचार भएको पर्दाफास गर्ने र Whistle Blower रुपमा काम गर्ने ।
३. गलत काम गराउन दवाव दिने राजनैतिक नेतृत्व विरुद्ध भद्रअवज्ञा (Right to Disobey) लाई प्रोत्साहन गर्ने ।
४. कर्मचारी राष्ट्र, संविधान र कानुन प्रति प्रतिवद्ध हुन्छन् । सत्तासिन दलप्रति हैन भन्ने नारालाई घनिभूत बनाउने ।
५. छिटो छरितो र प्रतिष्पर्धी सेवा मार्फत संगठनलाई जनस्तरमा स्थापित गर्ने ।
६. आधुनिक सूचना प्रविधिको साधन प्रयोग गरी प्रतिस्पर्धी सेवा दिन सरकारलाई दवाव दिने ।
७. संगठनको नेता र सदस्यले Service First भन्ने नारालाई व्यवहारमा ल्याउने ।
८. संगठनले सेवाग्राही सर्भेक्षण गरी सेवाग्राहीका वास्तविक समस्या र समाधानका उपाय पत्ता लगाई सुधार गर्न सरकारलाई सुझाव दिने ।
९. सरकारबाट प्रदान गरिने सेवाहरु जनताको घर दैलोबाटै प्रदान गर्न सरकारलाई दवाव दिने ।
१०. कानुनले प्रदान गरेको अधिकार प्रयोग नगर्ने अधिकारीको पर्दाफास गर्ने ।

**निजामती सेवाको अपेक्षित भावि स्वरुप :-**

वर्तमान अवस्थामा निजामती सेवालाई पुर्नसंरचित गरी नयाँ रुप दिनु अपरिहार्य हुन्छ । सवल, सक्षम एवं प्रतिस्पर्धी निजामती सेवाले मात्र राज्य पुनर्संरचना पछि जनताका इच्छा एवं अपेक्षा पूरा गर्न सकिने सन्दर्भमा निजामती सेवाको भावि स्वरुपका विषय प्रभावकारी बनाउन निम्न बुँदाहरुमा छलफल र बहस गर्न आवश्यक छ :

**(क) पेशागत दक्षताको सन्दर्भमा :**

- कामकाजी निजामती सेवा (Performing Civil Service)।
- शान्ति निर्माण तथा द्वन्द्व व्यवस्थापनका लागि नयाँ सीपहरु भएको निजामती सेवा ।
- परिवर्तन मैत्री निजामती सेवा ।
- नतिजामुखी निजामती सेवा ।
- सक्षम र शिर्जनशील निजामती सेवा (Constructive and Capable Civil Service)

**(ख) सेवा प्रवाहको सन्दर्भमा :**

- क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह ।
- सामाजिक परीक्षण (Social Audit) सहितको निजामती सेवा ।
- Civil Service with Zero Tolerance to Corruption and Unethical Behaviour
- सूचना प्रविधि मैत्री निजामती सेवा ।
- नागरिकको सार्वजनिक सेवामा पहुँच ।
- निजामती सेवाको गरिमा, प्रतिष्ठा तथा मर्यादा बढाउन यस माथि लागेका भ्रम र आरोप हटाउने खालका चेतनामूलक ठोस कार्यक्रमहरु संचालन गर्ने ।
- One spot service, E-service etc.

**(ग) पेशागत हक सम्बन्धमा :**

- राजनैतिक अधिकार सहितको ट्रेड युनियन अधिकार ।
- सामाजिक सुरक्षाको प्रत्याभूति ।
- आधारभूत तहको जीविकोपार्जन योग्य तलब भत्ता र सेवा सुविधा ।
- कार्यस्थलको सुरक्षा ।
- दण्डहीनताको अन्त्य ।

**(घ) संघीयताको सार्वजनिक प्रशासन :**

- मुलुकको शासकीय ढाँचा ।
- संघीय इकाईहरुको क्षेत्राधिकार ।
- हाल कार्यरत कर्मचारीको व्यवस्थापन र सेवाको सुरक्षा ।

**परिषद् सदस्य एवं पर्यवेक्षक मित्रहरु,**

अब म, नेपालको पेशागत आन्दोलन र नेपाल निजामती कर्मचारी संगठनका ऐतिहासिक घटनाक्रमका बारे संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

## नेपालको पेशागत आन्दोलन र नेपाल निजामती कर्मचारी संगठन :

- वि.सं. १९८३ मा ना.सु. कृष्णलाल अधिकारीबाट **"मकैको खेती"** नामक पुस्तक मार्फत नेपालको निरंकुश शासनको विरोध र एकादशी सभा मार्फत संगठित हुने अभ्यासको शुरुवात भयो ।
- वि.सं. २००७ को माघमा महेश्वरमान छोचुँको नेतृत्वमा अखिल नेपाल न्यून बैतनिक कर्मचारी संघको गठन गरी निजामती कर्मचारीहरुका मानव अधिकार, प्रजातन्त्रको पक्षमा आएको जनलहरले उत्पन्न गरेको चेतनाको उपयोग गरी खुल्ला रुपमा संगठित हुने अभ्यास र माग सहित आन्दोलनमा उत्रिएको र आर्थिक मागको रुपमा रहेको तलव बृद्धिको मागलाई ३०० प्रतिशत बृद्धि गर्न सफल भएपनि संघमाथि प्रतिबन्ध लगाई संघको नेतृत्वलाई बर्खास्त गर्ने कार्य भयो ।
- निजामती प्रशासनलाई स्थायी सरकारको रुपमा निश्चित ऐन, कानुन अनुसार संचालन गर्न निजामती सेवा ऐन, २०१३ लागू गर्ने कार्य भयो । विभिन्न समयमा उच्चस्तरीय प्रशासन सुधार आयोग, समिति, तलव आयोग, अध्ययन समूहआदि गठन गरी निजामती सेवालाई व्यवस्थित, सक्षम गतिशील र जनमुखी बनाउने प्रयत्न भयो, तर त्यसबाट आएका सुझावहरुलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्ने कार्य भने भएन । २०४६ साल पूर्व गठित यस्ता आयोगहरु मूलतः सरकारको इच्छा अनुकुल हुने र सिफारिस समेत सोही बमोजिम हुने गर्दथे । कानुन भन्दा ठूलाबडाहरु माथि हुने हुँदा र यस अवधिमा व्यापक अनियमितता र भ्रष्टाचार हुने गर्‍यो । कानुन जे भएपनि आदेशमा नै प्रशासन चल्यो जुन सानालाई ऐन भयो भने ठूलालाई चैनको रुपमा देखा पर्‍यो । जुन अवस्थामा कर्मचारीहरु औपचारिक रुपमा संगठित हुन सकेनन् भने अनौपचारिक र गोप्य ढंगले आफ्ना कामलाई अगाडी बढाउने कार्यलाई २०३६ सालको राजनैतिक आन्दोलनमा स्वाभिमानी कर्मचारीको नामबाट पर्चा वितरण र २०४६ को आन्दोलनमा जुलुश प्रदर्शनको कार्यले प्रष्ट हुन्छ । यस कार्यबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा निजामती कर्मचारीहरुको महत्वपूर्ण भूमिका देखिन्छ । २०४६ को जनआन्दोलनमा जागिरको पर्वाह नगरी आन्दोलनमा सहभागी भएका निजामती कर्मचारीहरुले प्रजातन्त्र पछि सबै पेशा, व्यवसाय र वर्गका समुदायबाट संगठित हुने कार्य भए झैं २०४६ चैत्र २६ गते ५ सदस्यीय भेला आयोजक समिति, २०४६ चैत्र ३१ मा हजारौको भेला र २०४७ बैशाख ७ गते कर्मचारीको बृहत भेलाबाट **"नेपाल निजामती कर्मचारी संगठन"** को तदर्थ समिति गठन भयो । उक्त समयमा संगठन स्थापनाका लागि अहोरात्र खट्नु हुने सम्पूर्ण अग्रज संगठकप्रति सम्मान व्यक्त गर्दछु । देशका विभिन्न भागमा संगठित हुन नदिन भएको सरकारी प्रयासलाई कर्मचारीहरुको संगठित गर्जनले सरकारलाई झुक्न बाध्य बनायो । तत्कालिन सामान्य प्रशासन सचिव बिमलाराज बस्नेतको अध्यक्षतामा संगठनको समेत प्रतिनिधित्वमा अध्ययन कार्यदल बनाउने कार्य भयो । सोही कार्यदलको प्रतिवेदनको आधारमा २०४७ कार्तिक १९ गते संगठन विधिवत दर्ता भयो । प्रजातन्त्रको मिरर्मिरेमा जन्मिएको यस संगठनको नेतृत्वमा नयाँ संविधानको घोषणा गर्न दवाव दिने प्रयोजनका लागि २०४७७२० मा भएको बृहत् जनदवाव तथा जनताको समेत प्रयत्नबाट २०४७ कार्तिक २३ मा संविधान जारी गर्न सरकार बाध्य भयो ।
- संगठनले १०४ वर्षे पारिवारिक निरंकुश राणा शासन र ३० बर्षे निरंकुश एवं निर्दलीप पञ्चायती व्यवस्थाको अवशेषमा रहेको भ्रष्टाचार तथा ढिलासुस्तीको विरुद्धमा र निरंकुश, अप्रजातान्त्रिक र भ्रष्ट तत्वहरु माथि कडा भन्दा कडा कारवाही गर्न, परिवर्तित व्यवस्था अनुसार प्रजातान्त्रिक मुल्य मान्यतामा आधारित जनमुखी प्रशासनको निर्माण गर्न, जिविकोपार्जन गर्न पुग्ने तलव र जनसेवाको नीतिलाई अगाडी सार्दै जायज माग सहित २०४७ मंसिर २६ पुष ५ गतेसम्म देशको ७५ जिल्लामा सम्भवत पहिलो पटक आन्दोलन भयो उक्त आन्दोलनले उचाई लिएपछि सरकार संगठनसँग सम्झौता गर्न बाध्य भयो । सम्झौता पछि पनि सरकारले २०४७ फागुन ४ गतेबाट अधिकृतलाई सदस्यताबाट वञ्चित गर्ने कार्य मात्र भएन २०४७ फागुन १२ गते **"नेपाल निजामती कर्मचारी**

**संघ"** को नाममा प्रचलित कानुन विपरित ठाडो आदेश र इशारामा सरकारबाट एकिकृत संगठनलाई विखण्डित गरी **"फुटाऊ र शासन गर"** को नीतिलाई अबलम्वन गर्दै विभाजन गरियो ।

- यसैगरी २०४७ पौष ५ गते भएको सम्झौता अनुसार तलब सुझाव कार्यदलले २०४८ बैशाखबाट लागु हुने गरी बुझाएको प्रतिवेदनलाई कार्यान्वयन गरेन । सरकार र कर्मचारीबीच झन् द्वन्द चर्कदै गयो । आफू लडेर ल्याएको प्रत्रातन्त्रको संस्थागत संगठन विकास गर्ने विश्वास गर्दै २०४८ सालको आम निर्वाचनलाई सफल बनाउन सक्रिय रह्यो । नयाँ सरकार बन्यो तर १ महिनासम्म पनि सरकारले द्वन्दको उचित व्यवस्थापन गर्ने र भेटसम्म गरेन । फलस्वरुप बाध्य भई २०४८ साल आषाढ १६ देखि भाद्र ८ सम्म संगठनले देशव्यापी आन्दोलन गर्न विवश भयो । संगठनलाई दरिलो शक्तिको रुपमा विकास नगरी आन्दोलन संचालन गर्नु, आन्दोलनलाई सशक्त ढंगले अन्तर्राष्ट्रियकरण गर्न नसक्नु, आन्दोलन लम्बिन्दै जानु, सरकारी हठबादिता आदि आन्दोलन सफल नहुने आधार तथा कारण वन्न पुग्यो । जसका कारण आन्दोलित कर्मचारीहरुलाई कारवाही नगर्ने शर्तमा माग पुरा नहुँदै आन्दोलन स्थगित गरियो, तर सरकार ईमान्दार भएन । आन्दोलन स्थगित हुना साथ कर्मचारीलाई बर्खास्त गर्ने, अस्थायी कर्मचारीहरुको म्याद नथप्ने, अपायक सरुवा गर्ने, निलम्बन गर्ने लगायतका कारवाहीहरु श्रृखलाबद्ध रुपमा गर्न थाल्यो । संगठनलाई छिन्न भिन्न पार्ने काम भयो । आवश्यकता र औचित्यताले सावित गरेको कर्मचारीहरुको प्रिय संगठन माथि जस्तोसुकै दमन भएपनि त्यसै बिलाएर गएन । आत्म समीक्षा गर्दै दु:खित पिडीतहरुलाई एकत्रित गर्दै पुनः संगठित हुन थालियो । कर्मचारी आन्दोलनको क्रममा संलग्न सम्पूर्ण संगठकप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । राज्यको पूरा संयन्त्र लागेर ध्वस्त बनाएको संगठनले आठौं राष्ट्रिय अधिवेशन सम्पन्न गरी सकेको छ भने मिनि महाधिवेशनको रुपमा रहेको १३औं केन्द्रीय परिषद् सम्पन्न गर्न गई रहेको छ । यस अवधिमा संगठनले अत्यन्तै प्रतिकूल अवस्थाको सामाना गर्नु परेको छ भने थोरै अनूकुलताहरु समेत भोगेको छ । २९१ जना कर्मचारीहरुको पुनर्वहाली गर्ने, २०५१, २०५२ र २०५४ सालमा गरी २,४०६ जनाको कारवाही फुकुवा भएको छ । अझै केहीको कारवाही फुकुवा हुन वाँकी रहेको अवस्था छ ।
- २०५८।४।३२ को सर्वोच्च अदालतको फैसलाबाट एक मात्र बैधानिक र क्रियाशील रहेको संगठनले निजामती कर्मचारीहरुको आन्दोलनको अभिभावकत्व गर्दै मानव अधिकार, लोकतन्त्र र शान्तिको पक्षमा २०६२/६३ को जनक्रान्तिमा राजनीतिक दलहरुसँगै सहभागिता जनाउने ऐतिहासिक कदम उठायो ।
- २०६२ असार ३० कालो दिन घोषणा :- निरंकुश शाही शासनकालमा निजामती सेवा ऐन, अध्यादेश जारी गरी निजामती क्षेत्रको एक मात्र पेशागत संगठन नेपाल निजामती कर्मचारी संगठनमाथि प्रतिवन्ध लागेको अवस्थामा ILO लगायत अन्तर्राष्ट्रिय संघसंस्थाहरुको दवावका साथै सर्वोच्च अदालतबाट संगठनको पक्षमा अन्तरिम आदेश समेत जारी भएको थियो । संगठनलाई अध्यादेश मार्फत प्रतिवन्ध लगाएको उक्त दिनलाई कालो दिनको रुपमा लिईन्छ ।
- राजनीतिक दलहरु निरंकुशता विरोधी आन्दोलनमा उत्साहजनक ढंगले आन्दोलित नभई रहेको अवस्थामा समेत संगठनले २०६२ श्रावण ७ गते निरंकुशतन्त्र विरुद्ध विरोध प्रदर्शन गरेको थियो । उपत्यकाको सुन्धारामा भेला भई गरिएको यस प्रदर्शनले निरंकुशता विरोधी आन्दोलनलाई उर्जा प्रदान गरेको थियो ।
- २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिको सहयात्री भई प्रजातन्त्र, मानव अधिकार र शान्तिको पक्षमा पेशाकर्मीहरुको तर्फवाट नेतृत्वदायी भूमिका निभाएको (तत्कालिन सात राजनैतिक पार्टी र तत्कालीन नेकपा माओवादी पार्टीका शीर्षस्थ नेताहरु र पेशाकर्मीहरु वीच २०६२ चैत्र १८ गते काठमाडौं स्थित होट ऱ्याडिशनमा जनक्रान्तिलाई सघाउने विषयमा सम्झौता भएको थियो । उक्त सम्झौतामा ट्रेड यूनियन अधिकार दिने र कर्मचारीले आन्दोलनलाई हर तरहले सघाउने सम्झौता

भएको थियो ।

**मित्रहरु,**

पेशागत संगठन, पेशागत कानून, पेशागत हितका लागि एउटै संगठन, आधिकारिक युनियन स्थिर प्रशासन, ट्रेड युनियन अधिकार प्राप्तिका लागि सुदृढ संगठन, सामूहिक हितका लागि ट्रेड युनियन अधिकारको माग जस्ता चरणबाट गुज्रिएर ट्रेड युनियन अधिकारको प्राप्ति अनि ट्रेड युनियन अधिकार प्राप्त गरिसकेपछि राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकारसम्मका विकासक्रमहरुबाट हाम्रो संगठनको विकासक्रम रहेको छ । प्रतिस्पर्धालाई सबैतिर खुला छाडिएको छ । आधिकारिक ट्रेड युनियनको निर्वाचनमा उत्कृष्टता हासिल गर्नका लागि समेत आन्तरिक र वाह्य दुवैखाले प्रतिस्पर्धामा संगठन खरो उत्रन आवश्यक छ । गुनासाहरुलाई व्यवस्थित र मर्यादित बनाउँदै सामूहिकतामा प्राप्त गरेका उपलब्धीहरुको संरक्षण, प्रचार प्रसार अनि व्यवस्थापन वर्तमानको आवश्यकता हो । हाम्रो आन्दोलनले सामूहिकतामा प्राप्त गरेको उपलब्धीहरु हामी सबैले स्मरण गर्न आवश्यक छ ।

**संगठनले प्राप्त गरेका महत्वपूर्ण उपलब्धीहरु :**

- पेशागत हकहितका लागि आफ्नै बलमा २०४७ सालमा संगठन स्थापना गर्‍यौं ।
- पेशागत हकहित एवं अधिकार का लागि २०४८ सालमा नेपालको पेशागत आन्दोलनमा ५६ दिन लामो कर्मचारी आन्दोलन सम्पन्न भएको छ ।
- आन्दोलनको सिलसिलामा भएका कारवाही फुकुवा र पुनर्वहाली गराउन सफल भएको छ ।
- टुटफुट र विभाजन विरुद्ध एकिकृत आन्दोलनमा जोड, पेशाकर्मीलाई परेका पीरमार्का, गुनासो सुनुवाई गरिरहेको छ ।
- तलब सुधार आयोग, २०६१ मा प्रतिनिधित्व, जुन अध्ययन प्रतिवेदन हालसम्मको सवैभन्दा वैज्ञानिक अध्ययन भनिन्छ।
- २०५४ सालमा कार्यालय सहयोगीको स्तरबृद्धि गर्न सफलता प्राप्त भयो ।
- हत्या, अपहरण, जबरजस्ती चन्दा असुली, धम्की तथा कर्मचारी असुरक्षाको विषयमा निरन्तर खवरदारी र विरोध गरिएको छ ।
- निजामती सेवा ऐन, नियमावली संशोधन तथा निजामती क्षेत्रलाई प्रभाव पार्ने ऐन नियम संशोधन, परिमार्जनमा हस्तक्षेपकारी भूमिका निर्वाह गरिएको छ ।
- लामो लडाईं पछि ट्रेड युनियन अधिकारको प्राप्त गर्ने सफलता मिलेको छ ।
- बढुवा प्रक्रियामा महत्वपूर्ण उपलब्धी प्राप्त भएको छ ।
- देशव्यापी सञ्जाल निर्माण भई क्रियाशील रहेको छ ।
- सरकारसँग संवाद, सहकार्य निरन्तर ढंगले भईरहेको छ ।
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरिएको छ ।
- सहकारी आन्दोलनमा महत्वपूर्ण उपलब्धी हासिल गर्दै ५८ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था क्रियाशील रहेको छ।
- लोकतन्त्र, मानव अधिकार र शान्तिको पक्षमा निरन्तर क्रियाशील रहेको छ ।
- जनक्रान्ति २०६२/०६३ को सहयात्री हुनु गर्वको विषय बनेको छ ।
- निजामती अस्पताल निर्माण र संचालनमा महत्वपूर्ण भूमिका निर्वाह गरिएको छ ।
- जिविकोपार्जनयोग्य तलव, भत्ताका लागि निरन्तर दवाव श्रृजना गरिएको छ र आंशिक सुधार भएका छन् ।
- असाध्ये रोग लागेको अवस्थामा कर्मचारी र कर्मचारी परिवारलाई औषधी उपचार सुविधा प्राप्त गर्न सफलता मिलेको छ ।
- पोशाक भत्ताको व्यवस्था भएको छ ।

- स्वास्थ्य तथा औषधी उपचार वीमा सम्बन्धी व्यवस्था अगाडि बढाइएको छ ।
- वीमा कोषको व्यवस्था गर्ने सफलता प्राप्त भएको छ । बैज्ञानिक र व्यवस्थित गर्न जरुरी छ ।
- निजामती सन्तती छात्रवृत्ति योजना शुरुवात भएको छ ।
- निजामती विद्यालय र कर्मचारी आवास योजनाको सुरुवात भएको छ ।
- निजामती सेवा समावेशी हुने क्रममा छ ।अग
- महिला विकासमा कार्यरत महिला कर्मचारी स्थायी गर्न सफलता मिलेको छ ।
- रचनात्मक एवं अतिरिक्त क्रियाकलाप मार्फत समाजमा योगदान पुऱ्याएको छ ।
- केन्द्रीय भवन निर्माणका लागि सरकारी जग्गाको भोगाधिकार प्राप्त भएको छ ।
- बैज्ञानिक सरुवा नीति छलफलको क्रममा छ ।

**विश्व ट्रेड युनियन आन्दोलन** :

- प्रथम र दोश्रो विश्वयुद्धबाट स्वतन्त्र भएका राष्ट्रहरुमा श्रमिक वर्गहरु आफ्नो हकहितका लागि संगठित हुन थाले । यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा संगठित हुने क्रममा अक्टोवर ३-८, १९४५ मा पेरिसमा सम्पन्न ५५ देशका राष्ट्रियस्तरका ट्रेड युनियनहरुको प्रथम सम्मेलनबाट विश्व ट्रेड युनियन महासंघको स्थापना भएको हो । यो महासंघ नै विश्वभरका श्रमिकहरुको पहिलो अन्तर्राष्ट्रिय केन्द्र हो ।
- WFTU को स्थापना कालमा जारी भएको आफ्नो घोषणा पत्रमा संसारबाट फाँसीवादको अन्त्य गर्नु रहेको उल्लेख गर्दै भनिएका छ- "One of the Primary Tasks of the WFTU and the Trade Union Movements of all countries is to fight for the speedy complete eradication of fascism" यस्तै घोषणा पत्रमा श्रमिकहरुको संगठित हुने पाउने अधिकार र प्रत्येक श्रमिकलाई जाति, लिंग र संघको आधारमा भेदभाव नगर्ने अधिकारको ग्यारेण्टी, काम र न्यूनतम पारिश्रमिकको अधिकार, बेरोजगारबाट मुक्त हुने अधिकारको ग्यारेण्टीलाई आधारभूत अधिकारको रुपमा प्रत्याभूति गर्न संघर्षरत रहने उल्लेख गरिएको छ ।
- **WFTU :** WFTU ले UNO को Consultive Agency को सदस्यता पाउनुको साथै UNIDO, UNESCO / ILO जस्ता संस्थामा प्रतिनिधित्व गर्दै आएको छ । WFTU ले ILO बाट पारित अभिसन्धी नं.८७ (Freedom of Association and Protection of Right to Organize) र अभिसन्धी नं.९८ (Right to Organize and Collective Bargaining) पारित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । सन् १९९० को दशकपछि आर्थिक उदारिकरण र निजीकरणको नीति अगाडि सारी तेश्रो विश्वका मुलुकहरमा विश्वबैंक लगायत अन्तर्राष्ट्रिय निगमहरुबाट भइरहेको आर्थिक हस्तक्षेपको WFTU ले सशक्त विरोध गर्दै आएको छ । हाल यस महासंघमा महासचिव ग्रिसका जर्ज मार्भिकोस रहनु भएको छ ।
- ITUC : विश्वका श्रमिकहरुको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा रहेको WFTU ले लोकप्रियता हासिल गर्दै गएपछि पूँजीवादीहरु हतास बन्न थाले । सन् १९४९ मा बेलायत, नेदरल्याण्ड र अमेरिकाको मजदूर युनियनहरु मिली खासगरी अमेरिकाको निर्देशनमा WFTU लाई फुटाएर International Confederation of Free Trade Union-ICFTU को गठन गरे । रोमन क्याथोलिक क्रिश्चियनद्वारा सञ्चालित विश्व मजदूर महासंघ (WCL) र ICFTU एकिकरण भई International Trade Union Center-ITUC नामको नयाँ महासंघको गठन भएको छ । ICFTU र WCL लाई पूँजीवादी मुलुक र अन्तर्राष्ट्रिय संस्थाहरुबाट ठूलो

आर्थिक सहयोग दिने गरेका कारण यी केन्द्रप्रति विश्वका केही राष्ट्रियस्तरका युनियनहरुको आकर्षण र आवद्धता देखिन्छ । तर पूँजीवादका विरुद्ध निरन्तर संघर्षरत WFTU प्रति सोभियत संघको विघटन पछि केही कमजोर भएको बताइए पनि प्रगतिशील, समाजवादी एवं सामाजिक एवं न्याय पक्षधर युनियनहरु भने WFTU मा नै रहेको र हाल उसको प्रभाव बढ्दो छ ।

- ACFTU (All China Federation of Trade Union) : सदस्य संख्याको हिसावले आफुलाई शक्तिशाली महासंघको रुपमा उभ्याउने ACFTU चीनमा क्रियाशील ट्रेड युनियन महासंघ हो । WFTU र ITUC दुवैसँग यस महासंघले समदुरी राख्दछ ।

**राष्ट्रिय ट्रेड युनियन केन्द्रहरु :**

- **पेशागत महासंघ नेपाल (CONEP) :** पेशागत महासंघ नेपाल सार्वजनिक एवं निजी क्षेत्रमा कार्यरत चारलाख भन्दा बढी कलमजीवी पेशाकर्मीहरुको छाता संगठन हो । महासंघमा राष्ट्रियस्तरका २४ वटा घटकहरु आवद्ध रहेको छन् । सार्वजनिक पेशागत क्षेत्रमा निजामती एवं पेशाकर्मीहरुको ट्रेड युनियन अधिकारलाई स्थापित गर्न महासंघले अग्रणी भूमिका निर्वाह गरेको छ भने अव बन्ने नयाँ संविधानमा श्रमिक एवं पेशाकर्मीको सरोकारसँग सम्बन्धित राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारलाई सुनिश्चित गर्ने मागलाई महासंघले संशक्त ढंगले अगाडि बढाएको छ । पेशाकर्मीहरुवीच ट्रेड युनियनको सैद्धान्तिक एवं बैचारिक स्तर अभिवृद्धि गर्न महासंघले ट्रेड युनियन शिक्षा अभियानलाई संचालन गर्दै आएको छ भने अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्ने क्रममा श्रमिकहरुको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा रहेको प्रगतिशील विचार एवं समाजवादको लक्ष्य बोकेको विश्व ट्रेड युनियन महासंघ (World Federation of Trade Unions-WFTU) सँग भातृत्वपूर्ण सम्वन्ध कायम गरेको छ । बैशाख १८-२०, २०६६ मा चौथो राष्ट्रिय महाधिवेशन सम्पन्न गरी कृयाशील रहेको यस महासंघको आगामी पाँचौं राष्ट्रिय महाधिवेशन बैशाख १९-२०, २०६९ (मे १-२, २०१२) गते सम्पन्न हुने क्रममा रहेको छ । नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) को बुटवलमा सम्पन्न ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशनबाट पेशागत महासंघ नेपाललाई पार्टीको जनवर्गीय संगठनको रुपमा मान्यता प्राप्त भएको छ । यस महासंघको वर्तमान अध्यक्ष क. प्रमोद शर्मा रहनु भएको छ ।
- **नेपाल ट्रेड युनियन महासंघ (GEFONT)** : बैचारिक आधारमा नेकपा (एमाले) निकट रहेको नेपाल ट्रेड युनियन महासंघ नेपाल उद्योग, कलकारखाना, होटल लगायतका क्षेत्रमा कार्यरत श्रमिकहरुको महासंघ हो । यस महासंघमा विशेषतः शारीरिक श्रमसँग सम्बन्धित श्रमिकहरुका विभिन्न घटकहरु आवद्ध रहेका छन् । क. विष्णु रिमाल अध्यक्ष रहनु भएको यस महासंघले ट्रेड युनियनहरुको नेतृत्वदायी घटकको रुपमा आफुलाई स्थापित गर्दै अघि बढिरहेको अवस्था छ । यस महासंघको ITUC नामक अन्तर्राष्ट्रिय ट्रेड युनियन केन्द्रमा आवद्धता लिएको छ । होटल, कलकारखाना क्षेत्रमा संगठित यो महासंघ नेपालको प्रभावशाली महासंघको रुपमा आफूलाई स्थापित गर्न सफल देखिन्छ ।
- **नेपाल ट्रेड युनियन कांग्रेस स्वतन्त्र (NTUC-I)** : नेपाली कांग्रेसको भातृ संगठनको रुपमा रहेको नेपाल ट्रेड युनियन कांग्रेसमा उद्योग कलकारखानाका साथै सेवा क्षेत्रमा क्रियाशील ट्रेड युनियन संघहरु आवद्ध रहेका छन् । यो महासंघको नेतृत्व लक्ष्मण बहादुर बस्नेतले गरिरहनु भएको छ । ITUC सँग आवद्धता लिएको यस महासंघले श्रमिक क्षेत्रमा आफ्नो प्रभावकारी भूमिका खेल्न सकेको देखिंदैन ।
- **अखिल नेपाल ट्रेड युनियन महासंघ (ANTUC)** : यो महासंघ एकिकृत नेकपा माओवादी पार्टीको जनसंगठनको रुपमा उद्योग, कलकारखाना क्षेत्रमा क्रियाशील महासंघ हो । २०६२/२०६३

जनआन्दोलनको सफलतासँगै खुल्ला रुपमा यसका गतिविधि संचालन भएका छन् । आन्तरिक विवादका कारण नेतृत्वमा अन्यौलता रहेको यस महासंघमा क. पोष्ट बहादुर बोगटीले संयोजकको भूमिका निर्वाह गरिरहनु भएको छ ।

- **नेपाल ट्रेड युनियन फेडेरेशन (NTUF):** यो फेडेरेशन नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को जनसंगठनको रुपमा रहेको छ । यो फेडेरेशन पनि उद्योग, कारखाना, होटल र शिक्षण क्षेत्रमा क्रियाशील रहेको छ । यसका गतिविधि सिमित नै भएपनि विश्व ट्रेड युनियन महासंघसँग यस फेडेरेशनले भातृत्वपूर्ण सम्बन्ध कायम राखेको देखिन्छ । ट्रेड युनियन आन्दोलनमा यस महासंघको खासै भूमिका रहेको पाईदैन । WFTU सँग आवद्धता लिएको यस महासंघको अध्यक्ष गंगाबहादुर खड्गी हुनुहुन्छ ।
- **संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (Joint Trade Union Co-ordination Centre-JTUCC)** : ट्रेड युनियनका साझा एवं सरोकारका विषयहरुमा सहकार्य गर्ने उद्देश्यका साथ गठित संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (Joint Trade Union Co-ordination Centre-JTUCC) मा पेशागत महासंघ, नेपाल (CONEP), नेपाल ट्रेड युनियन फेडेरेशन (NTUF), नेपाल ट्रेड युनियन महासंघ (GEFONT), अखिल नेपाल ट्रेड युनियन महासंघ (ANFTU), राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ (N-DECONT), र नेपाल प्रगतिशील ट्रेड युनियन महासंघ (FENEPT), गरी ६ वटा ट्रेड युनियनहरु आवद्ध रहेका छन् । यसको संयोजकको भूमिका आलोपालो प्रणालीबाट हुने गरेको छ । विद्यमान ट्रेड युनियन ऐन, श्रम ऐन लगायत श्रमिकलाई प्रभाव पार्ने ऐन, नियम परिमार्जन गरी श्रमिक पक्षीय वनाउन प्रयत्नशिल रहेको छ ।

**नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका ट्रेड युनियनहरुको तुलनात्मक विवेचना :**

१. **नेपाल निजामती कर्मचारी संगठन** : निजामती कर्मचारीहरुको पेशागत हकहितको संरक्षण र सम्वर्द्धन गरी निजामती सेवाको गरिमा बढाउँदै निजामती प्रशासनलाई सुदृढ, सक्षम, प्रभावकारी, गतिशिल, जनमुखी एवं लोकतान्त्रिक बनाई राष्ट्रिय हित सुदृढ गर्ने उद्देश्यका साथ २०४७ बैशाख ७ गते स्थापित निजामती क्षेत्रको पहिलो देशभर सांगठानिक सञ्जाल तथा करिव ४० हजार सदस्य आवद्ध भएको राष्ट्रियस्तरको ट्रेड युनियन हो । संगठनले निजामती प्रशासनको नीति निर्माणमा हस्तक्षेपकारी र समन्वयकारी भूमिका निर्वाह गर्दै जनतामा पुऱ्याउनु पर्ने सेवा प्रवाहको सन्दर्भमा सहजीकरणको भूमिका, भ्रष्टाचार नियन्त्रण र सदाचार सवलीकरणमा खबरदारी, पेशागत हकहित र सेवाको सुरक्षाको सन्दर्भमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । मानव अधिकार लोकतन्त्र र शान्तिको पक्षमा निरन्तर क्रियाशील यस संगठनको देशभर ११० वटा जिल्ला/विभागीय कार्य समिति, २४ वटा अञ्चल समन्वय समिति, ६ वटा क्षेत्रीय समन्वय समिति, ८५ सदस्यीय केन्द्रीय कार्य समितिको साथै इलाका र प्रा.क.स्तर सम्म आफ्नो सांगठानिक सञ्जाल विस्तार गर्न सफल भएको छ । संगठनले पेशागत हकहित एवं प्रशासन सुधारका सन्दर्भमा नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रिय स्तरका ट्रेड युनियनहरुको बीचमा नेतृत्वदायी भूमिका खेलेको छ । निजामती प्रशासनमा हरेक मुद्दामा पहिले संगठनले क्रिया गर्दछ, त्यसपछि अन्य ट्रेड यूनियनले प्रतिक्रिया व्यक्त गर्ने परम्परा रहेको छ ।

२. **नेपाल निजामती कर्मचारी युनियन** : दलीय राजनीतिको प्रभाव एवं नेपाल निजामती कर्मचारी संगठनको आन्दोलनलाई कमजोर पार्ने अभिप्रायका साथ संगठनबाट छुट्टिएर २०४७ फाल्गुण १२ गते संघको नाम दर्ता भएको र सम्मानित सर्वोच्च अदालतको २०५२ मंसीर २० गतेको निर्णयानुसार खारेज भई पुनः युनियनको नामबाट दर्ता भएको यो संस्था राजनैतिक रुपमा नेपाली

कांग्रेसको निकट संगठनको रुपमा क्रियाशील छ । यसले पेशागत मुद्दा भन्दा केही कर्मचारीहरुको व्यक्तिगत स्वार्थ तथा शक्ति र सुविधाका लागि आफूलाई केन्द्रित गरेको पाइन्छ । यस युनियनको केन्द्रीय नेतृत्वमा रहेको चरम गुटवन्दिका कारणबाट अन्तर ट्रेड युनियन संवाद र समन्वयमा अवरोध सृजना हुने गरेको छ । माथि देखि तलसम्म २ गुटमा विभाजित यो युनियनलाई निजामती कर्मचारीहरुले विश्वास गर्न नसकेको अवस्था छ । नेतृत्वको कार्यशैलीको कारणले समस्या देखिन थालेका छन् । संस्थागत निर्णयमा नबाँधिने, आफुखुसी समूह समूह बनाएर विभाजित मत प्रशासन सामु लैजादा उच्च पदाधिकारीहरुले युनियनलाई संस्थागत रुपमा भन्दा व्यक्तिगत रुपमा मात्र चिन्ने र व्यवहार गर्ने गरेका छन् ।

३. **नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती राष्ट्रिय समिति)** : एनेकपा माओवादी पार्टीको जनवर्गीय संगठनको रुपमा क्रियाशील यो संगठन ट्रेड युनियनको मूल्य मान्यता र संस्कार विपरीत अराजक क्रियाकलापको पर्यायको रुपमा निजामती कर्मचारीहरुको बीच चित्रित छ । तीनवटा गुटमा विभाजित यस संगठनमा अन्य संगठनबाट पलायन भएका लोभी र स्वार्थी कर्मचारीहरुको जमातको बाहुल्यता रहेको छ । यस संगठनमा रहेको गुटवन्दिका कारणबाट अन्तर ट्रेड युनियन संवाद, सम्वन्ध र सहकार्यमा नकारात्मक प्रभाव परिरहेको अवस्था छ । यस संगठनको क्रियाकलापले गर्दा निजामती क्षेत्रको ट्रेड युनियन आन्दोलनको साख गिराउने काम भएको छ । आफू अनुकूल सरकार भएको अवस्थामा यो संगठन निजामती क्षेत्रमा उदण्डता मच्चाई गुण्डागर्दी गर्न रमाउने गरेको छ भने समूहमा क्रान्तिकारिपना देखाउने एक्ला एक्लै गएर ताबेदारी गर्ने, आफु अनुकुल सिफारिसहरु गर्ने प्रवृत्तिले ट्रेड युनियन आन्दोलनमा सहयोग गर्नुको सट्टा यसले आन्दोलनलाई नै भ्रष्टीकरण गरेको छ । आफू अनुकूल सरकार भएको अवस्थामा उदण्डता मच्चाई गुण्डागर्दी गर्ने, एक्लै ताबेदारी गर्ने प्रवृत्ति रहेकोछ ।

४. **नेपाल मधेशी निजामती कर्मचारी मञ्च** : मधेसवादी दल निकटको रुपमा स्थापित यो मञ्च विशुद्ध साम्प्रदायिक भावनाबाट अभिप्रेरित छ । प्राविधिक कर्मचारी माझ सिमित र केन्द्रित यस मञ्चले निजामती क्षेत्रमा प्रशासनिक सुधार एवं पेशागत हकहित प्रवर्द्धनमा खासै उल्लेख्य भूमिका निभाउन सकेको पाइदैन । उसको वास्तविक सदस्य संख्या भन्दा धेरै अनधिकृत सदस्यहरु रहेको भनी आफ्नो क्षमता ठूलो भएको भान पार्न खोज्ने र आकर्षक कार्यालयहरुमा भाग खोज्ने प्रवृत्ति यो मञ्चमा देखिन्छ ।

५. **राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र** :- यस संगठनले निजामती क्षेत्रमा रहेका कार्यालय सहयोगी तथा सवारी चालकहरुको वर्गीय हितको पक्षमा आफुलाई उभ्याउने गरेको पाइन्छ । कुनै पनि राजनैतिक दलको निकट नरहेको यो संगठन आफुलाई स्वतन्त्र र न्यूनवर्गीय कर्मचारीको पक्षधर भएको दावा गर्दछ। पेशागत हकहित र निजामती प्रशासनको सुधारको क्षेत्रमा यसको स्पष्ट अडान र उलेख्य भूमिका रहेको छैन । यस संगठनभित्र हामी नजिक रहेको कर्मचारी समेत देखिएकोले सहकार्यको नीतिलाई निरन्तरता दिदैं जानु पर्ने देखिएको छ ।

६. **राष्ट्रसेवक कर्मचारी संगठन** : सरकारी तथा संस्थान सवारी चालक एशोसियसनको रुपमा क्रियाशील रहेको यस एशोसियसनलाई विभिन्न संगठनका पदाधिकारी तथा सदस्यको किर्ते तथा झुक्याएर दस्तखत गराई दर्ता भएको पछिल्लो ट्रेड युनियन हो । निजामती सेवाको विकास एवं पेशागत समृद्धिको क्षेत्रमा यस संगठनको कुनै भूमिका रहेको देखिएको छैन । यसको गठन भर्खरै भएको हुँदा प्रवृत्तिगत विवेचना गरिएको छैन ।

**नेपाल निजामती कर्मचारी संगठनको सांगठनिक संरचना :**

**१. केन्द्रीय कार्य समिति :**

समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई अंगिकार गरी संगठनको आठौ राष्ट्रिय

अधिवेशनबाट ८५ सदस्यीय केन्द्रीय कार्य समिति निर्माण भएको छ । हाल परराष्ट्र सेवाबाट प्रतिनिधित्व नभएका कारणले ८४ सदस्यीय कार्य समिति क्रियाशील रहेको छ ।

२. **केन्द्रीय सचिवालय :**
केन्द्रीय कार्य समितिका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह-कोषाध्यक्ष रहने गरी १६ सदस्यीय केन्द्रीय सचिवालय क्रियाशील छ ।

३. **जिल्ला विभागीय कार्य समिति :**
७५ जिल्लामा जिल्ला कार्य समिति र मन्त्रालय, विभाग एवं केन्द्रीय निकायमा ३५ विभागीय कार्य समिति बढीमा २१ सदस्य रहने गरी समावेशी कार्य समिति गठन भई संचालनमा रहेका छन् ।

४. **आवश्यकतानुसार इलाका समन्वय समिति र प्रारम्भिक कार्य समितिहरु :**

५. **क्षेत्रीय समन्वय समिति :**
देशको पाँच विकास क्षेत्र र उपत्यका क्षेत्रमा विभागीय कार्य समितिहरु समावेश गरी सम्बन्धित क्षेत्रको उपाध्यक्षको संयोजकत्वमा केन्द्रीय कार्य समितिका सदस्यहरु पदेन सदस्य रहने पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल र उपत्यका गरी ६ वटा क्षेत्रीय समन्वय समितिहरु गठन भएका छन् ।

६. **अञ्चल समन्वय समिति :**
सम्बन्धित अञ्चलबाट उम्मेदवार भई अधिवेशनबाट निर्वाचित भएका केन्द्रीय सदस्यको संयोजकत्वमा सोही अञ्चल भित्रका केन्द्रीय सदस्यहरु, जिल्ला कार्य समितिका अध्यक्ष, केन्द्रीय पार्षद, केन्द्रीय प्रतिनिधि पदेन सदस्य र ३ जनासम्म मनोनित सदस्य रहने गरी २४ वटा अञ्चल समन्वय समिति क्रियाशील छन् । संगठनको विधानमा व्यवस्था भए अनुसार १४ अञ्चललाई भौगोलिक सुगमता अनुकुल १९ वटा अञ्चलमा विभाजन (सगरमाथा, बागमती, कर्णाली, सेती र महाकाली अञ्चललाई बिभाजन गरिएको) गरिएको छ भने उपत्यकामा निम्नानुसार ५ वटा अञ्चल समन्वय समितिहरु गठन भएका छन् ।

**उपत्यका ब्लक "क" अञ्चल समन्वय समिति :**
सूचना तथा सञ्चार मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, सर्वोच्च अदालत, सिंचाइ मन्त्रालय, राष्ट्रपतिको कार्यालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय विभागीय कार्य समिति - ७

**उपत्यका ब्लक "ख" अञ्चल समन्वय समिति :**
गृह मन्त्रालय, निर्वाचन आयोग, उद्योग मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उप राष्ट्रपतिको कार्यालय विभागीय कार्य समिति - ७

**उपत्यका ब्लक "ग" अञ्चल समन्वय समिति :**
स्थानीय विकास मन्त्रालय, उर्जा मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय, संघीय मामिला संविधानसभा संसदीय व्यवस्था तथा सँस्कृति मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, संसद सचिवालय विभागीय कार्य समिति - ७

**उपत्यका ब्लक "घ" अञ्चल समन्वय समिति :**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विज्ञान प्रविधि/वातावरण मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, राष्ट्रिय योजना आयोग विभागीय कार्य समिति - ७

**उपत्यका ब्लक "ङ" अञ्चल समन्वय समिति :**

अर्थ मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, महालेखा परीक्षकको कार्यालय, युवा तथा खेलकुद मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालय विभागीय कार्य समिति - ७

**नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय विभागहरु :**

संगठन केन्द्रीय सचिवालयलाई सहयोग गर्नका लागि तपसिल बमोजिमका १४ केन्द्रीय विभागहरु गठन भएका छन् । विभागले विनियममा व्यवस्था भए बमोजिमका कार्यहरु सचिवालयसँग समन्वयमा गर्दै आएका छन् ।

१. संगठन विभाग, प्रमुख रामहरि शर्मा
२. प्रचार प्रसार तथा प्रकाशन विभाग, प्रमुख, शेखरनाथ दाहाल
३. प्रशिक्षण विभाग, प्रमुख, राधिका ढकाल
४. विदेश विभाग, प्रमुख, मोहनकुमार घिमिरे
५. कानुन तथा अनुसन्धान विभाग, प्रमुख, राजेन्द्र श्रेष्ठ
६. सामाजिक सेवा विभाग, प्रमुख, भोला पोखेल
७. सहकारी विभाग, प्रमुख, राजन रेग्मी
८. कार्यालय व्यवस्थापन तथा जनसम्पर्क विभाग, प्रमुख, ललीकबहादुर महर्जन
९. अनुगमन मूल्यांकन तथा गुनासो व्यवस्थापन विभाग, प्रमुख, राजन रेग्मी
१०. आर्थिक विभाग, प्रमुख, मुकुन्द पराजुली
११ अतिरिक्त क्रियाकलाप विभाग, प्रमुख, शेखरनाथ दाहाल
१२. महिला विभाग, प्रमुख, इन्दिरा रिजाल
महिला विभाग अन्तर्गत ६ वटा क्षेत्रमा क्षेत्रीय महिला विभाग क्रियाशील रहेका छन् ।
१३. सेवा समन्वय विभाग, प्रमुख, केदार प्रसाद देवकोटा
सेवागत समन्वय विभाग अन्तर्गत निजामती सेवा ऐन अनुसार गठन भएका १२ वटा सेवा अनुसार सेवा समन्वय परामर्श समिति गठन भई क्रियाशील रहेका छन् । जुन यसप्रकार छन् : प्रशासन सेवा परामर्श समिति,
(क) नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा परामर्श समिति
(ख) नेपाल इन्जिनियरिङ सेवा परामर्श समिति
(ग) नेपाल कृषि सेवा परामर्श समिति
(घ) नेपाल न्याय सेवा परामर्श समिति
(ङ) नेपाल परराष्ट्र सेवा परामर्श समिति
(च) नेपाल प्रशासन सेवा परामर्श समिति
(छ) नेपाल लेखापरीक्षण सेवा परामर्श समिति
(ज) नेपाल वन सेवा परामर्श समिति
(झ) नेपाल विविध सेवा परामर्श समिति
(ञ) नेपाल शिक्षा सेवा परामर्श समिति

१४. समावेशी समन्वय विभाग, प्रमुख, भोला पोखेल
समावेशी समन्वय विभाग अन्तर्गत संगठनमा समावेशीकरण गरिएका अपाङ्ग, आदिवासी जनजाति, दलित, मधेशी र श्रेणी विहीन/कार्यालय सहयोगी सम्पर्क कमिटी गरी ५ वटा सम्पर्क कमिटीहरु गठन भई क्रियाशील रहेका छन् ।

**आठौं राष्ट्रिय अधिवेशनबाट पारित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र मूल्याङ्कन :**
**मित्रहरु,**
मुलुक अहिले राजनीतिक संक्रमणमा गुज्रिरहेको छ । राजनीतिक प्रणालीले एउटा सुस्पष्ट दिशा निर्देश नगरी रहेको अवस्थामा आर्थिक, सामाजिक, सांस्कृतिक प्रशासनिकलगायतका पेशागत विषयहरुमा समेत संक्रमणता रुमलिंदो रहेको छ । यही राजनीतिक संक्रमणताको प्रभाव भित्र अब म, नेपाल निजामती कर्मचारी संगठनको आठौं राष्ट्रिय अधिवेशन (२०६६ माघ १५-१८, रुपन्देही) बाट पारित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था बारे संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहान्छु ।

१. **"नयाँ संविधानमा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान - राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"** आठौ राष्ट्रिय अधिवेशनले अघि सारेको मूल नारालाई संगठनले नयाँ बन्ने संविधानमा पेशाकर्मीहरुको तर्फबाट मौलिक हकको रुपमा समावेश गरिनु पर्ने मुद्दाको रुपमा उठान गरिरहेको छ । नयाँ बन्ने संविधानमा पेशाकर्मीहरुका एजेण्डाको रुपमा चारवटा विषयवस्तु अघि सारिएको छ :-
   - क्षतिपूर्तिसहितको नागरिक सेवाको ग्यारेन्टी ।
   - श्रमको सम्मान ।
   - सामाजिक सुरक्षा ।
   - राजनीतिक अधिकार सहितको ट्रेड युनियन ।

   आम जनजीविकाका सवाल र सन्दर्भहरुलाई समावेश गरेर नयाँ बन्ने संविधान तोकिएको समय सीमाभित्र जारी गर्नका लागि दबाब श्रृजना गर्नुपर्ने यस संगठनको निष्कर्षलाई मूर्तरुप दिनका लागि २०६७ बैशाख ७ गते संगठन स्थापना दिवसको अवसर पारेर मुलुकभर क्रियाशील रहेका जिल्ला कार्य समितिहरुले प्रमुख जिल्ला अधिकारी मार्फत र केन्द्रमा दशौं हजार पेशाकर्मीहरुको र्‍याली सहित संविधानसभाका अध्यक्षमार्फत संविधानसभा, सम्बन्धित सबै राजनीतिक दललाई खबरदारी र दबाब श्रृजना गरिएको छ । आगामी २०६९ बैशाख ७ गते संगठन स्थापना दिवशको अवसरमा केन्द्र तथा सबै जिल्लामा पेशागत महासंघ नेपालका घटक संस्थाहरु, नागरिक समुदाय, आम पेशाकर्मीसमेतको सहभागितामा वृहत दबाब श्रृजना गर्ने कार्यक्रमका साथ संगठन अघि बढ्न आवश्यक छ ।

२. **सार्वजनिक प्रशासनमा सुशासनको प्रत्याभूतिमा जोड :**
   - सुशासनको माध्यमबाट जनतालाई राज्यबाट उपलब्ध हुने सेवा सुविधामा सहज पहुँच पुऱ्याउने दिशातर्फ निजामती प्रशासनलाई उन्मुख गराउन विभिन्न समयमा संगठनले दबाबमूलक कार्यक्रमहरु संचालन गरेका छन् । संगठनको सकारात्मक दबाबकै कारण क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको विषयलाई गत आ.व. २०६७/०६८ को बजेटमा उल्लेख गराउन हामी सफल भएका छौं । तर सरकारको सुशासनप्रतिको उदासीनताका कारण घोषित कार्यक्रम अगाडि वढ्न सकेका छैनन् । उक्त कार्यक्रमलाई सवै कार्यालयमा विस्तार गर्ने कार्ययोजनाका साथ अगाडि वढ्न आवश्यक छ ।
   - संगठनले नेतृत्व लिएर सबै जिल्ला/विभागीय कार्य समितिमार्फत आवश्यकता र औचित्यताको आधारमा कार्यालय परिसर भित्र उजुरी पेटिका राख्ने र संगठनका सदस्यहरुलाई सदाचारी व्यवहार प्रस्तुत गर्न र सहकारीमार्फत आय आर्जनका बैकल्पिक उपाय खोजी गर्न प्रशिक्षणमार्फत प्रोत्साहन गरिएको छ ।

३. **सामाजिक सुरक्षाको प्रत्याभूतिमा जोड :**

विद्यमान कानूनमा कर्मचारीहरुका लागि गरिएका सेवा सुविधाहरुको अवस्था अप्रर्याप्त र समय अनुकूल छैनन् र तिनको वितरण प्रणाली पनि पारदर्शी नभएको अवस्था छ । प्रत्येक कर्मचारीहरुलाई आवास व्यवस्था, छोराछोरीहरुका लागि शिक्षाको प्रबन्ध, परिवारलाई निःशुल्क स्वास्थ्य सुविधा, वीमा, औषधी उपचारमा थप सुविधाको व्यवस्थामा जोड दिनु पर्दछ । सेवा निबृत्त भए पश्चात सहज र सम्मानपूर्वक जीवनयापनको लागि राज्यको तर्फबाट सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने हाम्रो प्रतिवद्धता र कार्यभार रहेकोमा आसध्य रोग लागेका कर्मचारी र तीनका परिवारहरुलाई उपचार खर्चको व्यवस्था, कर्मचारी आवास व्यवस्थाको शुरुवात, निजामती अस्पतालको सुधार, निजामती विद्यालय स्थापना लगायतका विषयहरु शुरुवात भएको छ भने स्वास्थ्य तथा औषधोपचार वीमा र हाल संचालनमा आईरहेको सावधिक जीवन वीमालाई कर्मचारी पक्षीय बनाउनका लागि पहल र प्रयत्न गर्न आवश्यक छ ।

४. **श्रमको सम्मानमा जोड :**

पेशाबाट प्राप्त गरिनुपर्ने सुविधाहरुको ग्यारेन्टी, वितरण प्रणालीमा न्यायपूर्ण समानता, पेशाको सुरक्षामा ग्यारेन्टी (कार्यथलो समेत), अस्थायी, ज्यालादारी र करारमा भर्ना गर्ने परिपाटीको अन्त्य, ट्रेड युनियन अधिकारको सुनिश्चितता, पारिश्रमिकमा सामाजिक न्यायको प्रत्याभूति, रोजगारीको ग्यारेन्टी गर्ने जस्ता श्रमको सम्मानमा जोड दिइएको छ । सबै तहका कर्मचारीहरुले सम्पन्न गर्ने कामको समुचित सम्मान हुनु पर्दछ भन्ने मान्यतालाई स्थापित गराउने प्रयास र प्रयत्न भएका छन् ।

५. **राजनीतिक अधिकार सहितको ट्रेड युनियनमा जोड :**

सार्वजनिक प्रशासनको उत्थानका लागि **"हामीले हाम्रा लागि, हामी आफैद्वारा"** नीति निर्माण गर्नु पर्दछ भन्ने नीतिलाई जोड दिएको छ । संगठनले संविधानसभा निर्वाचनमा दुई सदस्य प्रतिनिधित्वको अवधारणालाई सातौं राष्ट्रिय अधिवेशनद्वारा पारित गरेको थियो । यद्यपी यो कार्य सफल हुन सकेन । संगठनले नीति निर्माण तहमा आफ्नै उपस्थिति खोजेको छ । अव बन्ने नयाँ संविधानमा निजामती कार्मचारीहरुको चुन्ने र चुनिन पाउने अधिकारलाई सुरक्षित गरिनु पर्दछ भन्ने कर्मचारीहरुको राजनीतिक अधिकारको मागलाई छलफल र बहसमा लगिएको छ । सबै जिम्मेवार राजनीतिक दलहरुलाई यस विषयमा ध्यानाकर्षण गराईएको छ ।

६. **संगठन निर्माण र विस्तारमा जोड :**

देशभर रहेका निजामती सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई संगठित गर्ने कार्यलाई निरन्तरता दिंदै "**एक कार्यालय एक संगठन कार्य समिति"** भन्ने नाराका साथ सवै सरकारी निकायहरुका शाखा अधिकृत सम्मका कर्मचारीहरुमा संगठनको पहुँचलाई विस्तार गर्ने साथै विभिन्न समयमा डर, त्रास, धम्की, प्रलोभन आदिका कारणबाट बाटो बिराई संगठनबाट अलग रहनु भएका तमाम कर्मचारी साथीहरुलाई संगठनमा पुनः आवद्ध हुन आह्वान गर्नु पर्दछ। आगामी दिनमा निजामती सेवामा प्रवेश गर्ने नयाँ कर्मचारीहरुलाई संगठनमा गोलवन्द गर्ने कार्यलाई प्राथमिकता दिनु पर्दछ ।

- सबै क्षेत्रीय समन्वय समिति, अञ्चल समन्वय समिति, जिल्ला विभागीय कार्य समिति गठन र पुर्नगठन भई क्रियाशील रहेका छन्।
- १४ वटा विभागहरु र विभाग अन्तर्गतका सेवा परामर्श समितिहरु, समावेशी सम्पर्क कमिटी क्रियाशील रही रहेका छन् ।
- आवश्यकताअनुसार इलाका समन्वय समितिहरु र प्रारम्भिक कार्य समितिहरु गठन भएका छन् ।
- निजामती सेवाका नयाँ प्रवेशीहरुलाई संगठनप्रति आकर्षित गर्नका लागि राजपत्र अनंकित

कर्मचारीहरुको हकमा हिमाली र दुर्गम जिल्ला कार्य समितिहरु र राजपत्रांकितहरुको हकमा सेवा संचालन गर्ने मन्त्रालय अन्तर्गतको विभागीय कार्य समितिले उत्प्रेरकको भूमिका निर्वाह गर्ने प्रयास थालेको छ । यसलाई अझ सशक्त बनाउनु जरुरी छ ।

## ७. आचरण, व्यवहार र कार्यशैली परिवर्तनमा जोड :

- परिवर्तित परिवेश अनुरुप जनताका ईच्छा, चाहाना अनुरुप सेवा प्रवाह गर्ने सन्दर्भमा आमकर्मचारी र जनता वीचको दुरी निकट हुनु पर्दछ । अर्को तर्फ कर्मचारी, कर्मचारी वीचको व्यवहारमा समेत समयसापेक्ष कार्यशैलीगत र आचारणगत सुधार हुनु पर्ने देखिन्छ । साथै कर्मचारी र जनता वीच गरिने व्यवहारलाई हार्दिक र मैत्रीपूर्ण बनाउने तर्फ ध्यान दिनु आवश्यक छ । विशेष गरी हाम्रो संगठनसँग आवद्ध रहेको सम्पूर्ण सदस्यहरु तथा नेतृत्व तहमा रहने जिम्मेवार संगठकहरुको आचारण, व्यवहार र कार्यशैली अनुकरणीय हुने । कार्य संस्कृति र व्यवहार परिवर्तन हामी प्रत्येक "म"बाट शुरु गर्ने विषय हो । यसलाई आफैबाट कार्य थालनी गरी आम कर्मचारी माझ उदाहरणीय हुने । कार्यस्थलमा संगठनको पहिचान सहितको लोगो लगाउने र अन्य कर्मचारी भन्दा सबै क्षेत्रमा जनताको सेवकको रुपमा संगठनका सदस्यले आफ्नो पहिचान वनाउने कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक छ ।
- ट्रेड युनियन पदाधिकारीलाई पूर्णकालीन सदस्यको रुपमा रहन प्रोत्साहन गरिएको छ ।
- सबै केन्द्रीय पदाधिकारी एवं पार्षद्हरुलाई केन्द्रीय कार्यसमितिमा सम्पत्ति विवरण पेश गर्न अनिवार्य गरिएको छ ।

## ८. शान्ति सुरक्षा कायम गराउनमा जोड :

- कर्मचारीको जीउ, जागिर र कार्य क्षेत्रको सुरक्षाको सवाललाई संगठनले गम्भिरतापूर्वक लिनु पर्दछ । यस कार्यका लागि सरकार, मानव अधिकारकर्मी संस्थाहरु, संचार जगत, नागरिक समाजसँग सह-सम्बन्ध राख्दै विभिन्न विद्रोही तथा अज्ञात समूहबाट हुने गरेको कर्मचारीहरुको हत्या, अपहरण, जवरजस्ती चन्दा असूली, लेवी संकलन जस्ता कार्यलाई संगठित रुपमा विरोध र भण्डाफोर गर्ने हाम्रो कार्यभार रहेकोमा कर्मचारीको सुरक्षाको जिम्मेवारी सुरक्षा निकाय र सरकारको मात्र नभएर सम्बन्धित नागरिक समुदाय र सेवाग्राही समेतको हो भन्ने विषयमा सचेतना कार्यक्रमहरु भएका छन् ।
- सुरक्षाका दृष्टिले संवेदनशील रहेका कार्यक्षेत्रमा विशेष सुरक्षा घेरा बनाई रणनीतिक रुपमा यस्ता घटना हुन नदिन गृह मन्त्रालय र अन्तर्गतका निकायहरु क्रियाशील रहेको अवस्था पनि छ ।
- मालपोत कार्यालय, बारामा कार्यरत ना.सु. माधव थापाको हत्या पश्चात कर्मचारी अपहरण, कुटपिट, जबरजस्ती चन्दा असुली, हत्या लगायतका घटनाको विरोध र भत्सर्ना गर्न निजामती क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरुलाई एक ठाउँमा उभिन बाध्य बनाएको छ ।
- हत्या भएका कर्मचारी र तीनका आश्रृत परिवारको सामाजिक सुरक्षाका लागि क्षतिपूर्ति रकम सहजरुपमा सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउने र संभव भएसम्म परिवारको एक सदस्यलाई रोजगारी व्यवस्था गर्ने कार्य थालनी भएको छ ।
- कर्मचारीको जीवन र कार्यथलोको सुरक्षा विषय लगायतका विषयमा कार्यदल गठन भएको र कार्यदलमा संगठनको महत्वपूर्ण सहभागिता रही सुझावहरु प्रस्तुत गरिएको छ ।

## ९ कार्यालय भवन निर्माण :

संगठनको केन्द्रीय भवन निर्माणका लागि बबरमहल स्थित शहरी विकास तथा भवन निर्माण विभाग परिसरभित्रको का.म.न.पा. वडा नं. ११ स्थित कि.नं. २५०२ क्षेत्रफल ४४५.१४४ ब.मि.

जग्गा मा.पो.का., डिल्लीबजारको मि.नं. ३/०६८/९/११ को निर्णयानुसार भोगाधिकार प्राप्त भएको छ । दैनिक कार्य संचालनको लागि उपयुक्त स्थानमा रहेको उक्त जग्गामा भवन निर्माणको लागि माटो परीक्षण, नाप नक्सा डिजाइन, लागत इष्टिमेट लगायतका प्रारम्भिक कार्य भैरहेका छन् । करिव ६ करोड रुपैयाको अनुमानित लागतमा निर्माण हुने केन्द्रीय कार्यालय भवनका लागि आर्थिक स्रोत जुटाउने कार्य प्रारम्भ भएको छ । केन्द्रीय कार्य समितिका पदाधिकारी, सदस्यहरु तथा सल्लाहकारहरुबाट एक महिना बराबरको तलब जम्मा गर्ने र प्रति सदस्य न्यूनतम रु. ५०० का दरले जिल्ला/विभागीय कार्य समितिहरुबाट सहयोग रकम पठाउन अनुरोध गरिएको छ । साथै, रु. १०,०००।- भन्दा बढी सहयोग गर्नु हुने दाताहरुको नाम शीलालेखमा उल्लेख गर्ने कुनै व्लक नै निर्माणमा सहयोग गर्ने दाताको नामबाटै व्लकको नामकरण गर्ने लगायतका कार्य योजनाहरु अगाडि सारिएको छ ।

यस कार्य अवधिमा सुनसरी र बारा जिल्ला कार्य समितिले आफ्नो कार्यालय भवन निर्माण कार्य शुरु गरेका छन् । उदयपुर जिल्ला कार्य समितिले शहीद मनोज-झपेन्द्र स्मृति भवनको दोस्रो तला निर्माण कार्य सम्पन्न गरेको छ । खोटाङ, सोलुखुम्बु, सप्तरी, रुपन्देहीलगायतका जिल्लाहरुले भवन निर्माणको लागि जग्गा खरिद गरिसकेको अवस्था छ ।

## १०. संक्रमणकालिन अवस्थाको अन्त्यमा जोड :

सबै पक्षलाई कानुन र विधि सम्मत ढंगले आफ्ना गतिविधिहरु संचालन गर्न खवरदारी गर्दै व्यापक राष्ट्रिय सहमती कायम गरी शान्ति र संविधानलाई निष्कर्षमा पुर्‍याउन संगठनले दबाब श्रृजना गरिरहेको छ । त्यसैगरी वर्तमान संक्रमणकालीन अवस्थालाई मध्यनजर गरी हाम्रा पेशागत मुद्दाहरुमा संयमित ढंगले अगाडि बढाईएको अवस्था छ । संगठन वर्तमान संक्रमणकालीन अवस्थाको चाँडो अन्त्य गर्नु पर्दछ भन्ने मान्यताका साथ आफ्ना दबाबमूलक गतिविधिहरु संचालन गरिरहेको छ ।

## ११. पेशागत व्यावसायिकतामा जोड :

पेशाप्रतिको जिम्मेवारी र जनताप्रतिको दायित्व सेवा प्रदायकको मूलमन्त्र हो । यसलाई आत्मसाथ गरी पेशालाई मर्यादित, र सम्मानित बनाउन लागि पर्नु संगठनको कर्तव्य हो । संगठन ट्रेड युनियनको मूल्य, मान्यतालाई आत्मसाथ गर्दै जनताप्रतिको दायित्वसँग जिम्मेवार रहने तथा आफ्नो पेशाको सुधार, मर्यादा र हितका लागि पनि त्यतिकै जिम्मेवार हुने । आफै सक्षम, योग्य र प्रतिभावान बन्ने कार्यले पेशागत व्यावसायिकतामा जोड दिने भएकाले यसलाई अवलम्बन गर्दै अगाडि वढन संगठनको गहन भूमिका रहनेछ ।

संगठन सार्वजनिक प्रशासन भित्रको व्यापारिकरणको विरुद्धमा र व्यावसायिकताको पक्षमा निरन्तर क्रियाशील रही रहेको छ । सुशासन ऐनले दिएको अधिकार प्रशासनिक पदाधिकारीहरुले विना राजनीतिक हस्तक्षेप प्रयोग गर्न पाउनु पर्छ भन्ने मुद्दामा निरन्तर खबरदारी गरिरहेको छ । प्रशासनिक दक्षताका विषयमा संगठनका सदस्यहरु बीचमा संगठन आफ्नै पहलले प्रशिक्षण कार्यक्रमहरु सम्पन्न भएका छन् । नेपाल सरकारको वार्षिक बजेटमा समेत कर्मचारीहरुको दक्षता र व्यावसायिकता वृद्धि गर्ने कार्यक्रमहरु समावेश गर्न विभिन्न तहमा प्रयास पनि भएको छ । सेवाग्राहीहरु प्रति कसरी जिम्मेवार बन्ने र उत्तरदायित्वपूर्ण व्यवहार गर्ने भन्ने विषयमा हामी संगठनहरु पनि चिन्तनशील हुने । सार्वजनिक प्रशासनमा भएको अवाञ्छित राजनीतिक हस्तक्षेपले गर्दा यसको व्यावसियकता र प्रभावकारितामा नकारात्मक प्रभाव पर्ने तर्फ पनि हाम्रो ध्यान पुग्न जरुरी छ ।

## १२. ट्रेड युनियन शिक्षामा जोड :

- कर्मचारीहरुका लागि ट्रेड युनियन (अधिकार, कर्तव्य) किन र के का लागि भन्ने प्रश्न उठ्ने गरेको छ । उच्च प्रशासकहरुमा समेत ट्रेड युनियन प्रतिको भ्रम रहेको छ । संगठनले भ्रम निवारणका लागि एवं यसबाट प्राप्त हुने सेवा, लाभ र दायित्वप्रतिको अनुशिक्षण सवै कर्मचारीहरुमाझ पुऱ्याउन अनिवार्य छ । निजामती कर्मचारीहरुको ट्रेड युनियनको कानूनी व्यवस्था निजामती सेवा ऐनको दोस्रो संशोधनद्वारा भएको छ । संगठन ILO अभिसन्धीले पेशाकर्मीहरुलाई उपलब्ध गराएका अभिसन्धी नं. ८७, १४४ र १५४ को पूर्ण प्रत्याभूति र उप सचिवस्तरसम्मलाई ट्रेड यूनियन अधिकार प्रदान गर्ने तत्कालिन प्रतिनिधि सभाको संकल्प प्रस्तावलाई जोड दिन चाहन्छ । साथै निजामती कर्मचारीहरुको ट्रेड युनियन अधिकारलाई सबै श्रमिक सरह ट्रेड युनियन ऐन मार्फत नै व्यवस्थित गर्ने तर्फ हामी केन्द्रित रहनु पर्दछ ।
- सबै जिल्ला/विभागीय तथा अञ्चल प्रशिक्षणहरुमा ट्रेड युनियन शिक्षा र संस्कृतिको विषयमा प्रशिक्षण र छलफल भएका छन् ।
- केन्द्रीय कार्य समितिका पदाधिकारी एवं सदस्यहरुलाई ट्रेड युनियन सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका छलफल, गोष्ठी र सेमिनारमा सहभागी गराईएको छ । उच्च पदस्थ प्रशासकहरुमा ट्रेड युनियनलाई सकारात्मक रुपमा लिने संस्कार अझै बस्न नसकेको यथार्थताका बीच पनि हामीलाई प्रभावित पार्ने नीति नियम र कानुन निर्माण र संशोधनमा संगठनको प्रतिनिधित्वलाई भने स्वीकार गरिएको अवस्था छ ।
- आधिकारिक ट्रेड युनियनको निर्वाचन निर्देशिका छलफलको अन्तिम चरणमा रहेको छ । निर्देशिका अनुसार आधिकारिक ट्रेड युनियनको निर्वाचन पश्चात भने निजामती क्षेत्रको ट्रेड युनियनलाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन हुने अपेक्षा गर्न सकिन्छ ।

## १३. शहीद घोषणामा जोड :

शहीद मनोज जोशी - झपेन्द्र कार्कीलाई राष्ट्रिय सहीद घोषणा गर्न र निजामती क्षेत्रमा कार्यरत कर्मचारीहरुमा विभिन्न समयमा भएका घटनाहरुमा हत्या गरिएका कर्मचारीहरुलाई शहीद घोषणा गर्न र तिनका परिवारजनलाई उचित सम्मान प्रकट गर्न राज्यलाई दवाव दिने कामलाई निरन्तरता दिइएको भए पनि सरकार अझै पनि कर्मचारी आन्दोलनलाई बैधानिकता दिने पक्षमा देखिंदैन । राष्ट्रिय शहिद घोषणाका लागि अझ पहल र प्रयत्न गर्न जरुरी छ । शहिद मनोज-झपेन्द्रको चित्रअंकित हुलाक टिकट छपाईको लागी सुचना तथा संचार मन्त्रालयलाई अनुरोध गरिएको छ ।

## १४. तहगत प्रणालीमा जोड :

निजामती सेवामा रहेको श्रेणीगत प्रथाको अन्त्य गरी तहगत प्रणाली लागू गर्ने कार्यलाई जोड दिंदै आएतापनि हालसम्म लागू हुन सकेको छैन । तहगत प्रणालीलाई लागू गर्ने प्रतिवद्धता निजामती सेवा ऐनको दोस्रो संशोधनले गरेको छ । यस सम्बन्धी अध्ययन, अनुसन्धान समेत भएका छन्, तथापी ती अधुरा र अपुरा रहेका छन् । तहगत प्रणाली यथाशिध्र लागू गराउन जोड दिने र अध्ययन, अनुसन्धान कार्यदल निर्माण हुँदा संगठनको सहभागिता गराउने कार्यमा संगठनले जोड दिनु पर्दछ ।

सामान्य प्रशासन मन्त्रालयमार्फत अध्ययन गराईएको तहगत प्रणाली विषय प्रति संगठनको मन्त्रालयगत समूह बनाउने विषय र अनावश्यक रुपमा बढी श्रेणी बनाउने विषयमा असहमती रहेको छ । तहगत प्रणाली वर्तमान निजामती प्रशासनका धेरै खाले विकृतिहरु समाधान गर्ने उपाय हुँदा हुँदै पनि अध्ययन प्रतिवेदन विवादमा परेको छ । पुनः वैज्ञानिक अध्ययनका साथ तहगत प्रणालीका विषयमा छलफल गर्नुपर्ने आवश्यकता छ ।

## १५. सेवाग्राहीप्रति जिम्मेवारीमा जोड :

सेवाग्राहीहरुका कामलाई निष्पक्ष, छिटो छरितो र पारदर्शी ढंगबाट सम्पन्न गर्ने कार्यमा संगठनले ध्यान दिनु पर्दछ ।

सेवाग्राहीप्रति जिम्मेवार बनी संगठनका सदस्यले हरेक कार्यालय र सेवा केन्द्रबाट अरुको प्रसंशायोग्य ढंगले सेवा प्रवाह गर्ने कार्य संस्कृति विकास गर्ने । संगठनले संचालन गरेका प्रशिक्षण कार्यक्रमहरुमार्फत यी विषयमा सचेतना भएका छन्।

## १६. सहकारिताको स्थापना, विकास र प्रवर्द्धनमा जोड :

- संगठनको पाँचौ राष्ट्रिय अधिवेशन (२०५६ जेष्ठ २९-३१) ले अगाडि सारेको **"एकका लागि सवै, सवैका लागि एक"** भन्ने मूल नाराका साथ कर्मचारीहरुको हकहितका लागि स्थापित राष्ट्रसेवक सहकारी संस्था को स्थापनालाई देशब्यापी बनाउन आवश्यक छ ।
- सहकारीको दोस्रो राष्ट्रिय भेलाले गरेका निर्णयहरुमा- ३ वर्षभित्र सवै जिल्लामा सहकारी स्थापना गरिसक्ने, ५ देखि ८ वर्षभित्र प्रत्येक सहकारी संस्थाले रु. ५० लाखसम्म पूँजी निर्माण गर्ने, पूँजीलाई वित्त कम्पनी तथा विकास बैंकमार्फत लगानी गर्ने, एउटै लोगो र नाम तयार गर्ने आदि निर्णयलाई कार्यान्वयन गर्ने । सहकारी सम्बन्धी ऐन/नियममा (निजामती सेवा ऐन, नियमावलीमा समेत) भएका बाधा व्यवधानहरुलाई हटाउन वा संशोधन गर्न जोड दिनु पर्दछ । सहकारीको विकास र विस्तारका लागि संगठनले केन्द्रीयस्तरमा सामाजिक सेवा तथा सहकारी विभाग र सहकारी केन्द्रीय समन्वय समितिको स्थापना तथा गठन गरेको छ । सबै जिल्लामा सहकारी स्थापना गर्न आवश्यक छ । सहकारी विभागले जारी गरेको मापदण्डमा २२ बुँदामा संगठनको असहमती रहेको छ । चुन्न र चुनिन पाउने अधिकार कुण्ठित गर्ने दफा तुरुन्त संशोधनको लागि दवाव सृजना गरी संशोधन गराउन संगठन सफल भएको छ ।
- संगठनले संचालन गरेका सहकारीहरुको संख्या ५८ पुगेको छ । यस अवधिमा रुकुम, कालिकोट, मुस्ताङ, लम्जुङ, नुवाकोट, जुम्ला, भक्तपुर, काभ्रेपलाञ्चोक, सिरहा, ओखलढुंगा, कपिलवस्तु, सल्यान जिल्लामा राष्ट्रसेवक सहकारी संस्था स्थापना भएका छन् । सहकारी संस्थाहरुको कार्यशैलीमा एकरुपता कायम गर्न पहिलो चरणमा १८ वटा राष्ट्रसेवक सहकारी संस्थाहरुलाई सफ्टवेयर संचालन सम्बन्धी तालीम सम्पन्न भएको छ । प्रत्येक विकास क्षेत्रमा २/२ वटा सहकारी संस्थाको कार्यलाई अनुगमन गर्ने शिलशिलामा झापा, सिन्धुली, खोटाङ, रसुवा, गोरखा, नवलपरासी, बर्दिया, रोल्पा, बझाङ र कंचनपुर जिल्लाका सहकारीहरुको निरीक्षण गरी निरीक्षण प्रतिवेदन सहकारी विभाग मार्फत प्राप्त भएका छन् ।
- पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा सहकारीहरुको क्षेत्रीय भेला सम्पन्न भएका छन् । यस वर्ष अधिकांश राष्ट्रसेवक सहकारी संस्थाहरुको साधारण सभा सम्पन्न भएका छन् ।
- केन्द्रीय कार्य समितिले सवै सहकारी संस्थाको शेयर खरिद गर्ने नीति अनुसार २५ वटा राष्ट्रसेवक सहकारी संस्थाहरुको शेयर खरिद गरी सकिएको र अन्य १५ वटा सहकारीहरुको शेयर खरिद प्रक्रियामा रहेको छ । आगामी वर्ष ५८ वटै सहकारी संस्थाहरुको शेयर खरिद गर्न आवश्यक छ ।

## १७. भ्रष्टाचार विरोधी आन्दोलनमा जोड :

- भ्रष्टाचार देश विकासको क्यान्सर भएकाले यसको अन्त्य गरिनु जरुरी छ । विकासको विनास भ्रष्टाचारबाट हुने भएकाले यसको निरुपण र उपचारका उपायहरु आदिमा जोड दिनु पर्ने

देखिन्छ । संगठनले राज्य, सरकारी संयन्त्र, निजी साझेदारी क्षेत्र आदिको सहकार्यमा भ्रष्टाचार विरोधी अभियानलाई अगाडि बढाउन जोड दिनु पर्दछ । भ्रष्टाचार निरुपण सम्बन्धी सरकारी निकायहरुको सुधार, यसका लागि चाहिने आवश्यक पूर्वाधारहरुको व्यवस्थापन, निरोधात्मक र उपचारात्मक उपायहरु एवं निजी साझेदारीसँग सहकार्यमा जोड दिने कार्यमा संगठनको पहल रहनु अपरिहार्य देखिएको छ ।

- भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने हाम्रो संगठनको मुद्दालाई राज्यले स्वीकार गरेको छ । यस वर्षको बजेट बक्तव्यमा शून्य सहनशीलतामा भ्रष्टाचार विरोधी अभियान संचालन गर्ने विषय उल्लेख हुनुलाई संगठनले गर्वको रुपमा लिएको छ । तर भ्रष्टाचारमा निर्लज्ज डुबेका राजनीतिक र प्रशासनिक पदाधिकारीहरुबाट शून्य सहनशीलतामा भ्रष्टाचार विरोधी अभियानको संचालन चुनौतिको विषय बनेको छ । शून्य सहनशीलतामा भ्रष्टाचार विरोधी अभियान भनेको - कसैको पनि भ्रष्टाचारजन्य गतिविधि एवं कार्यलाई सहन नगर्नु र भ्रष्टाचार विरोधी अभियानको विषय उठान गर्ने व्यक्तिका विषयमा नै सर्वप्रथम खोजी र बहस गर्ने विषय हो भन्ने कुरालाई आम नागरिक र संगठकबीच लैजाने नीति लिनु आवश्यक छ ।
- सबै जिल्ला विभागीय कार्यसमितिलाई उपयुक्त स्थानमा उजुरी पेटिका राख्नको लागि अनुरोध गरिएको छ ।

**१८. २४(घ)१ को बढुवा व्यवस्थापनमा जोड :**

संगठनको लामो प्रयास र संघर्षबाट प्राप्त भएको बढुवा सम्बन्धी निजामती सेवा ऐनको दफा २४(घ)१ को बढुवा ऐतिहासिक उपलब्धीका रुपमा रहे पनि यस दफामा गरिएको बढुवा सिद्धान्त विपरितका व्यवस्थाका कारण समस्या र जटिलताहरु थपिँदै गएका छन् । यसले श्रृजना गरेका असर प्रति गहन छलफल, अध्ययन र विश्लेषण हुनु पर्दछ । २४(घ)१ को बढुवा व्यवस्थापनका लागि संगठनले अझ थप सशक्तबाट आवाज उठाई दवाव दिन जरुरी छ । यस कार्यलाई सफलतामा पुऱ्याउन पेशागत संगठनहरु, राजनीतिक दल, सरोकारित पक्षहरु, प्रशासनविज्ञहरु, उच्च पदस्थ कर्मचारीहरुसँगको सहकार्यलाई जोड दिने नीतिले मात्र स्थायित्व ग्रहण २४(घ)१ व्यवस्थापनमा मद्दत पुग्ने हुँदा यसलाई संगठनले अवलम्वन गर्नु पर्दछ । २४(घ)१ बढुवा व्यवस्थापनका सन्दर्भमा संगठनबाट भएका महत्वपूर्ण गतिविधिहरु निम्नानुसार रहेका छन् :-

- नेपाल निजामती कर्मचारी संगठनद्वारा विभिन्न चरणमा २४घ१ बढुवा व्यवस्थापनका विषयमा नेपाल सरकारलाई मागपत्र, ज्ञापन पत्र र ध्यानाकर्षण पत्र प्रस्तुत ।
- निजामती क्षेत्रका क्रियाशील ट्रेड युनियन र नेपाल सरकार बीच ८४ बुँदे माग पत्रका विषयमा छलफल गर्न गठित कार्यदलको सिफारिस अनुसार २४(घ)१ बढुवा व्यवस्थापन गर्न मन्त्रिपरिषद्लाई सिफारिस ।
- २०६७ असार २ गते बैज्ञानिक सरुवा प्रणाली लागू गर्ने र २४(घ)१ बढुवा व्यवस्थापन तुरुन्त गर्ने विषयमा नेपाल सरकारलाई ज्ञापन पत्र बुझाउन जाने क्रममा केन्द्रीय कार्य समितिका अध्यक्ष लगायतका पदाधिकारी सहित ५६ जना संगठकहरु गिरफ्तार ।
- संगठनको नेतृत्वमा गत २०६८ असार ३ र ४ गते मुलुकव्यापी आन्दोलनको प्रभावले असार ४ गते नेपाल सरकारसँग वार्ता भई २४(घ)१ बढुवा व्यवस्थापनका विषयमा तत्काल कार्य प्रारम्भ गर्न संझौता ।
- २०६८ कार्तिक १८ गते संगठन दर्ता दिवसको सन्दर्भ पारेर ७५ जिल्ला कार्य समितिले प्रमुख जिल्ला अधिकारी, विभागीय कार्य समितिहरुले सम्बन्धित सचिव र केन्द्रीय कार्य समितिले मुख्य

सचिव मार्फत प्रधानमन्त्रीलाई आन्दोलनका कार्यक्रम घोषणा गर्ने अल्टिमेटम सहितको ज्ञापनपत्र मार्फत दबाब श्रृजना गरेपछि निजामती सेवा ऐनको तेस्रो संशोधन विधेयक मन्त्रिपरिषद्बाट पारित भई व्यवस्थापिका संसदमा रहेको छ ।

**१९. संगठनको सहभागितामा जोड :**

निजामती सेवा ऐन, नियमावलीमा सुधार, परिवर्तन र संशोधन हुँदा संगठनको सहभागिता रहनु पर्नेमा त्यसले पूर्णता पाउन सकेको छैन । कर्मचारी क्षेत्रमा प्रभाव पर्ने आयोग, समिति एवं कार्यदल आदिमा संगठनको सहज ढंगबाट प्रतिनिधित्व गराउन जोड दिने नीति लिनु पर्दछ । तदनुरुप प्रतिनिधित्व नभए हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने कार्यमा निरन्तर प्रयास भैरहेको छ । आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्पन्न नभएसम्म प्रतिनिधित्वमा समस्या रहेको छ ।

**१९. सेवा सुविधामा समान वितरणमा जोड :**

- निजामती सेवा ऐन, नियमावलीमा भएका र अन्य प्रक्रियाबाट प्राप्त हुने सेवा एवं सुविधाहरुमा सवै श्रेणीको र श्रेणी भित्रमा समेत समान ढंगले वितरण गर्ने व्यवस्थालाई संगठनले जोड दिने नीति लिनु जरुरी छ । सामन्ती शोषणको प्रथालाई अन्त्य गर्न संगठनले जोड दिनु पर्दछ ।
- बैदेशिक भ्रमण, अध्ययन, तालीम, गोष्ठि, सभा सम्मेलनमा सबै तहका कर्मचारीहरुलाई न्यायोचित ढंगले अवसर प्रदान गर्नु पर्ने माग अघि सारिएको छ । बढुवाका अवसरहरु कार्यालय सहयोगीदेखि उपल्लो तहसम्म एउटै मापदण्डका आधार हुने व्यवस्थाका लागि दबाब सृजना गरिएको छ । आधारभूत तहको तलब भत्ता जीविकोपार्जन योग्य हुनु पर्दछ भन्ने विषयमा छलफल गोष्ठी र मागपत्रहरु अघि सारिएको छ ।
- एउटै तह र श्रेणीमा एउटै विधिवाट प्रवेश भएका निजामती कर्मचारीहरु पनि पदस्थापना हुँदादेखि नै अवसरमा विभेद भएको महसुस गर्ने अवस्था छ । विभिन्न कार्यालय र निकायहरुमा हुने सेवा सुविधामा हुने असमानतालाई कम गर्ने विषयमा समेत संगठनले आवाज उठाउँदै आएको छ ।
- कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली केही सीमित कार्यालयहरुमा लागू भइरहेको अवस्थामा सवै कार्यालयहरुमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली कार्यान्वयन हुनुपर्ने संगठनको माग नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय मार्फत छलफलको क्रममा रहेको छ ।

**२०. संघीयतामा निजामती प्रशासन र ट्रेड युनियनको भूमिकामा जोड :**

- संघीय शासन प्रणालीको स्वरुप निर्धारण पश्चात नै नागरिक प्रशासनको अवस्था कस्तो हुने भन्ने एकीन गर्न सम्भव हुन्छ । शासकीय स्वरुप निर्धारण भए पश्चात संगठनको (ट्रेड युनियनको) भूमिका, निजामती प्रशासनको संभावित संरचना आदिको विश्लेषण गर्न सकिन्छ । शासकीय स्वरुपको अवस्था जस्तोसुकै भएतापनि स्थायी सरकारको रुपमा रहेको नागरिक प्रशासन जनहित अनुकूल परिवर्तनमुखी हुन जरुरी छ । केन्द्र, राज्य र स्थानीय सरकार वीचको समन्वय र सहकार्यमा जोड दिंदै संगठनले तत्कालीन अवस्था अनुसार नीति निर्णय गर्नु जरुरी छ ।
- संघीयता र संघीयताको सार्वजनिक प्रशासन विषयमा संगठनको धारणा निर्माण गरी प्रशिक्षण सामग्री प्रकाशन भएको छ ।
- संघीयताको सार्वजनिक प्रशासन कस्तो बन्ने भन्ने विषयमा जिल्ला/विभागीय तथा अञ्चल प्रशिक्षण कार्यक्रमहरुमा छलफल र बहसलाई प्रवेश गराईएको छ ।
- केन्द्रीय स्तरमा सम्बन्धित मन्त्री, राजनीतिक दलका प्रतिनिधि समेतको उपस्थितिमा यस विषयमा

अन्तर्क्रिया र छलफल भएको छ भने क्षेत्रीय स्तरमा समेत कार्यक्रमहरु सम्पन्न गरी हाम्रा धारणाहरु सार्वजनिक भएका छन् ।

- संगठनले यस विषयमा नेपाल सरकार र सम्बन्धित निकायमा सुझाव प्रस्तुत गरेको छ ।

**२१. प्रशासनिक विज्ञ समूह निर्माणमा जोड :**

- निजामती प्रशासनका सम्बन्धमा नीति, योजना, कार्यक्रम निर्माण गरी समय समयमा आवश्यक रचनात्मक एवं श्रृजनात्मक सुझावहरु प्रस्तुत गर्ने कार्यका लागि संगठनको तर्फवाट एक "प्रशासनिक विज्ञ समूह" निर्माण गरी योजनाबद्ध ढंगबाट अगाडि बढ्नु जरुरी देखिएको छ ।
- संगठनभित्र प्रशासनिक विज्ञता भित्र्याउन प्रशासनिक विज्ञ समूह निर्माण गर्ने कार्य योजना अनुसार विभिन्न सेवागत समन्वय समितिहरु निर्माण भएका छन् । समितिहरु मार्फत सम्बन्धित समूह र निकायभित्र रहेका समस्याहरुलाई संगठनको मूल कार्यभार भित्र समावेश गर्ने प्रयत्न निरन्तर भईरहेको छ ।

**२२ संगठनको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि :**

- अहिले निजामती प्रशासनमा वहु संगठनको मान्यता स्थापित भैसकेको अवस्था छ । हामीले हाम्रो प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न र आधिकारिक ट्रेड युनियनको निर्वाचनमा संगठनको वर्चस्व कायम गर्ने ठोस योजना बनाउनु पर्ने अवस्था छ । यसका लागि नेतृत्वको आदर्श र त्याग, पर्याप्त अध्ययन, विश्लेषण, समस्याको सहि पहिचान र समाधानका लागि ठोस उपाय, आमसदस्यहरुमा काम प्रतिको समर्पण र इमान्दारिता, संगठनको जुझारु प्रवृत्ति आदिले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । "प्रतिस्पर्धामा श्रेष्ठ संगठन" भन्ने मान्यताका आधारमा अगाडि बढि रहँदा आफु स्वयम् प्रतिस्पर्धी बन्नु पर्ने भएको छ ।
- अन्तर ट्रेड युनियन प्रतिस्पर्धा मार्फत नेपाल निजामती कर्मचारी संगठनलाई उत्कृष्ट बनाउने दायित्व हामीमा छ । यो दायित्व पुरा गर्न हामी अझै बढी क्रियाशील, उर्जाशील र प्रतिस्पर्धी बन्नुपर्ने अपरिहार्यता महशुस गरिएको छ ।
- संगठनभित्रको आन्तरिक प्रतिस्पर्धालाई पनि पूर्णरुपमा खुला गरिएको छ । केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्य अधिवेशनमा स्वतः प्रतिनिधि हुने व्यवस्था अन्त्य गरी जिल्ला/विभागीय कार्य समितिबाट प्रतिनिधित्व गर्नुपर्ने व्यवस्थाले संगठनको आन्तरिक प्रतिस्पर्धा स्वस्थ र मजबुत भएको छ ।

**२३. विदेश सम्बन्ध विस्तारमा जोड :**

यस अवधीमा भारतमा सम्पन्न International Training Program on Leadership Development विषयक तालीम कार्यक्रममा संगठनका उपाध्यक्ष रेवन्त गौतम, चिनिया भाषा प्रशिक्षण कार्यक्रम चीनमा सचिव राधिका ढकाल, All India State Government Employees Federation को Golden Jubulee Celebration, 2010 विजयवाडामा महासचिव मोहनकुमार घिमिरे, सचिवद्धय रामहरि शर्मा र ललीक बहादुर महर्जन, केन्द्रीय सदस्य खेमलाल अधिकारी, WFTU को $16^{th}$ Wrold Trade Union Congress Greece मा अध्यक्ष भोलानाथ पोखरेल, बेइजिङ Beigjing World Trade Union Forum ले आयोजना गरेको May Day Program चीनमा अध्यक्ष भोलानाथ पोखरेल र Third Conference of the Trade Union International of Agriculture, Food, Commerce, Textile and Allied Industries सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन

फ्रान्समा अध्यक्ष भोलानाथ पोखरेल र सचिव शेखरनाथ दाहालले प्रतिनिधित्व गर्नु भएको छ । WFTU को महासचिव George Mavricos सन् २०१० मा आयोजित May Day Program मा सहभागी हुन नेपाल आउनु भएको सन्दर्भमा संगठनले "नेपालका पेशाकर्मीहरुको अवस्था र कर्मचारी संगठनको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । सबै बैदेशिक भ्रमणले अन्तर्राष्ट्रिय ट्रेड युनियन आन्दोलनको गतिविधि बुझ्ने, त्यहाँ भई रहेका श्रम पक्षीय सरोकारका विषय वस्तुहरुमा ऐक्यवद्धता जनाउने, नेपाल निजामती कर्मचारी संगठनको बैदेशिक सम्बन्धलाई अझै विस्तार गर्ने कार्य भएका छन् ।

**२५. पेशागत महासंघ नेपाल विस्तारमा भूमिका :**

नेपाल निजामती कर्मचारी संगठन आवद्ध रहेको छाता संगठन पेशागत महासंघ नेपालका सबै खाले कार्यक्रम, गतिविधि, भेला, गोष्ठी, छलफल, अधिवेशनमा संगठनको तर्फबाट सक्रिय एवं नेतृत्वदायी सहभागिता भएको छ । पेशागत महासंघ नेपाल र नेपाल निजामती कर्मचारी संगठनका संरचनाभित्रका सांगठनिक कार्य र संगठन विस्तारमा देखिएको समस्या र दोहोरोपनालाई घनिभूत रुपमा छलफल गरी निकास दिने नीति यस परिषद्बाट लिनु जरुरी छ । सबै जिल्लाका पेशागत महासंघको जिल्ला समन्वय, समिति गठन र संचालन गर्नका लागि संगठनको महत्वपूर्ण भूमिका र प्रयास गर्नु पर्नेछ ।

**यस अवधिमा सम्पन्न भएका महत्वपूर्ण गतिविधि एवं कार्यक्रमहरु :**
**अध्यक्षज्यू, परिषद् सदस्य तथा पर्वयवेक्षक मित्रहरु,**

अव म, संगठनको आठौ राष्ट्रिय अधिवेशन २०६६ माघ १५-१८ पछि सम्पन्न भएका महत्वपूर्ण सांगठनिक गतिविधि एवं कार्यक्रमहरुको सम्बन्धमा प्रस्तुत गर्ने अनुमति चाहछु ।

**संगठन स्थापना दिवस :**

प्रत्येक वर्ष बैशाख ७ गते संगठन स्थापना दिवसको अवसरमा संगठन केन्द्रीय कार्य समिति, जिल्ला/विभागीय कार्य समितिहरु आयोजनामा विभिन्न अतिरिक्त क्रियाकलाप, गोष्ठी, अन्तर्क्रिया, शुभकामना आदान प्रदान लगायतका रचनात्मक तथा सांगठानिक कार्यक्रमहरु सम्पन्न भएका छन् ।

२०६७ सालको संगठन स्थापना दिवस भने शान्ति, संविधान र राष्ट्रिय सहमतिको लागि व्यापक जनदबाब सृजना गर्दै पेशाकर्मीका एजेण्डा (क्षतिपूर्ति सहितको नागरिक सेवाको ग्यारेन्टी, सामाजिक सुरक्षा, श्रमको सम्मान, राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकार) सहित तोकिएको समय सीमा भित्र नयाँ संविधान जारी गर भन्ने नाराका सबै जिल्ला कार्य समितिहरुले प्रमुख जिल्ला अधिकारी मार्फत र केन्द्रीय कार्य समिति र उपत्यकास्थित कार्य समितिहरुले हजारौंको जुलुसका साथ संविधानसभा अध्यक्ष समक्ष ज्ञापनपत्र मार्फत दबाब सृजना गरेको छ ।

**शहीद मनोज-झपेन्द्र स्मृति दिवस :**

शहीद मनोज-झपेन्द्र स्मृति दिवसका सन्दर्भमा सवै जिल्ला/विभागीय कार्य समितिहरुले आ-आफ्ना ढंगले कार्यक्रमहरु सम्पन्न गरेका छन् । समसामयिक विषयमा अन्तर्क्रिया, शहीद स्मृति सभा, रक्तदान, बृक्षारोपण तथा गोडमेल, विरामीहरुलाई फलफूल वितरण, स्वास्थ्य शिविर सञ्चालन, विद्यालयमा पोशाक तथा शैक्षिक सामाग्री वितरण, प्रवेशिका उर्तिर्ण छात्र छात्राहरुलाई सम्मान तथा पुरस्कार वितरण लगायतका विविध रचनात्मक तथा अतिरिक्त क्रियाकलाप गरी शहीद स्मृति दिवस सम्पन्न भएका छन् ।

केन्द्रीय कार्य समितिले बृक्षारोपण, बृहत रक्तदान, शहीद स्मृति सभा, उत्कृष्ट जिल्ला/विभागीय कार्य समिति पुरस्कार वितरण, उपत्यका व्यापी हाजिरी जवाफ प्रतियोगिता, संघीयतामा सार्वजनिक प्रशासन विषयक छलफल कार्यक्रमका साथ शहीद स्मृति दिवसका कार्यक्रमहरु सम्पन्न गरेको छ ।

शहिद मनोज-झपेन्द्र स्मृति दिवस २०६७ र २०६८ मा निम्न जिल्ला/विभागीय कार्य समिति पुरस्कृत भएका छन् :

| २०६७ | २०६८ |
|---|---|
| झापा, सिन्धुली, रुपन्देही, दाङ, दार्चुला, भौतिक योजना, सिंचाइ । | मोरङ, भक्तपूर, तनहुँ, प्यूठान, बाजुरा, संघीय मामला, सामान्य प्रशासन । |

शहीद मनोज-झपेन्द्र स्मृति दिवस २०६९ देखि एउटा कार्य समितिलाई सर्वोकृष्ट कार्य समितिको रुपमा घोषणा गर्ने नीतिगत निर्णय लिइएको छ । पुरस्कृत कार्य समितिको छनौट प्रक्रियालाई अझैबढी बस्तुगत सूचकांकहरुको निर्माण गर्न आवश्यक छ ।

**निजामती सेवा दिवस :**

निजामती सेवा दिवसको मूल समारोह समितिमा रहेर संगठनले बिभिन्न रचनात्मक एवं अतिरिक्त क्रियाकलापहरुमा सक्रियतापूर्वक भूमिका निर्वाह गरेको छ । विभिन्न समिति र उप समितिहरुमा केन्द्रीय पदाधिकारी एवं सदस्यहरुलाई प्रतिनिधित्व गराइएकोमा सवै समिति, उप समितिहरुमा हाम्रो प्रभावकारी उपस्थिति रहेको छ । जिल्ला कार्य समितिहरुले स्थानीय स्तरमा गठित समारोह समितिमा रहेर प्रभावकारी भूमिका निर्वाह गरेका छन् । निजामती सेवा दिवस सम्पूर्ण निजामती कर्मचारीहरुको आत्मा सम्मान र हर्षोल्लास एवं निजामती सेवाले समाज र राष्ट्रमा पारेका सकारात्मक प्रभावको मूल्याँकन गरिने पर्वको रुपमाभन्दा नियमितता र झारा टार्ने प्रबृत्तिको रुपमा अगाडि बढिरहेको अनुभूति भईरहेको छ । निजामती पुरस्कार पारदर्शी र बस्तुनिष्ठ बन्न सकिरहेको छैन भने यस दिन सम्माननीय प्रधानमन्त्रीबाट हुने सम्बोधन समेत एउटा खोक्रो आदर्शको भाषणमा सिमित बन्न पुगेको छ ।

**श्रमिक महिला दिवस :**

अन्तर्राष्ट्रिय श्रमिक महिलाको सन्दर्भमा केन्द्रीय महिला विभागको आयोजनामा पेशाकर्मी महिलाहरुको समस्याको बारेमा अन्तर्क्रिया, सार्वजनिक प्रशासनमा महिला सहभागिता विषयक निवन्ध प्रतियोगिता जस्ता कार्यक्रम सम्पन्न भएका छन् । प्रमुख राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न कार्यक्रमले पेशाकर्मी महिलाहरुको समस्याको बारेमा राज्यलाई ध्यानाकर्षण गराउन सफल भएको छ ।

**तीज कार्यक्रम :-**

**"साँस्कृतिक मूल्य र मान्यतालाई रोजौं, गहना र सृंगार प्रदर्शन होइन, अधिकार खोजौं"** भन्ने उद्घोषका साथ हरितालिका तीजको अवसर पारेर केन्द्रीय महिला विभागको व्यवस्थापनमा प्रत्येक वर्ष भव्यतापूर्वक अन्तर जिल्ला/विभागीय तीज गीत प्रतियोगिता तथा बृहत समावेशी दर खुवाउने कार्यक्रम सम्पन्न भएका छन् । कार्यक्रममा उपत्यकाका सवै विभागीय कार्य समिति लगायत काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ्ग, काभ्रेपलाञ्चोक लगायतका जिल्लाबाट दुई हजारभन्दा बढी

संगठक, कर्मचारी एवं शुभेच्छुकहरुको सहभागिता रहेने गरेको छ । धेरै जिल्ला/विभागीय कार्य समितिहरु र क्षेत्रीय महिला विभागले पनि तीजको अवसर पारेर रचनात्मक एवं अतिरिक्त क्रियाकलापहरु सम्पन्न गर्ने गरेका छन् । अतिरिक्त कृयाकलापका यस्ता गतिविधिहरुले महिला कर्मचारीहरुलाई मात्र नभएर तमाम राष्ट्रसेवकहरुमा संगठनप्रति आकर्षण बढेको छ ।

**लोकसेवा आयोग तयारी कक्षा :**

संगठन केन्द्रीय सचिवालयले छुट्टै व्यवस्थापन समिति गठन गरी प्रत्येक वर्ष लोकसेवा आयोगबाट लिईने शाखा अधिकृत मूल परीक्षाको लागि शाखा अधिकृत तयारी कक्षा संचालन गरेको छ । २०६७ मा ६५६ जना र २०६८ ६२४ जना तयारी कक्षामा सहभागी भएका छन् । त्यसैगरी यस अवधिमा संगठनको मोरङ्ग, मकवानपुर, सप्तरी, कंचनपुर, दोलखा, बभ्काङ, सुर्खेत, रुकुम जिल्ला कार्य समिति, सर्वोच्च अदालत समिति र शिक्षा विभागीय कार्य समितिले लोकसेवा आयोग तयारी परीक्षाको तयारी कक्षा सञ्चालन गरेका छन् ।

अतिरिक्त क्रियाकलाप मार्फत आर्थिक उपार्जन समेत हुने यस किसिमको क्रियाकलापलाई विभिन्न चरणका परीक्षाप्रति लक्षित गरेर थप क्रियाशीलताका साथ व्यवसायिक ढंगले केन्द्रीय कार्य समिति र संभव भएसम्म जिल्ला/विभागीय कार्य समितिहरुले संचालन गर्दा संगठनको क्रियाशीलता अझ बृद्धि हुने देखिन्छ ।

**प्रशिक्षण कार्यक्रम : केन्द्रीय प्रशिक्षण :**

केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरुलाई मिति २०६६।१२।७ र ८ गते **प्रशासनिक दक्षता र ट्रेड युनियन अधिकार** विषयक केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । यसै गरी २०६८ पौष १ गते **सकारात्मक सोच** विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

**अञ्चल प्रशिक्षण :**

प्रशासनिक दक्षता र ट्रेड यूनियन अधिकार विषयक अञ्चल स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरु तपसिल बमोजिम सम्पन्न भएका छन् :

| सिं.नं. | अञ्चल | मिति | सहभागी कार्य समिति | सहभागी संख्या | स्थान |
|---|---|---|---|---|---|
| १ | गण्डकी | २०६७ भाद्र १८ र १९ गते | मनाङ्ग, लम्जुङ्ग, कास्की, गोरखा, तनहुँ, स्याङ्गजा | ९५ | लम्जुङ्ग |
| २ | सेती (तल्लो) | २०६७ आश्विन २ र ३ गते | डोटी, कैलाली | ७९ | डोटी |
| ३ | महाकाली ( संयुक्त) | २०६७ आश्विन ४ र ५ गते | कंचनपुर, डडेल्धुरा, बैतडी, दार्चुला | ५२ | डंडेल्धुरा |
| ४ | सगरमाथा ( माथिल्लो) | २०६७ आश्विन ८ र ९ गते | खोटाङ्ग, ओखलढुंगा, सोलुखुम्बु | ६७ | ओखलढुंगा |
| ५ | कर्णाली (तल्लो) | २०६७ आश्विन ८ | जुम्ला, कालिकोटा | ६७ | जुम्ला |

| | | | | | |
|---|---|---|---|---|---|
| | | र ९ गते | | | |
| ६ | लुम्बिनी | २०६७ आश्विन ८ र ९ | नवलपरासी, रुपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, कपिलवस्तु | १३६ | गुल्मी |
| ७ | मेची | २०६७ आश्विन १७ र १८ गते | ताप्लेजुङ्ग, पाँचथर, ईलाम, झापा | ११५ | झापा |
| ८ | धौलागिरी | २०६७ मंसिर ३ र ४ गते | पर्वत, बाग्लुङ्ग, म्याग्दी, मुस्ताङ्ग | १०७ | पर्वत |
| ९ | नारायणी | २०६७ मंसिर ३ र ४ गते | बारा, पर्सा, रौतहट, मकवानपुर, चितवन | १२५ | पर्सा |
| १० | कोशी | २०६७ मंसिर ५ र ६ गते | मोरङ्ग, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा | १४३ | धनकुटा |
| ११ | सगरमाथा (तल्लो) | २०६७ मंसिर ७ र ८ | सिरहा, सप्तरी, उदयपुर | ७२ | सिरहा |
| १२ | बागमती (पूर्व) | २०६७ मंसिर १० र ११ गते | भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप | ६८ | सिन्धुपाल्चोक |
| १३ | बागमती (पश्चिम) | २०६७ मंसिर १७ र १८ गते | काठमाडौं, ललितपुर, नुवाकोट, रसुवा, धादिङ्ग | ८८ | नुवाकोट |
| १४ | उपत्यका “ख” ब्लक | २०६७ मंसिर १७ र १८ गते | गृह, शिक्षा, उद्योग, निर्वाचन, रक्षा, वाणिज्य | ७८ | गोश्वारा हुलाक |
| १५ | भेरी र माथिल्लो कर्णाली संयुक्त | २०६७ मंसिर २४ र २५ गते | बाँके, बर्दिया, दैलेख, सुर्खेत, जाजरकोट, हुम्ला | १०५ | दैलेख |
| १६ | उपत्यका “क” ब्लक | २०६७ मंसिर २४ र २५ गते | सञ्चार, सर्वोच्च, पर्यटन, अख्तियार, लोकसेवा, सिंचाइ | ६४ | सर्वोच्च |
| १७ | उपत्यका “ग” ब्लक | २०६७ पौष २ र ३ गते | स्थानीय, उर्जा, भूमिसुधार, संघीय मामिला, महान्यायाधिवक्ताको कार्यालय, संसद, महिला | १३७ | स्थानीय विकास मन्त्रालय |
| १८ | उपत्यका “ङ” ब्लक | २०६७ पौष ५ र ६ गते | सामान्य, अर्थ, भौतिक, म.ले.प. युवा तथा खेलकुद, | ८१ | सडक विभाग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वन | | |
| १९ | उपत्यका "घ" ब्लक | २०६७ पौष ९ र १० गते | स्वास्थ्य, कृषि, प्र.म., श्रम, कानून, रायोआ | ११५ | कृषि विभाग |
| २० | राप्ती | २०६७ पौष ९ र १० गते | दाङ्ग, सल्यान, रुकुम, रोल्पा, प्यूठान | १०५ | रुकुम |
| २१ | जनकपुर | २०६७ पौष | धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली | १०१ | सर्लाही |
| | | | **जम्मा :** | २,००० | |

**जिल्ला/विभागीय प्रशिक्षण :**

ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, तेह्रथुम, धनकुटा, भोजपुर, संखुवासभा, सुनसरी, मोरङ, सोलुखुम्वु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सप्तरी, सिराहा, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, चितवन, मकवानपुर, रौतहट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, भक्तपुर, रसुवा, धादिङ्ग, नुवाकोट, काठमाण्डौं, ललितपुर, पाल्पा, गुल्मी, रुपन्देही, नवलपरासी, लमजुङ, तनहुँ, गोरखा, कास्की, पर्वत, वागलुङ, मुस्ताङ, दाङ, रुकुम, सल्यान, दैलेख, बाँके, वर्दिया, सुर्खेत, जुम्ला, डोल्पा, कालिकोट, डोटी, बझाङ्ग, कैलाली कञ्चनपुर, डडेल्धुरा, बैतडी, जिल्ला कार्य समितिहरु र पर्यटन तथा नागरिक उड्डयन, सर्वोच्च, सूचना तथा सञ्चार, अख्तियार दुरुपयोग, लोकसेवा आयोग, सिंचाइ, गृह, उद्योग, निर्वाचन, रक्षा, शिक्षा, स्थानीय विकास, भूमिसुधार तथा व्यवस्था, संघीय मामिला संविधान सभा, स्वास्थ्य तथा जनसंख्या, कृषि तथा सहकारी, भौतिक योजना, सामान्य प्रशासन, अर्थ, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, शान्ति तथा पुनःनिर्माण, महिला तथा वालवालिका, श्रम तथा यातायात, उर्जा, वाणिज्य तथा आपूर्ति विभागीय कार्य समितिका प्रशिक्षण कार्यक्रमहरु सम्पन्न भएका छन् । सम्पन्न भएका प्रशिक्षण कार्यक्रमहरु उपलब्धीपूर्ण भएको प्रारम्भिक मूल्याङ्कन रहेको छ ।

**जिल्ला/विभागीय परिषद् :**

ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, तेह्रथुम, धनकुटा, भोजपुर, संखुवासभा, सुनसरी, मोरङ, सोलुखुम्वु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सप्तरी, सिराहा, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, चितवन, मकवानपुर, रौतहट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, भक्तपुर, रसुवा, धादिङ्ग, नुवाकोट, काठमाण्डौं, ललितपुर, पाल्पा, गुल्मी, रुपन्देही, नवलपरासी, लमजुङ, तनहुँ, गोरखा, कास्की, पर्वत, वागलुङ, मुस्ताङ, दाङ, रुकुम, सल्यान, दैलेख, बाँके, वर्दिया, सुर्खेत, जुम्ला, डोल्पा, कालिकोट, डोटी, बझाङ्ग, कैलाली कञ्चनपुर, डडेल्धुरा, बैतडी, जिल्ला कार्य समितिहरु र पर्यटन तथा नागरिक उड्डयन, सर्वोच्च, सूचना तथा सञ्चार, अख्तियार दुरुपयोग, लोकसेवा आयोग, सिंचाइ, गृह, उद्योग, निर्वाचन, रक्षा, शिक्षा, स्थानीय विकास, भूमिसुधार तथा व्यवस्था, संघीय मामिला संविधान सभा, स्वास्थ्य तथा जनसंख्या, कृषि तथा सहकारी, भौतिक योजना, सामान्य प्रशासन विभागीय कार्य समितिका परिषद् सम्पन्न भई केन्द्रीय कार्यसमितिमा सुझावहरु प्राप्त भएका छन् ।

**विविध साँस्कृतिक कार्यक्रम :**

संगठनको वार्षिक कार्यक्रम अनुसार कर्मचारी कल्याण कोषको सहयोगार्थ २०६८ श्रावण २३ गते प्रज्ञाभवन, कमलादी, काठमाडौंमा भव्यतापूर्वक विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । केन्द्रीय अतिरिक्त क्रियाकलाप विभागको व्यवस्थापनमा सम्पन्न उक्त कार्यक्रमले संगठनको रचनात्मक

एवं अतिरिक्त क्रियाकलापलाई झनै फराकिलो दायरा हासिल गर्दै र मनोरञ्जन समेत प्रदान गरेको छ । यस कार्यक्रमबाट रु. १०,९३,२००।- रकम प्राप्त भएको छ । नियमित वार्षिक कार्यक्रमको रुपमा अझै परिष्कृत ढंगले साँस्कृतिक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । कर्मचारी कल्याण कोषमा हाल रु. १८ लाख ३८ हजार ६६४ रुपैंया रकम जम्मा भएको छ । विभिन्न रोग लागेका कर्मचारीहरुको स्वास्थ्योपचारको लागि स्थापित यस कोषको रकमबाट सवै क्षेत्र र तहका विरामी कर्मचारीहरुलाई कार्य समितिहरुको सिफारिसमा रकम उपलव्ध गराउने गरिएको छ ।

**वनभोज कार्यक्रम :-**

अतिरिक्त क्रियाकलापको माध्यमबाट संगठन विस्तारको अभिन्न अंग बनेको बनभोज कार्यक्रमहरु विभिन्न जिल्ला/विभागीय कार्य समितिहरुले सम्पन्न गरेका छन् । केन्द्रीय कार्यक्रमको रुपमा संगठन उपत्यका क्षेत्रीय समन्वय समितिको व्यवस्थापनमा बनभोज कार्यक्रमहरु भव्यतापूर्वक सम्पन्न भएका छन् । बनभोज कार्यक्रमहरुलाई संगठनको अतिरिक्त क्रियाकलापको रुपमा उपयुक्त समय र व्यवस्थापनमा संचालन गरी संगठनप्रति आम कर्मचारी सदस्यहरुको आकर्षण बृद्धि गर्ने कार्ययोजना सवै कार्य समितिहरुले अगाडि ल्याउनु आवश्यक छ ।

**उपहार कार्यक्रम :-**

संगठनले संचालन गर्ने अतिरिक्त क्रियाकलाप मार्फत महत्वपूर्ण आर्थिक श्रोतको माध्यम वनिरहेको उपहार कार्यक्रम भव्यतापूर्वक सम्पन्न भएका छन् । २०६७ को उपहार कार्यक्रममा रु. ५०।- दरका ७७,४६३ प्रति विक्री भएका छन् । धेरै लामो समयसम्म रु. ५०।- प्रति थान उपहार रसिद सहयोग शुल्क रहेकोमा २०६८ सालबाट रु. १००।- सहयोग शुल्क कायम गरिएको उपहार कार्यक्रम उत्साहजनक ढंगले सफल भएको छ । ९० हजार प्रति रसिद छपाई गरी सवै कार्य समितिहरुमा बिक्रीको लागि पठाइएकोमा ५६,७६० प्रति रसिद बिक्री भई रु. ५६ लाख ७६ हजार बरावरको उपहार रसिद बिक्री भएका छन् । यसबाट जिल्ला/विभागीय कार्य समिति, अञ्चल समन्वय समिति, क्षेत्रीय समन्वय समिति र केन्द्रीय कार्य समितिले आ-आफ्नो कोष बृद्धि गरेका छन् । अझै फराकिलो दायरामा उपहार रसिद छपाई गरी उपहार सामाग्रीहरुमा समेत विविधता कायम गर्दै नियमित अतिरिक्त एवं आर्थिक कार्यक्रमको रुपमा उपहार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ । उपहार वितरण कार्यलाई सर्वसुलभ र सजिलो बनाउने काममा थप सक्रियताको जरुरत देखिन्छ । उपहार कार्यक्रमको पारित नीति अनुसार २०६८ सालमा पुरस्कृत हुने जिल्ला/विभागीय कार्य समितिहरु निम्नानुसार रहेका छन् ।

| सिं. नं. | पुरस्कार नीति | जिल्ला/विभागीय कार्य समिति | बिक्री संख्या | उपहार |
|---|---|---|---|---|
| १ | सवैभन्दा बढी बिक्री गर्ने कार्य समिति | सुनसरी | ५०७५ | दोस्रो पुरस्कार ल्यापटप वा नगद रु. ३५,०००।- |
| २ | ५००० थान भन्दा बढी बिक्री गर्ने कार्य समिति | - | - | दोस्रो पुरस्कार ल्यापटप वा नगद रु. ३५,०००।- |
| ३ | क्षेत्रगत आधारमा बढी बिक्री गर्ने कार्य समिति | | | |
| | (क) पूर्बाञ्चल | मोरङ्ग | २८०० | तेस्रो पुरस्कार २१ इञ्च टि.भि. वा नगद रु. १५,०००।- |
| | (ख) मध्यमाञ्चल | मकवानपुर | १५२५ | |
| | (ग) पश्चिमाञ्चल | कास्की | १७५० | |
| | (घ) मध्य पश्चिमाञ्चल | बाँके | ८३५ | |

| | | | | |
|---|---|---|---|---|
| | (ङ) सुदूर पश्चिमाञ्चल | कञ्चनपुर | १००० | |
| | (च) उपत्यका | अर्थ | १८०० | |
| ४ | निजामती सेवा ऐन र नियमावली अनुसार (क) र (ख) वर्गमा पर्ने हिमाली, पहाडी जिल्ला मध्येबाट ३/३ वटा | | | |
| | (क) हिमाली | मुस्ताङ्ग | ७०० | सान्त्वना पुरस्कार मोवाईल सेट वा रु. ३,५००।- |
| | | सोलुखुम्बु | ५५० | |
| | | ताप्लेजुङ्ग | ५०० | |
| | | ईलाम | १००० | |
| | (ख) पहाडी | धनकुटा | १२०० | |
| | | सुर्खेत | ८०० | |
| ५ | प्रथम पुरस्कार विक्रेताको रसिद बिक्रेता | सुनसरी जिल्ला कार्य समिति सदस्य श्री कुल मणि बराल | | सान्त्वना पुरस्कार मोवाईल सेट वा रु. ३,५००।- |

**प्रकाशन :**

भित्तेपात्रो (क्यालेण्डर): २०६७ : ३०००० प्रति, २०६८ : ३०००० प्रति, २०६९ : ३०००० प्रति छपाई गरी वितरण भएको छ भने संगठन पकेट क्यालेण्डर, २०६८ मा १०,००० प्रति छपाई गरी वितरण गरिएको छ ।

स्वाभिमानी राष्ट्रसेवक : संगठनको मुखपत्रको रुपमा रहेको स्वाभिमानी राष्ट्रसेवक प्रकाशन गरिएको छ ।

नेगो बुलेटिन : नेगो बुलेटिन (नेपाली) : २ अंक, नेगो बुलेटिन (अंग्रेजी) : १ अंक, नेगो बुलेटिन विशेषाङ्क (नेपाली) : १ अंक छपाई गरी वितरण गरिएको छ ।

पाठ्य सामग्री : प्रशिक्षण सामग्री : ८,५०० प्रति, संगठन परिचय पुस्तिका (Broucher) : १,००० प्रति, संगठन सम्पर्क डायरी, २०६८ : ४,००० प्रति र संगठनको ब्याच (लोगो)-३,००० थान तयारी वितरणको क्रममा रहेको छ । त्यसैगरी जिल्ला विभागीय कार्य समितिहरुबाट गृह विभागीय कार्य समितिबाट "सम्प्रेषण", शिक्षा विभागीय कार्य समितिबाट "कर्मचारी कलम", पर्यटन विभागीय कार्य समितिबाट "पर्यटन", उद्योग विभागीय कार्य समितिबाट "निजामती सौगात", बाँके जिल्ला कार्य समितिबाट "संकल्प" र दोलखा जिल्ला कार्य समितिबाट "राष्ट्रसेवक दर्पण" प्रकाशन भएका छन् ।

**NEGEO Notice Board Service** : छोटा छोटा सूचना प्रवाहको लागि NEGEO Notice Board Service सेवा शुरु गरिएको छ । यस मार्फत संगठनका सूचना र सन्देशहरु प्रवाहमा प्रभावकारिता भएको पाईएको छ । हाम्रो NEGEO Notice Board Service को नम्बर **१६१८०१४७८५८७७** रहेको छ । यसलाई दैनिक अपडेट गर्ने तथा सवै संगठकहरुलाई सन्देश मार्फत सु-सूचित हुने वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

**तलव भत्ता सम्बन्धमा :** संगठनले आधारभूत तहको तलब भत्ता जिविकोपार्जन योग्य हुनु पर्दछ भन्ने विषयमा निरन्तर छलफल अन्तर्क्रिया संचालन गरेको छ । विगत आर्थिक वर्षका बजेट बक्तव्यहरुमा संगठनले उठाएका विषयमा संवोधन गर्ने सरकारको प्रयास भने पर्याप्त छैन । निजामती

कर्मचारीहरुको तलव, भत्ता सम्बन्धमा निम्न विषयमा संगठनले नेपाल सरकारलाई सिफरिस गरेको र दबाबका कार्यक्रम समेत संचालन गरेको छ । यस सन्दर्भमा केही मुख्य समस्या र त्यसको समाधान निम्न वमोजिम देखिन्छ । यस सन्दर्भमा संगठनले निम्न नीति अघि सार्नु सान्दर्भिक हुने देखिन्छ ।

- निजामती कर्मचारीहरुको तलव, भत्तालाई अन्य पेशाकर्मीहरुको तलव, भत्ता छुट्याउनु पर्ने,
- आधारभूत तहको तलव स्केल न्यूनतम रु. १५,०००।- कायम गरी १ : ५ को अनुपातमा नवढाई पदसोपानको आधारमा निर्धारण गर्नुपर्ने,
- एक दिनको तलव बरावरको वार्षिक ग्रेड रकम प्रदान गर्नुपर्ने,
- पोशाक भत्ता वापत सवै निजामती कर्मचारीलाई वार्षिक रु. १५,०००।- (पन्ध्र हजार) उपलव्ध गराउनु पर्ने,
- आवास, परिवहन, सन्तती शैक्षिक भत्ता प्रदान गर्ने । यसरी समाजिक सुरक्षा सम्बन्धी भत्ता प्रदान गर्दा स्थानीय स्तरको आवश्यकताको आधारमा मापदण्ड तयार गरी लागू गर्नुपर्ने,
- स्थानीय र दूर्गम भत्ताको बैज्ञानिक ढंगले पुनरावलोकन गर्नुपर्ने,
- १८० दिनभन्दा बढीको संचित विदा वापतको रकम प्रत्येक वर्ष प्रदान गर्नुपर्ने,
- कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली सवै निकायमा लागू गर्नुपर्ने,
- वर्तमान तलवमानमा रहेको असमानता र खप्टिने अवस्थालाई पदसोपानको आधारमा तत्काल मिलाउनु पर्ने,
- आन्तरिक पर्यटनलाई प्रोत्साहन समेत गर्दै कर्मचारीहरुको कार्य सम्पादनमा उत्प्रेरणा ल्याउनका साथै पुनर्ताजकीका लागि आवश्यक दैनिक भ्रमण भत्ताका साथै वार्षिक रुपमा १५ दिनको विदा सहीत भ्रमण प्याकेज उपलव्ध गराउनु पर्ने,
- स्वास्थ्य वीमा योजना कार्यान्वयन गरिनु पर्ने,

**कर्मचारी संचय कोष सम्बन्धी :-**

कर्मचारी संचय कोषको व्यवस्थापन समितिमा हाम्रो ट्रेड यूनियनको प्रतिनिधित्व हुनु पर्दछ भन्ने मुद्दा संगठनले निरन्तर उठाउँदै आएको छ । तथापि आधिकारिक ट्रेड यूनियनको निर्वाचन सम्पन्न नभएसम्म उक्त माग फितलो सावित भएको छ । संचयकर्तालाई ऋण सर्वसुलभ तरिकाले उपलव्ध गराउनु पर्ने, ९० प्रतिशत ऋण आफ्नो खाताको हिसाव फर्छ्यौट गरी लिन पाउनु पर्ने, सवै ठाउँमा भवन निर्माण र शैक्षिक ऋण उपलव्ध गराउनु पर्ने, कर्जा जोखिम रहेको लगानी उठाउने सन्दर्भमा तत्काल कारवाही चलाउनु पर्ने, लिने दिने ब्याजदरको अन्तर ०.५ प्रतिशत मात्र हुनुपर्ने जस्ता मागहरु अगाडि बढाइएको छ । यसवर्षको संचालन मुनाफा १.५ प्रतिशत बोनस वितरण गर्ने तथा सवै संचयकर्तालाई ब्यापार र घरजग्गा प्रयोजनको लागि ११ प्रतिशत ब्याजदरमा रु. २० लाख ( Overdraft Loan) ऋण उपलव्ध गराउने, क्रिया खर्च वापत १ लाख रुपैंया उपलव्ध गराउने कार्यक्रम संचय कोषबाट अगाडि सारेको छ । प्रशिक्षण कार्यक्रम संचालन गर्न कर्मचारी संचय कोषबाट रु. १० लाख सहयोग प्राप्त भएको छ । कर्मचारी संचय कोषबाट नेपाल आयल निगम लगायत लाई दिइएको ऋण वढि भएको देखिएको तर असुल भएको नदेखिएको तर्फ पनि खवरदारी गर्न जरुरी छ ।

**केन्द्रीय भवन निर्माण**

**क) जग्गा प्राप्ति :-** नेपाल सरकारबाट निजामती क्षेत्रमा क्रियाशील ट्रेड यूनियनहरुलाई आफ्नो

केन्द्रीय भवन निर्माणको लागि सरकारी स्वामित्वमा रहेको तर प्रयोगमा नरहेको १-०-०-० रोपनीसम्म जग्गा भोगाधिकार प्रदान गर्ने मिति २०६८ असार १ गतेको नीतिगत निर्णय अनुसार हाम्रो संगठनको केन्द्रीय भवन निर्माणका लागि बबरमहल स्थित शहरी विकास तथा भवन निर्माण विभाग परिसरभित्रको का.म.न.पा. वडा नं. ११ स्थित कि.नं. २५०२ क्षेत्रफल ४४५.१४४ ब.मि. जग्गा मा.पो.का., डिल्लीबजारको मि.नं. ३/०६८/९/११ को निर्णयानुसार भोगाधिकार प्राप्त भएको छ । यस कार्यमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार लगायत सम्बन्धित निकायहरु र संगठनका पदाधिकारी एवं सदस्यहरु सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

**(ख) <u>भवन निर्माण योजना</u> :-** संगठन केन्द्रीय भवन निर्माणको प्रारम्भिक कार्य अर्थात नाँप, नक्सा, डिजाईन, माटो परीक्षण गर्ने जिम्मा केन्द्रीय उपाध्यक्ष रेवन्त गौतमलाई प्रदान गरिएको छ । भवन निर्माण समितिमा सचिवालयको बैठक २०६८ मंसिर २८ गते सम्पन्न भएको छ । भवन निर्माणको लागि उठेको सहयोग रकमको एकिन हरहिसाव संकलन, जिल्ला/विभागीय कार्य समिति एवं पदाधिकारीहरुसँग भवन निर्माण सहयोगको रकम बक्यौता रहेको भए त्यसको विवरण, सवै केन्द्रीय पदाधिकारी एवं सदस्य तथा सल्लाहकारबाट एक महिना बरावरको रकम जम्मा गर्ने, एक दिनको तलव वरावरको रकम सवै संगठक एवं कर्मचारीहरुबाट माग गर्ने लगायतका कार्यसूचीहरु तयारी गरी तत्काल भवन निर्माण योजना सम्पन्न गर्ने कार्य तिब्र गतिमा अघि बढेको छ ।

**<u>स्वास्थ्य सेवा ऐन सम्बन्धमा</u> :-** विना निष्कर्ष लामो समयसम्म सदनमा अड्किएर बसेको स्वास्थ्य सेवा ऐनको विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । २०६८ मंसिर १४ गते स्वास्थ्य क्षेत्रका विज्ञ, स्वास्थ्यसँग सम्बन्धित संगठक, केन्द्रीय पदाधिकारी, पेशागत महासंघ नेपालका पदाधिकारी, नेकपा ( एमाले) का सभासद् क. डा. बिजय पौडेल, नेकपा (एमाले) स्वास्थ्य सेवा विभागका प्रमुख क. कृष्णगोपाल श्रेष्ठ समेतको उपस्थितिमा स्वास्थ्य सेवा ऐनको सम्बन्धमा छलफल गरी सुझाव प्रस्तुत गरिएको छ ।

**<u>निजामती कर्मचारी स्वास्थ्य उपचार तथा दुर्घटना वीमा सम्बन्धमा</u> :-** संगठनको माग र दवावको फलस्वरुप बहालवाला र अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारी तीनका पति, पत्नी र २१ वर्ष ननाघेका २ जना सम्म छोराछोरीलाई रु. ५ लाख बरावरको दूर्घटना वीमा र वार्षिक रु. ३ लाख वरावरको स्वास्थ्योपचार वीमा सम्बन्धी विषय सामान्य प्रशासन मन्त्रालयबाट नीतिगत सहमतीका लागि अर्थ मन्त्रालयमा गएको छ । हाल पाईरहेको स्वास्थ्य उपचार खर्च, सावधिक वीमा जस्ता सुविधा कटौती नहुने गरी थप सुविधाको रुपमा यस सुविधालाई प्राप्त गर्ने दिशामा संगठनले आवश्यक दवाव सिर्जना गरिरहेको छ ।

**<u>निजामती सेवा ऐन/नियमावलीको संशोधन</u> :-** निजामती सेवा ऐन, २०४९ को संशोधन गरी २४घ(१) बढुवा व्यवस्थापन गर्नुपर्ने संगठनको मागलाई गत कार्तिक १३ गते केन्द्रीय कार्य समितिको तर्फबाट र कार्तिक १८ गते मुलुकभरीका ११० ठाउँबाट दवाव सिर्जना गरेपछि मन्त्रिपरिषद्बाट पारित भई सदनमा प्रस्तुत भएको छ । धेरै मुद्दामा हाम्रो नीति पक्षीय वन्न नसकेका भएतापनि यस विधेयकलाई राजनीतिक नेतृत्वसँग छलफल गरी तत्काल टुङ्ग्याउने कार्यभारका साथ संगठन क्रियाशील रहिरहेको छ । हाल छलफलकै क्रममा रहेको ऐन संशोधन प्रस्तावमा बढुवाको आधार फराकिलो बन्न नसकेको, समायोजनको बस्तुगत र सम्बन्धित मन्त्रालयले गरिनु पर्नेमा सेवा सञ्चालन गर्ने मन्त्रालयले गर्ने भन्ने विषय, पचास प्रतिशत खुल्ला र पचास प्रतिशत बढुवा व्यवस्था हुनुपर्नेमा ७० प्रतिशत खुल्ला र ३० प्रतिशत बढुवा व्यवस्था मात्र उल्लेख भएको विषय, ना.सु.बाट आन्तरिक प्रतियोगिता हटाइएको विषय, महिला विकासमा कार्यरत कर्मचारीहरुको सेवा अवधि १०० प्रतिशत जोडिनु पर्नेमा ६६ प्रतिशत मात्र उल्लेख भएको, राजपत्र अनंकित प्रथम श्रेणीबाट राजपत्रांकित तृतीय श्रेणीको आन्तरिक प्रतियोगिता हटाइएको जस्ता विषयबस्तुमा हाम्रो असहमती रहेको छ । आफू अनुकूलका ४० भन्दा बढी संशोधन

प्रस्तावहरु सदनमा पेश हुनु मुख्य अवरोधको रुपमा रहेको छ । निजामती सेवा नियमावलीमा उल्लेख भएको सरुवा तालीका माघ फागुन चैत्रलाई सरकारले संशोधन गरी साउन भदौं र असोज बनाएको छ । शैक्षिक क्यालेण्डरसंग आवद्ध गरिएको सरुवा तालीकालाई माघको सरुवा विवादित भएको बाहनामा आफू अनुकूल गरिएको परिवर्तनका विषयमा संगठनको धारणा स्पष्ट गरी अगाडि बढ्नु पर्ने देखिन्छ ।

**सरुवा सम्बन्धमाः** पूर्व अनुमानयोग्य बैज्ञानिक चक्रिय सरुवा प्रणालीको विकास गरिनु पर्छ भन्ने संगठनको मागलाई निष्कर्षमा पुऱ्याउनका लागि यस कार्य अवधिमा धेरै प्रयास र प्रयत्न भएको छ । अझैपनि सरुवा व्यवस्थित हुन सकेको छैन । त्यसैकारण सरुवाका विषयमा विभिन्न खाले गुनासाहरु आएका छन् । मापदण्ड र कार्यविधिका साथ सरुवा गरिनु पर्छ भन्ने विषय र आफु खुसी सरुवा गर्न पाउनु पर्छ भन्ने विषय बीचको अर्न्तद्वन्दले सरुवालाई विवादित बनाएको छ । कतिपय ट्रेड युनियनहरु संस्थागत रुपमा मापदण्डको पक्षमा रहे पनि तीनका पदाधिकारीहरु सरुवालाई व्यवस्थित बनाउँदा आफ्नो हैसियत गुम्ने त्रासबाट ग्रसित छन् । अस्तव्यस्ततामा नै अनुचित फाइदा लिने उच्च प्रशासक, राजनीतिक नेतृत्व र स्वयम् ट्रेड युनियनकर्मीहरुले सरुवा व्यवस्था र समस्त निजामती सेवालाई नै बदनाम बनाएका छन् । यसमा संगठनले अग्रणी र हस्तक्षेपकारी भूमिका खेल्न आवश्यक छ । जति सक्दो चाँडो सरुवा पूर्व अनुमानयोग्य बैज्ञानिक चक्रिय सरुवा प्रणालीमा ढाल्न सकिन्छ त्यति नै चाँडो यसबाट उब्जिएका विकृतिहरु हटेर जानेछन् । संगठनले व्यक्ति पिच्छे सरुवाका लागि सिफारिस गर्ने पद्धतीलाई रुपान्तरण गरी मापदण्ड, विधि, प्रकृयामा भएका त्रुटीको खवरदारी मात्र गर्ने परिपाटीको व्यवस्था नहुँदा संगठन आफ्नो परिभाषित उद्देश्यबाट विमुख हुने खतरा रहन्छ ।

**प्रशासन सुधार सम्बन्धमाः**

- आठौं राष्ट्रिय अधिवेशनले पारित गरेका प्रस्तावहरु लिखित रुपमा सम्माननीय प्रधानमन्त्री, सामान्य प्रशासन मन्त्री, मुख्य सचिव, सामान्य प्रशासन सचिव, पेशागत महासंघ नेपालमा बुझाइएको ।
- २०६७/३/४ गते निजामती सेवा ऐनको संशोधन प्रति संगठनको धारणा मस्यौदा सामान्य प्रशासन मन्त्रालयमा वुझाइएको ।
- हुलाक सेवामा कार्यरत हल्कारा हुलाकी लगायतका कर्मचारीहरुको समस्याको वारेमा सुचना तथा सँञ्चार मन्त्रीलाई ०६७ जेठ ६ गते ज्ञापन पत्र वुझाइएको ।
- निजामती सेवा ऐन / नियमावली विरुद्ध आफुखुसी समुह परिवर्तन गर्ने प्रकृयाको विरोधमा ०६७/२/१९ गते सम्माननीय प्रधानमन्त्रीलाई ज्ञापन पत्र वुझाईएको ।
- नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयवाट निजामती कर्मचारीका छोरा छोरीलाई लक्षित गरी ल्याइएको छात्रावृत्ति सुचनाको अवधि कम भएको हुदा कममात्र कर्मचारीले आवेदन गर्नुभएको हुदा म्याद थप गर्न अनुरोध गरिएको ।
- अर्न्तराष्ट्रिय नारी दिवशको अवसरमा (मार्च ८) “सार्वजनिक प्रशासनमा महिला सहभागीता“ विषयक निवन्ध प्रतियोगिता सम्पन्न ।
- निजामती कर्मचारीका राष्ट्रिय स्तरका ट्रेड यूनियनहरुले नेपाल सरकार समक्ष प्रस्तुत गरेका ८४ बुँदे मात्रको सम्बन्धमा सिफारिस गर्न गठित उच्चस्तरीय कार्यदलको बैठकबाट संगठनको अगुवाईमा विभिन्न मागहरुको सम्बोधन गर्ने गरी सुझाव नेपाल सरकारलाई प्रस्तुत गरिएको ।
- संगठनको तर्फबाट प्रत्येक वर्ष अर्थ मन्त्रीको उपस्थितिमा बिज्ञहरुलाई टिप्पणी समेत गर्न लगाई आधारभूत तहको तलबभत्ता सम्बन्धमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- निजामती सेवा ऐनको व्यवस्था अनुसार गठित वार्षिक तलव भत्ता पुनरावलोकन समितिमा संगठनको कार्यपत्रको निष्कर्षलाई समावेश गराइएको ।

- उच्चस्तरीय कार्यदलको बैठकमा राष्ट्रसेवकको तलव, भत्ता लगायतमा थप आर्थिक प्रोत्साहनको बारेमा विषय उठान गरी निष्कर्षहरुलाई नेपाल सरकार समक्ष बुझाइएको ।
- गा.वि.स. सचिवको जिम्मेवारी वहन गरी रहनु भएका कर्मचारीहरु माथी भइरहेको कुटपिट, चन्दा, आतंक,अपहरण फिरौती र हत्याको विरुद्धमा गम्भीर वन्दै सुरक्षाको प्रत्याभुति प्रदान गर्न नेपाल सरकारलाई आग्रह गरिएको ।
- सबै खाले घटनावाट कर्मचारी माथि भइरहेको दुव्यवहार, हत्या, हिंसा, अपहरण विरुद्ध प्रेश विज्ञप्ती प्रकाशन गरिएको
- विभिन्न निकायले गरेका गैरकानूनी निर्णय एवं सरुवामा भएका अन्यायपूर्ण निर्णय सच्याउन दबाब सृजना गरिएको छ ।
- ट्रेड युनियनका पदाधिकारीहरुको गैरकानुनी सरुवा विरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएकोमा हाम्रो पक्षमा आदेश भएको छ ।
- स्वास्थ्य सेवा ऐनका विषयमा स्वास्थ्य सेवाका विज्ञ तथा नेकपा एमालेका जिम्मेवार पदाधिकारीसमेतको उपस्थितिमा अन्तर्क्रिया सम्पन्न भएको छ ।
- स्थानीय विकास मन्त्रालयले मुलुकभरिका गाउँ विकास समितिका सचिवहरुको तलव, भत्ता गाविस कोषबाट लिनुपर्ने नीतिगत निर्णय गरी कार्यान्वयन गर्न लागेको विषयको विरुद्धमा आन्दोलित गाविस सचिवहरुको विषयवस्तु प्रति गम्भीर ध्यानाकर्षण हुँदै संगठनको नेतृत्व र पहलकदमीमा मिति २०६८ श्रावण ३१ गते समस्या समाधानको लागि स्थानीय विकास मन्त्रालयसँग महत्वपूर्ण सहमती गरिएको छ ।
- गैरकानुनी सरुवा विरुद्ध २०६८ चैत्र २० गते सामान्य प्रशासन मन्त्री मार्फत नेपाल सरकारलाई ज्ञापन पत्र प्रस्तुत गरिएको छ ।

**<u>कार्यालय व्यवस्थापन तथा संस्थागत सुशासन सम्बन्धमाः</u>**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यालय भवन निर्माण नभएसम्मका लागि विजुलीबजारस्थित भाडाको घरबाट केन्द्रीय कार्यालय संचालन गरिएको छ । केन्द्रीय सचिवालय आधुनिक सुविधा सम्पन्न हुन नसकेपनि टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट सुविधा सहितका कम्प्युटर लगायतका उपकरण, सबै केन्द्रीय पदाधिकारीहरुका लागि टेबुल कुर्सी र कार्यकक्षको व्यवस्था, आगन्तुकका लागि केही मेच कुर्सीजस्ता सामग्रीहरु उपलब्ध गराईएको छ । यस संगठनको माग बमोजिम नेपाल सरकारद्वारा उपलब्ध गराईएको पूर्णकालीन सुविधा अनुसार उपाध्यक्ष भोला पोखेल, महासचिव मोहनकुमार घिमिरे र सचिव राधिका ढकाल ट्रेड युनियन काजको हैसियतबाट संगठन कार्यालयमा रहने व्यवस्था गरिएको छ भने कार्यालय सहायक सुरेश पोखेललाई आवश्यकता अनुसार विहान देखि बेलुकीसम्म कार्यालयमा रहने व्यवस्था गरिएको छ । संगठनको वेव साइट www.negeo.org.np र नोटिस बोर्ड सर्भिस १६१८०१४७८५८७७ मार्फत सूचना प्रवाह गर्ने प्रयास गरिएको छ । केन्द्रीय पदाधिकारी र सदस्यहरु इमेल सर्भिसमार्फत समेत सम्पर्क रहने व्यवस्था मिलाईएको छ । अझै व्यवस्थित ढंगले आधुनिक संचार उपकरणको प्रयोग वृद्धि गरी संगठनका साधारण सदस्यसम्म दोहोरो संचार हुने गरी सूचना प्रणाली विकास गर्नु आवश्यक देखिन्छ ।

**<u>विविध :-</u>**

सम्पन्न गरेका कार्यहरुको विविध शीर्षक अन्तर्गत कार्य समिति, विभाग, समन्वय समितिहरु, संगठकहरुले सम्पन्न गरेका अनुकरणीय कार्यलाई उल्लेख गर्ने परिपाटीको थालनी गर्ने अनुमती चाहन्छु

।

**क) निजामती सगरमाथा आरोहण अभियान, २०११ :**

नेपाल निजामती कर्मचारी संगठन, पर्यटन तथा नागरिक उड्डयन विभागीय कार्य समितिको कार्य योजना र मागको फलस्वरुप नेपाल निजामती कर्मचारी सगरमाथा आरोहण अभियान, २०११ मार्फत नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय विभागका सुरथ पोखरेल, हरि प्रसाद गुरागाई, ज्ञानेन्द्र श्रेष्ठ, हरि ढकाल लगायत ९ जना निजामती कर्मचारीहरुले २०६८ जेष्ठ ४ गते विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी विश्वको ध्यानाकर्षण गराएका छन् भने उक्त अवसरमा नेपाल निजामती कर्मचारी संगठनको झण्डा सगरमाथामा फहराइएको छ । आरोहण दलले नेपालको राष्ट्रिय झण्डा, नेपाल निजामती कर्मचारी संगठन, पेशागत महासंघ, नेपाल, WFTU को झण्डा सगरमाथाको चुचुरोबाट फहराईको छ । नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिले आरोहण दलका सहभागी सदस्यहरुलाई सम्माननीय प्रधानमन्त्री झलनाथ खनालको प्रमुख आतिथ्यतामा विदाई तथा सम्मान र सफल आरोहण पछि २०६८ जेष्ठ ११ गते रथारोहण गरी काठमाडौं नगरपरिक्रमा गराई बधाई तथा सम्मान कार्यक्रम गरेको छ । साथै भ्रमण दलका नेता एवं गृह सचिव श्री लिलामणि पौडेल लगायत आरोहण दलका अन्य सहभागी सदस्यका साथै सहयोगी शेर्पाहरुलाई समेत बधाई तथा सम्मान गरेको छ । यस अवसरमा संगठनको झण्डा सगरमाथाको चुचुरोमा फर्फराउने आरोही संगठकहरु सुरथ पोखरेल, हरि प्रसाद गुरागाई र ज्ञानेन्द्र श्रेष्ठलाई हार्दिक वधाई तथा सम्मान व्यक्त गर्न चाहन्छु । साथै नेपाल निजामती कर्मचारी पर्वतारोही सगरमाथा आरोहण अभियान, २०११ का सफल अन्य आरोहीहरुमा श्री सुविर श्रेष्ठ, श्री खिमलाल गौतम, श्री पदम बहादुर भण्डारी, श्री सन्त बहादुर महर्जन र श्री तुल्सीराम भण्डारी रहेका छन् ।

**ख) प्रमोद तामाङ्ग स्मृति कोष स्थापना :**

कुशल संगठक स्वर्गीय प्रमोद तामाङ्ग स्मृतिमा २०६८ भाद्र १५ गते संगठन झापा जिल्ला कार्य समितिको सक्रियतामा प्रमोद तामाङ्ग स्मृति कोष स्थापना भएको छ । २०६७ सालको देउसी भैलो कार्यक्रमबाट संकलन गरेको रकम र अन्य दाताहरुसँग समेत अनुरोध गरी रु. १० लाखको अक्षयकोष स्थापना गरी ४ विधामा रचनात्मक एवं अतिरिक्त कार्य गर्ने घोषणाका साथ निम्नानुसारका पुरस्कारहरुको व्यवस्था गरेको छ ।

| | | |
|---|---|---|
| उत्कृष्ट राष्ट्रसेवक कोष | - | जिल्लाभरीका उत्कृष्ट कर्मचारी पुरस्कृत गर्न |
| उत्कृष्ट छात्रछात्रा कोष | - | उत्कृष्ट छात्रछात्रा पुरस्कृत गर्न |
| उत्कृष्ट पत्रकार कोष | - | उत्कृष्ट पत्रकार पुरस्कृत गर्न |
| कर्मचारी कल्याण कोष | - | असाध्य रोग लागेका कर्मचारीलाई सहयोग गर्न । |

ग) **शहीद मनोज-झपेन्द्र स्मृति स्वर्गद्वारी प्रवेश गेट :-**

नेपाल निजामती कर्मचारी संगठन प्यूठान जिल्ला कार्य समितिले “शहीद मनोज-झपेन्द्र स्मृति स्वर्गद्वारी प्रवेश गेट” निर्माण गरेको छ । धार्मिक पर्यटकीय स्थल स्वर्गद्वारी जाने मुख्य नाका भिङ्ग्री बजारमा मध्यपश्चिमाञ्चल क्षेत्रकै आकर्षणको रुपमा रहेको “शहीद मनोज झपेन्द्र स्मृति स्वर्गद्वारी गेट” रु. २० लाखको लागतमा निर्माण भएको छ । कलात्मक पेगोडा शैलीमा निर्माण भएको आकर्षक गेटलाई संगठनको धरोहरको रुपमा प्रचार प्रसार गर्न अनुरोध गर्दछु ।

**घ) शहीद मनोज झपेन्द्र स्मृति बाटिका र विश्रास्थल :-**

पाँचथर जिल्ला कार्य समितिले शहीद मनोज झपेन्द्र स्मृति बाटिका र विश्रास्थल निर्माण भएको छ ।

पाँचथर जिल्लाको सदरमुकाम फिदिममा निर्माण गएरको उक्त बाटिका र प्रतिक्षालयले त्यस क्षेत्रमा नेपाल निजामती कर्मचारी संगठन, पेशागत मुद्दा र आफ्नो सेवा सुविधाको माग मात्र नगरेर समाजमा सकारात्मक प्रभाव पार्ने गतिविधिमा समेत संलग्न छ भन्ने दरिलो प्रमाण छोडेको छ । यसको निर्माण लागत करिव रु.५ लाख रहेको छ ।

**ङ) पद दर्ता सम्बन्धमा :-**

रक्षा मन्त्रालय अन्तर्गत कार्यरत सिभिल माष्टरहरु निजामती कर्मचारीको रुपमा कार्यरत भएतापनि लामो समय देखि निजामती किताबखानामा पद दर्ता नभइरहेको अवस्थामा रक्षा विभागीय कार्य समितिको विशेष पहल र दवावमा पद दर्ता कार्य सम्पन्न भएको छ । संगठनको यस्तो जुझारु कार्यशैलीका कारण रक्षा मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको ९० प्रतिशतभन्दा बढी कर्मचारी नेपाल निजामती कर्मचारी संगठनमा आवद्ध रहनु भएको छ ।

**संगठनको आगामी कार्य योजनाहरु :**

केन्द्रीय परिषद् सदस्य तथा पर्यवेक्षकज्यूहरु,
अव म, संगठनले आगामी दिनमा कार्यान्वयनमा लैजानु पर्ने मूलभूत विषयवस्तु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१) **शान्ति र संविधान :-** नेपालको अन्तरिम संविधान, २०६३ को ११औं संशोधन, २०६८/८/१३ गते समेत गरी संविधानसभाको म्याद २०६९ जेष्ठ १४ गतेसम्म कायम भएको छ । उक्त अवधिमा जनअपेक्षा अनुकूल संगठनले उठान गरेका पेशाकर्मीहरुका एजेण्डा- क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेन्टी, सामाजिक सुरक्षा, श्रमको सम्मान र राजनीतिक अधिकार सहितको ट्रेड यूनियन अधिकार समावेश गरी नयाँ संविधान जारी गर्नका लागि ब्यापक जनदवाव सिर्जना गर्ने कार्यक्रम तय गर्नुपर्ने देखिएको छ । आगामी २०६९ बैशाख ७ गते संगठन स्थापना दिवसको सन्दर्भ पारेर सबै जिल्ला सदरमुकाम र राजधानीमा अन्य पेशाकर्मीहरुको समेत सहभागितामा संगठनले नेतृत्वदायी दबाब कार्यक्रम गर्ने योजना अगाडि बढाउनु जरुरी देखिएको छ ।

२) **संगठन केन्द्रीय भवन निर्माण :-** भवन निर्माणको लागि उठेको सहयोग रकमको एकिन हरहिसाव संकलन, जिल्ला एवं विभागीय कार्य समिति एवं पदाधिकारीहरुसँग भवन निर्माण सहयोगको रकम बक्यौता रहेको भए त्यसको विवरण संकलन, सवै केन्द्रीय पदाधिकारी एवं सदस्य तथा सल्लाहकारबाट एक महिना बरावरको रकम जम्मा गर्ने, प्रति सदस्य रु. ५००।- का दरले सवै कार्य समितिबाट केन्द्रमा पठाउने, रु. १०,०००।- सहयोग दाताको नाम शिलालेखमा उल्लेख गर्ने लगायतका कार्यसूचीहरु तयारी गरी तत्काल भवन निर्माण योजना सम्पन्न गरी भवन निर्माणको कार्य प्रारम्भ गर्नुपर्ने अवस्था छ ।

३) **संगठन संचालन तथा विस्तार :-**

(क) संगठन विस्तार अभियानलाई केन्द्रीय कार्य समितिले लक्ष्य सहितको संगठन विस्तार अभियानको योजनाका साथ प्रत्येक कार्य समितिलाई परिचालन गर्ने । २०६९ माघ मसान्तभित्र सवै जिल्ला/विभागीय कार्य समितिहरुको अधिवेशन सम्पन्न गर्न कार्ययोजना अगाडि ल्याउने ।

(ख) संगठन परिचय पत्र निर्माण कार्यलाई कार्यान्वयनमा लैजाने र संगठनका प्रत्येक सदस्यहरुको विवरण सफ्टवेयर प्रणाली मार्फत व्यवस्थित गर्दै जाने ।

(ग) परिभाषित जिम्मेवारी अनुसार केन्द्रीय विभागहरु तथा परामर्श समिति र सम्पर्क कमिटीहरुलाई स्पष्ट कार्य योजनाका साथ क्रियाशील र कामकाजी बनाउने ।

(घ) पहिलो चरणमा संगठनका केन्द्रीय पदाधिकारी तथा सदस्यहरु र जिल्ला/विभागीय पदाधिकारी तहसम्म संगठनको ब्याच (लोगो) लगाएर मात्र कार्यालयमा सेवा प्रवाह गर्ने र क्रमश: अन्य पदाधिकारी र सदस्यहरुमा यस कार्यलाई अभियानका रुपमा लैजाने ।

(ङ) प्रत्येक सदस्यहरुलाई संगठनका आधिकारिक दस्तावेजहरुको अध्ययन गर्ने बानीको विकास गराउने तथा केन्द्रीय कार्य समितिका निर्णयहरुलाई कार्य समिति मातहतका साधारण सदस्यसम्म पुऱ्याउने कार्यलाई अभियानको रुपमा लैजाने । यस कार्यका लागि संभव भएसम्म इमेल तथा संगठनको वेवसाइट लगायत प्रचलित सामाजिक इन्टरनेट संचालको उपयोग गर्ने ।

(च) पेशागत महासंघ नेपाल, निजामती क्षेत्रमा घटक संस्था निर्माण गर्ने अभियानमा छ । पेशागत समस्याको पहिचान सम्बन्धित पेशाकर्मीले उठाउन सक्ने अवस्था सृजना गर्न विषयगत संगठन निर्माण गरी संगठन महासंघीय ढाँचामा जाने विषयमा छलफल तथा बहसको थालनी गर्ने र सम्बन्धित सेवागत समन्वय कमिटीहरुलाई थप सकृय र क्रियाशील बनाउने ।

(छ) नवप्रवेशीहरुलाई संगठन प्रति आकर्षण गराउने विशेष कार्ययोजना निर्माण गरी राजपत्र अनंकित तहका कर्मचारीलाई शुरु पदस्थापना हुने हिमाली जिल्लाहरु र तराईका छानिएका जिल्लाहरुमा तथा राजपत्रांकित नवप्रवेशी हरुका लागि सेवा संचालन गर्ने केन्द्रीय निकायमा आकर्षण गर्ने खालको ठोस कार्यक्रम संचालन गर्ने ।

(ज) आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्पन्न नभएसम्मका लागि अन्तर ट्रेड युनियन सञ्जाल र संयन्त्र निर्माण गरी सरकारसँग हुने सौदाबाजीलाई प्रभावकारी बनाउन क्रियाशील रहने ।

**५) अन्तर्क्रिया/छलफल/भेला :-**

(क) राज्यको पुनर्संरचनाका सन्दर्भमा संघीयताको निजामती प्रशासन कस्तो हुने भन्ने विषयमा छलफल अन्तर्क्रिया र गोष्ठी संचालन गरी संगठनको ठोस दृष्टिकोण तयार गर्ने र नेपाल सरकारलाई सुझाव प्रस्तुत गर्ने ।

(ख) २०६९ भाद्र महिना भित्र समावेशी क्षेत्रका भेलाहरु सम्पन्न गर्ने ।

(ग) बाँकी रहेका क्षेत्रीय भेलालाई शीघ्र सम्पन्न गर्दै प्रशासनिक निर्णय, सांगठनिक गतिविधि र गुनासो सुनुवाई सम्बन्धी अञ्चल भेला सम्पन्न गर्ने ।

**६) प्रशिक्षण कार्यक्रम :**

(क) विकट हिमाली जिल्लाहरु र प्रशिक्षण सम्पन्न हुन वाँकी रहेका अन्य जिल्ला/विभागीय प्रशिक्षणहरु असार मसान्तभित्र सम्पन्न गर्ने ।

(ख) अगुवा महिला संगठकका लागि विशेष प्रशिक्षण (TOT) लाई २०६९ जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने ।

(ग) नेतृत्वमा रहेका अगुवा संगठकहरुका लागि उद्घोषण तथा समाचार लेखन तालीम संचालन गर्ने ।

**८) आधिकारिक ट्रेड यूनियन निर्वाचन :**

क) निर्वाचन निर्देशिकामा रहेका मत भिन्नताहरुलाई कम गर्दै निर्वाचन निर्देशिका जारी गर्न पर्याप्त दवाव दिने।

ख) आधिकारिक ट्रेड यूनियनको निर्वाचनलाई संगठन पक्षीय वनाउने सम्बन्धमा सवै कार्य समितिमा वहस र छलफलका साथै निर्वाचनको तयारी गर्ने ।

ग) आधिकारिक ट्रेड युनियनको निर्वाचनको माग गर्ने ।

**९) संस्थागत सुशासन :**

(क) सवै केन्द्रीय पदाधिकारी एवं सदस्यहरुले सामूहिक नेतृत्व, व्यक्तिगत जिम्मेवारी र दायित्व बोधका साथ आ-आफ्नो परिभाषित जिम्मेवारी पूरा गर्ने तर्फ प्रतिस्पर्धी बन्ने कार्य संस्कृति निर्माण गर्ने । नेतृत्व विकासको माध्यम समेत निरन्तर क्रियाशीलता र दायित्व बोधका साथ जिम्मेवारी पूरा गरे नगरेको विषयलाई बनाउने ।

(ख) दोहोरो सूचना प्रणाली कायम गर्न विषयलाई भाषण/लेखाईमा मात्र सीमित नरही व्यावहारिक रुपले दोहोरो सूचना प्रणाली कायम गर्ने । टेलिफोन, SMS हरुमा शिष्टतापूर्वक प्रस्तुत हुने र दोहोरो सूचना प्रवाह गर्ने संस्कृति विकास गर्ने ।

(ग) गुनासो सुनुवाईलाई थप प्रभावकारी बनाउने । जिल्ला/विभागीय कार्य समितिबाट प्राप्त गुनासाहरुलाई केन्द्रीय सचिवालयले समुच्चित सम्बोधन गरी सो को जानकारी पठाउने ।

(घ) अरुलाई गाली गलौज, आलोचना र टिप्पणी गरेर आफूलाई प्रतिभावान, क्षमतावान ठान्नुभन्दा आफै आलोचनामुक्त, क्षमतावान, प्रतिस्पर्धी, कामकाजी बन्ने कार्य संस्कृति आफैबाट शुरु गर्नुपर्ने । आलोचना प्रस्तुत गर्दा सत्य र तथ्यको आधारमा सम्बन्धित कार्य समिति मार्फत प्रत्यक्ष राख्ने कार्य संस्कृतिलाई स्थापित गर्ने ।

## ८) <u>वृत्ति विकास र सुविधा सम्बन्धमा :</u>

(क) २४घ१ वढुवा व्यवस्थापनको विषय समेटिएको निजामती सेवा ऐनको संशोधन प्रस्तावलाई तत्काल सदनबाट पारित गराउनका लागि आवश्यक दवाव सिर्जना गर्ने ।

(ख) स्वास्थ्य सेवा ऐनलाई संगठनले उठाएका विषयवस्तु समावेश हुने गरि आवश्यक सुधार सहित पारित गराउने तर्फ दवाव सिर्जना गर्ने ।

(ग) कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली सवै निकायमा कार्यान्वयनका लागि छलफल र दवाव गर्ने ।

(घ) स्वास्थ्य तथा औषधोपचार वीमालाई यसै वर्षबाट कार्यान्वयनमा ल्याउन दवाव सिर्जना गर्ने ।

(ङ) कर्मचारी संचय कोषबाट प्रदान गर्ने ऋण तथा सुविधा विस्तारका लागि आवश्यक पहलकदमी लिने ।

(छ) सामाजिक सुरक्षाको नाममा तलव, भत्तामा कटौती भैरहेको तलबको १ प्रतिशत रकमलाई केका लागि खर्चने हो ? छलफल गरी हाम्रो मागलाई अगाडि बढाउने ।

(ज) आधारभूत तहको तलव अझै जीविकोपार्जन योग्य बन्न नसकिरहेको सन्दर्भमा जिविकोपार्जन योग्य तलवभत्ता, १ दिनको तलव वरावरको ग्रेड, असमान तलव भत्ता समायोजन, राशन कार्ड व्यवस्था लगायतका विषयमा दवाव सिर्जना गर्ने ।

(झ) तथ्याङ्क सेवा ऐन, २०१५ लाई समय सापेक्ष संशोधन गर्न आवश्यक भएको हुँदा छलफलको क्रममा रहेको मस्यौंदा माथि गम्भीर ढंगले बहस संचालन गर्दै आर्थिक योजना समूहलाई समेत क्रियाशील बनाउने तर्फ ध्यान केन्द्रीत गर्ने ।

(ञ) वन सेवामा कार्यरत कर्मचारीहरुको दोहोरो जिम्मेवारी (सुरक्षा र सेवा) लाई विशिष्टिकरण गर्दै फिल्डमा कामकाज गर्नुपर्ने सहायक वन अधिकृतसम्मका कर्मचारीहरुलाई राशन व्यवस्थाको माग अगाडि बढाउने ।

(ट) विविध सेवाभित्र रहेका विभिन्न पदमा कार्यरत कर्मचारीहरुलाई कार्य विशिष्टता र वृत्ति विकास समेतलाई ध्यानमा राखी उपयुक्त सेवा, समूहमा समूहीकृत गर्दै निजामती सेवाबाट विविध सेवा हटाउने विषयमा दवाव सिर्जना गर्ने ।

(ठ) लेखापरीक्षण सेवा व्यवस्थित ढंगले संचालन गर्न हालसम्म पनि लेखापरीक्षण नियमावली नबनेको हुँदा उक्त नियमावली तत्काल कार्यान्वयन गर्नका लागि माग अगाडि बढाउने ।

(ड) शिक्षा सेवामा कार्यरत कर्मचारीहरुलाई सेवाकालीन तालीमको व्यवस्था गर्दै विद्यालय

क्षेत्र सुधार (SSR) योजना अन्तर्गत पाठ्यक्रम, विद्यालय संरचना, परीक्षा प्रणाली र शैक्षिक व्यवस्थापन कार्यान्वयन गर्न बाझिएका ऐन तथा नियमावली खारेज गरी नयाँ शिक्षा ऐन तथा नियमावली जारी गर्नका लागि तत्काल कार्यक्रम अगाडि सार्ने ।

(ढ) भ्रमण खर्च नियमावलीमा ७ दिनभन्दा बढीको सुविधा नपाइने प्रावधानका कारणले सेवा प्रवाहमा कठिनाई परिरहेको सन्दर्भमा उक्त प्रावधान हटाउने तर्फ आवश्यक पहल हुने ।

(ण) कर्मचारीहरुको कार्य विवरण (TOR) तयार गरी सोही बमोजिम जिम्मेवारी तोक्ने र कार्यसम्पादन मूल्याङ्कन गर्दा TOR बमोजिमको सूचकांकको आधारमा मूल्याङ्कन गर्ने बैज्ञानिक पद्दतिको व्यवस्था गर्नका लागि माग अगाडि बढाउने ।

(त) स्रोत केन्द्रहरुको नेतृत्व शिक्षा सेवाका निजामती कर्मचारीहरुलाई प्रदान गर्ने विषयको माग अगाडि बढाउने।

(थ) स्वास्थ्य सेवाका सवै समूह, उप समूहका कर्मचारीहरुलाई नेपाल सरकारको सचिव पदमा बढुवा हुने अवसर प्रदान गर्ने माग अगाडि बढाउने ।

(द) भूमिगत जलस्रोत विकास समितिका कर्मचारीहरुले गरेको आन्दोलन संगठनको सक्रियता पहलमा भएको सहमती तत्काल कार्यान्वयनका लागि व्यवस्थापनलाई दवाव सिर्जना गर्ने । साथै अन्य विकास समिति, परियोजनाहरुमा कार्यरत कर्मचारी समस्याहरुको प्रति गम्भीर ध्यानाकर्षण हुन तथा समस्या समाधानका लागि नेपाल सरकारलाई दवाव सिर्जना गर्ने ।

## ९) जनसरोकार तथा सुशासन सम्बन्धमा :

(क) क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेन्टी गर्ने विषय उपत्यकाका मालपोत, यातायात कार्यालयमा परीक्षणको रुपमा कार्यान्वयन गरिनेछ भन्ने चालु बजेट वक्तव्यमा उल्लेखित विषयको कार्यान्वयनको लागि दवाव सिर्जना गर्ने ।

(ख) भ्रष्टाचार नियन्त्रणका लागि स्थापित निकायहरुसँगको सहकार्यमा नियमनकारी, अनुगमनकारी र हस्तक्षेपकारी ढंगले शुन्य सहनशिलतामा आधारित भ्रष्टाचार नियन्त्रण अभियानको व्याख्या, विश्लेषण र कार्यक्रम ल्याउने ।

(ग) संवैधानिक निकायका प्रमुख लगायत सदस्य विहिन अवस्था रहँदा उद्देश्य अनुकूल कार्य हुन सकिरहेको छैन। तत्काल नियुक्तिका लागि नेपाल सरकारको ध्यानाकर्षण र दवाव सिर्जना गर्ने ।

(घ) महंगी, वातावरण विनास, बनजंगल फंडानी, विद्युत कटौती, विद्युत महशुल बृद्धि, कार्टेलिङ्ग, दण्डहीनता, पेट्रोलियम पदार्थमा भएको मूल्यबृद्धि लगायतका विषयहरुमा छलफल, गोष्ठि, अन्तर्क्रिया र दवावमूलक कार्यक्रम गर्ने ।

(ङ) स्वास्थ्य र शिक्षामा सवै नागरिकको पहुँच पुऱ्याउने कार्यक्रम ल्याउनका लागि आवश्यक दवाव सिर्जना गर्दै सरकारी स्वास्थ्य र शिक्षण संस्थाको गुणस्तर सुधारको लागि सरकारको ध्यानाकर्षण गर्ने ।

(च) विश्व पूँजिवादले निम्त्याएका अवगुण र बैज्ञानिक समाजवादका सवल पक्षहरुमा छलफल र बहस सिर्जना गर्ने ।

## १०) सहकारी सम्बन्धमा :

(क) धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, रामेछाप, सिन्धुपाल्चोक, मनाङ्ग, जाजरकोट, हुम्ला, मुगु, डोल्पा, डंडेल्धुरा, अछाम, बैतडी र दार्चुला गरी १७ वटा जिल्लामा सहकारी स्थापना गर्न वाँकी रहेको हुँदा ती जिल्लामा सहकारी स्थापना हुन सक्छन् या सक्दैनन् छलफल गरी स्पष्ट जिम्मेवारी र कार्ययोजना तय गर्ने ।

(ख) राष्ट्रसेवक सहकारी स्थापना भएका जिल्लाहरुमा संगठनका सवै सदस्यहरु र संगठन

जिल्ला/विभागीय कार्य समितिहरुलाई अनिवार्य रुपले राष्ट्रसेवक सहकारी संस्थाको सदस्य बन्नका लागि निर्देशन गर्ने ।

(ग) सबै राष्ट्रसेवक सहकारी संस्थाहरुलाई नियमित रुपले प्रतिवेदन, प्रगति विवरण र मासिक विवरण केन्द्रमा पठाउन निर्देशन गर्ने ।

(घ) राष्ट्रसेवक सहकारी संस्थाहरुको तेस्रो राष्ट्रिय भेला सम्पन्न गर्ने विषयमा छलफल र निर्णय लिने ।

**११) प्रचार प्रसार, अतिरिक्त क्रियाकलाप :**

(क) सवै जिल्ला एवं विभागीय कार्य समितिलाई प्रचार सामाग्री, गतिविधि, समावेश गरिएका पत्रिका प्रकाशन गर्न अभिप्रेरित गर्ने ।

(ख) भित्तेपात्रो (क्यालेण्डर), पकेट क्यालेण्डर र टेबुल क्यालेण्डर प्रकाशनलाई अझै बढी आकर्षक र व्यवसायिक बनाउँदै लैजाने।

(ग) संगठन ट्रेड यूनियनमा दर्ता दिवस (पौष १८), शहीद स्मृति दिवस (श्रावण १४, १५ र १६), संगठन स्थापना दिवस (वैशाख ७) लगायतका अवसर सवै जिल्ला/विभागीय कार्य समितिहरुलाई रचनात्मक तथा अतिरिक्त क्रियाकलाप संचालन गर्नका लागि केन्द्रीय कार्य पदाधिकारीहरु एवं सदस्यहरुलाई उत्प्रेरकको भूमिका निर्वाह गर्न जिम्मेवारी तोक्ने ।

(ङ) शाखा अधिकृत तयारी कक्षालाई थप प्रभावकारी बनाउँदै अञ्चलस्तरमा कम्तीमा एक ठाउँमा पर्ने गरी खरिदार, ना.सु. स्तरको तयारी कक्षा सञ्चालन गर्ने कार्यक्रम तय गर्ने ।

**आदरणीय मित्रहरु,**

हामी आठौं राष्ट्रिय अधिवेशनको समीक्षा र मूल्याङ्कनको घडीमा छौं । आगामी वर्ष सम्पन्न हुने नवौं राष्ट्रिय अधिवेशनलाई समेत मार्गनिर्देश गर्ने गरी कार्यनीति र नेतृत्वको समीक्षा गर्न आवश्यक छ । सवैले आत्मा मूल्याङ्कन गरौ, सामूहिकतामा के गर्‍यौं, अनि जिम्मेवारी के के पूरा भए, आफैले आफ्नो समीक्षा गरौं । आफुले गरेको आफ्नो वस्तुनिष्ठ मूल्याङ्कन नै वास्तविक मूल्याङ्कन हो । आफूभित्रका कमि कमजोरीहरुको समीक्षा गरी ती कमी कमजोरीहरुलाई हटाउन सकेको खण्डमा मात्र हामीले नेपाल निजामती कर्मचारी संगठनलाई यस क्षेत्रको अग्रणी संस्थाको स्थानमा पुर्‍याउन सक्दछौं । सामूहिकता र बैठकमा क्रान्तिकारी कुरा गर्ने, व्यवहार र चरित्रमा सो अनुकूल व्यवहार प्रदर्शन हुन नसक्दा संगठन सुदृढ हुनै सक्दैन । निरासा, कुण्ठा र प्रतिशोध सबै संगठन संस्कृति विरुद्धका कार्य हुन् । हाम्रा धेरै कार्यभारहरु छलफल र सौदावाजीको क्रममा रहेका छन् । राजनीतिक संक्रमणकालका कारणले ल्याएका जटिलतालाई समेत तालमेल गरी पेशागत हक, अधिकारका विषयवस्तु उठान गर्ने विषय आफैमा जटिल हुने भएको भएता पनि आदर्शता र मूल्य मान्यतामा आधारित जीवनशैली र सो अनुकूल व्यवहारलाई रुपान्तरण गर्दै सामूहिक निष्कर्ष र निर्णयहरु कार्यान्वयनका लागि आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारीपूर्ण रुपमा लाग्ने संकल्प गरौ ।

वर्तमान अवस्थामा हाम्रो संगठनको प्रभाव ३० वर्षमुनिका नव प्रवेशी कर्मचारी, कार्यालय सहयोगी, सवारी चालक लगायत प्राविधिक क्षेत्र र अधिकृत क्षेत्रमा बढ्न सकेको छैन । जुन जुन क्षेत्रमा जिम्मेवारी र संगठनको उपस्थिति कम भएको छ, त्यतातिर तत्काल गतिशील बन्न १३औं केन्द्रीय परिषद् बैठकले मार्ग निर्देश गर्नेछ भन्ने अपेक्षा राखेको छु । कामको मूल्याङ्कन र समीक्षा गर्दा बस्तुवादी भएर तथ्याङ्कको आधारमा विश्लेषण गर्नु पर्ने देखिएको छ ।

संगठनको यस १३औं केन्द्रीय परिषद् बैठकका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यहरु, सल्लाहकारज्यूहरु, केन्द्रीय परिषद् सदस्य तथा पर्यवेक्षक मित्रहरु, संगठनका अग्रजज्यूहरु एवं संगठनको यस महान कार्यमा आर्थिक, भौतिक, नैतिक सहयोग पुयाउनु हुने सबै संघसंस्था तथा महानुभावप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै, यस महत्वपूर्ण कार्यमा निरन्तर खटिनु भएका केन्द्रीय पदाधिकारी एवं सदस्य, मुल व्यवस्थापन समिति र सबै उप समितिका सदस्य मित्रहरु, स्वयंसेवक मित्रहरु, संगठकहरु, व्यवस्थापनमा सहयोग गर्नु हुने सम्पूर्ण मित्रहरु, अखण्ड चितवनका सबै नागरिक समुदाय, सुरक्षा निकाय, पत्रकार मित्रहरु र नारायणी कला मन्दिर परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**अन्त्यमा,**

संगठनको यस केन्द्रीय परिषद् बैठकले मुलूकको राजनीतिक अवस्था, प्रशासनिक अवस्था, कार्यक्रम तथा बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा, आठौं राष्ट्रिय अधिवेशन देखि यस अवधिसम्म सम्पन्न भएका गतिविधि लगायत कर्मचारीका सेवा सुरक्षा समेतलाई वृहत छलफल र बहस गरी व्यवहारिक एवं सिर्जनात्मक ढंगले कार्यान्वयन गराउनु हामी सबैको दायित्व र कर्तव्य हो । यस पछि प्रस्तुत हुने आर्थिक प्रतिवेदनलाई समेत यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा लिनु भई दुवै प्रतिवेदनलाई अझै परिष्कृत बनाउने तर्फ रचनात्मक सुझावको अपेक्षा गर्दछु । संगठनलाई अझै वढी क्रियाशील वनाई सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी समेतको संयोजन गरी अगाडि वढ्नु नै वर्तमान अवस्थाको आवश्यकता र चुनौती हो । यसर्थ यस कार्यमा हामी सवैले अझ् बढी सिद्धान्तनिष्ठ, गतिशील, प्रतिस्पर्धी र एकतावद्ध भएर अगाडि वढ्ने प्रण गरौ ।

हार्दिक अभिवादनसहित धन्यवाद ।

मितिः २४, २५ चैत्र २०६८ ।

नारायणी कला मन्दिर, भरतपुर, चितवन ।